



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक १६९ काठमाडौं | २१ साउन २०८३ बिहीबार श्रावण कृष्णपक्ष अष्टमी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 6, 2026 | पृष्ठ १० | १० रुपैयाँ

# सुधारको नारादेखि विवादको घेरासम्म

सरकार गठनलगत्तै शासकीय सुधारका एक सय कार्यसूची ल्याइँदा मुलुकमा सकारात्मक सन्देश प्रवाह भएको थियो तर करिब एक महिनामै बसोबास व्यवस्थापन योजनाबिना सुकुमवासी बस्ती हटाइएपछि सरकारको आलोचना हुन थाल्यो, त्यसयता पनि सरकारले एकपछि अर्को विवादास्पद र आलोचनात्मक कदम चालिरहेको छ



### सरकारका आलोचनात्मक र विवादास्पद काम

- ई-पासपोर्ट खरिद प्रक्रियामा संवैधानिक आयोगलाई चरम दबाब
- सुनसरीको तनाव समाधानमा बेलैमा तदारुकता नदेखाएको
- प्रधानमन्त्रीको सीमासम्बन्धी विवादित अभिव्यक्ति
- सुरुमा १०० र पछि ५०० रुपैयाँ भन्दा बढीको सामान आयातमा कडाइ
- प्रधानमन्त्री र मन्त्रीका सचिवालयको शासन व्यवस्थामा प्रत्यक्ष नियन्त्रण
- संसद् छलेर अध्यादेशमार्फत शासन
- जेन-जी अभियन्तामाथि धरपकड
- उद्योगी-व्यवसायीको गिरफ्तारी र खानतलासी
- शिक्षा र स्वास्थ्यमा समता कर, बिजुलीमा भ्याट
- संसद्प्रति प्रधानमन्त्रीको जवाफदेहितामा प्रश्न
- राष्ट्रपतिले नीति तथा कार्यक्रम पढिरहँदा संसद्बाट प्रधानमन्त्रीको बहिर्गमन
- कर्मचारीहरूसँग टकराव
- शासनशैलीमा सामाजिक सञ्जालको प्रयोग
- विद्यार्थी संगठन र स्ववियुमाथि प्रतिबन्ध

**सुदीप कैनी** (काठमाडौं)

सुधारको नाराका कारण अपार जनसमर्थन पाएर प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकार चार महिनामै अनेक विवादले घेरिएको छ। सुधारका केही कदम चालिए पनि यसबीचमा भएका करिब डेढ दर्जन निर्णयका कारण सरकार आलोचित भइरहेको छ। सरकारका कतिपय निर्णयले सर्वसाधारणको जीविकासमेत प्रभावित भएको छ।

सरकारले शासकीय सुधारका १०० कार्यसूची ल्याउँदा मुलुकमा सकारात्मक सन्देश प्रवाह भएको थियो। तर करिब एक महिनामै बसोबास व्यवस्थापन योजनाबिना सुकुमवासी बस्ती खाली गराएको घटनाबाट सरकारको आलोचना हुन थाल्यो। पछि राष्ट्रपति रामचन्द्र पौडेलले संसद्मा सरकारको नीति तथा कार्यक्रम पेस गरिरहँदा प्रधानमन्त्री शाह उठेर हिँडेको विषयले आलोचित भए।

सरकारले बजेटमार्फत निजी शिक्षा र स्वास्थ्य सेवामा ३ प्रतिशत समता कर लिने र बिजुलीमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने निर्णयले सर्वसाधारणलाई चिढ्यायो। आलोचनापछि शिक्षा र स्वास्थ्यको समता कर हटाइए पनि बिजुलीमा भ्याट कायमै छ। बजेटमा व्यवस्था गरिएको समता कर नलिने निर्णय मन्त्रिपरिषद्बाट गर्नुअघि नै प्रधानमन्त्री शाहले फेसबुकबाट सार्वजनिक गरेका थिए। जसका कारण प्रक्रिया र पद्धतिमा प्रश्न उठ्यो। यो कार्य प्रधानमन्त्रीको पदअनुकूल नभएको र जवाफदेहिताबाट पन्छिने शैली भएको भन्दै धेरै टिप्पणी गरे। प्रधानमन्त्रीले फेसबुकबाट जानकारी दिएको भोलिपल्ट मात्रै मन्त्रिपरिषद्ले शिक्षा र स्वास्थ्य समता कर स्थगनको निर्णय गरेको थियो।

त्रिविको राजनीतिकशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक अर्जुनध्वज अर्याल सरकारका कतिपय गतिविधि अमर्यादित, असंवैधानिक र गैरकानुनीसमेत देखिएको बताउँछन्। सरकार सबै पक्षलाई विश्वासमा लिई अघि बढ्नुपर्ने उनको सुझाव छ। सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेल भने सरकारले प्रशासनिक तथा सार्वजनिक सेवा प्रवाह सुधार, डिजिटल शासन, सुशासन, आर्थिक अनुशासन, आयोजना व्यवस्थापन, पूर्वाधार विकास तथा सामाजिक क्षेत्रलगायतमा प्राथमिकतासाथ काम भइरहेको दाबी गर्छन्। **बाँकी पृष्ठ ९**



सरकारका कतिपय गतिविधि अमर्यादित, असंवैधानिक, गैरकानुनीसमेत देखिन्छन्, सबै पक्षलाई विश्वासमा लिई विवेक पुर्‍याएर अघि बढ्नुपर्छ

**अर्जुनध्वज अर्याल**
उपप्राध्यापक, त्रिवि



सेवा प्रवाह सुधार, डिजिटल शासन, सुशासन, आर्थिक अनुशासन, आयोजना व्यवस्थापन, पूर्वाधार विकास तथा सामाजिक क्षेत्रमा प्राथमिकतासाथ काम भइरहेको छ

**सस्मित पोखरेल**
प्रवक्ता तथा शिक्षामन्त्री

# चिनियाँ दबाबपछि तिब्बती अध्ययनसम्बन्धी सम्मेलन रद्द

गृहमन्त्री सुधन गुरुङले सम्मेलन हुने अभिव्यक्ति दिएको केही दिनमै मुख्यसचिव गोविन्दबहादुर कार्कीले आयोजकमध्ये एक काठमाडौं विश्वविद्यालयका उच्च अधिकारीलाई रद्द गर्न निर्देशन दिएका हुन्

**अनिल गिरी** (काठमाडौं)

सरकारले ७-१३ भदौमा काठमाडौंमा हुन लागेको तिब्बती अध्ययनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा रोक लगाएको छ। चार वर्षअघि नै घोषणा गरिएको सम्मेलनमा ३९ देशका तिब्बत मामिला विज्ञ र प्राध्यापकहरू सहभागी हुने अपेक्षा गरिएको थियो।

सुरक्षा निकायबाट कुनै खतरा नरहेको 'ब्रिफिङ' तथा गृहमन्त्री सुधन गुरुङले कार्यक्रम नरोकिने भन्दै दिएको सार्वजनिक अभिव्यक्तिविपरीत सरकारले सम्मेलनमा रोक लगाउने निर्णय गरेको हो।

सरकारी अधिकारीहरूका अनुसार परराष्ट्र सचिव अमृतबहादुर राईसँगको परामर्शपछि मुख्यसचिव गोविन्दबहादुर कार्कीले काठमाडौं विश्वविद्यालयका उच्च अधिकारीहरूलाई व्यक्तिगत रूपमा फोन गरी कार्यक्रम रोक्न निर्देशन दिएका थिए।

एक मन्त्रीका अनुसार सरकारको निर्णयले परराष्ट्र नीतिमै महत्त्वपूर्ण प्रभाव पार्ने भए पनि यो विषय मन्त्रिपरिषद्मा समेत पेस गरिएन। 'हामीले आयोजकहरूलाई कार्यक्रम आयोजना नगर्नु नै राम्रो हुन्छ भनेर सल्लाह दिएका थियौं। किनकि यो संवेदनशील हुन सक्छ, धेरै विषय उठन सक्छन् र यसले सुरक्षा जोखिम पनि निम्त्याउन सक्छ। त्यसैले हामीले आयोजकहरूलाई कार्यक्रम रद्द गर्न उचित हुने सल्लाह दियौं,' यस विषयमा छलफल भएको पुष्टि गर्दै मुख्यसचिव कार्कीले कान्तिपुरसँग भने।

एक सुरक्षा निकायका प्रमुखका अनुसार सुरक्षा अधिकारीहरू भने विभिन्न कोणबाट कार्यक्रमको विश्लेषण गर्दै कार्यक्रमका लागि १८-१९ दिन मात्र बाँकी रहँदा रोक लगाउनेभन्दा पनि निगरानीलाई निरन्तरता दिने निष्कर्षमा पुगेका थिए। मुख्यसचिव कार्कीले निर्देशन दिनुभन्दा केही दिनअघि मात्रै गृहमन्त्री गुरुङले पनि कान्तिपुर संवाददाताहरूसँगको कुराकानीमा सहभागीले सुरक्षा जाँचको सामना गर्नुपर्ने भए पनि सम्मेलन स्थगित नहुने बताएका थिए।

जुन महिनामा नाम दर्ताको समय सकिएपछि चिनियाँ कूटनीतिज्ञहरूले निरन्तर दबाब दिएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो। २१ जुलाईमा चिनियाँ राजदूत चाङ माओमिङले सम्मेलनका विषयमा परराष्ट्र सचिव राईसँग छलफल गरेका थिए। बैठकबारे जानकार अधिकारीहरूका अनुसार राजदूत चाङले प्रत्यक्ष रूपमा सम्मेलन रद्द गर्न माग गरेका थिएनन् तर कार्यक्रममा केही व्यक्तिले चीनविरुद्ध र तिब्बतका पक्षमा बोल्न सक्ने भन्दै सहभागीबारे सचेत रहन आग्रह गरेका थिए।

यसैबीच २९ जुलाईमा चाइनिज पिपल्स पोलिटिकल कन्सल्टेटिभ कन्फरेन्स (सीपीपीसीसी) का राष्ट्रिय समिति सदस्य तथा चिनियाँ बौद्ध संघका पूर्वउपप्रमुख यिन शन काठमाडौं आएका थिए। एक वरिष्ठ सुरक्षा अधिकारीका अनुसार उनले नेपाल भ्रमणका क्रममा तिब्बती सम्मेलनबारे छलफल गरेका थिए। उनी लुम्बिनीसमेत पुगेका थिए।

शनको भ्रमण र चिनियाँ राजदूतको परराष्ट्र सचिव राईसँग भेटवार्तापछि भारतस्थित तिब्बती नीति संस्थानका आधा दर्जन तिब्बती विज्ञहरूले सम्मेलनमा सहभागी नहुने जानकारी गराएका थिए। 'बेइजिङले त्यसै पनि अहिलेको सरकार पश्चिमा मुलुकतर्फ ढल्केको शंका गरिरहेको छ। त्यसैले पनि सम्मेलन सरकारको तटस्थताको परीक्षण बनेको थियो। चिनियाँ चासोलाई सम्बोधन गर्न यो कार्यक्रम नै रद्द गर्ने निर्णय गरियो,' अर्का एक वरिष्ठ सरकारी अधिकारीले बताए।

आयोजकहरूले भने सम्मेलनलाई संवेदनशील भनेर चित्रण गरिनु गलत भएको बताए। 'सन् २०२२ मै नेपाल यो सम्मेलनको आयोजक छनोट भएको थियो। त्यसैले यो सम्मेलनको योजना भर्खरै मात्र बनाइएको भन्नु गलत हो,' एक आयोजकले भने, 'यसबारे चार वर्षअघि निर्णय भएको थियो र पेकिङ विश्वविद्यालयसहित धेरै चिनियाँ विश्वविद्यालयबाट ठूलो प्रतिनिधिमण्डल सहभागी हुने अपेक्षा गरिएको थियो।' **बाँकी पृष्ठ ९**

# आमाको दूध संकलन गर्न घर-घर पुग्नेछ 'मिल्क भ्यान'

नवजात शिशुका लागि दूधको माग अत्यधिक बढे पनि संकलन न्यून भएपछि काठमाडौं उपत्यकाका घर-घर पुगेर आमाको दूध संकलनको तयारी



**अर्जुन पौडेल** (काठमाडौं)

थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालको 'ह्युमन मिल्क बैंक' मा दूधको माग दिन प्रतिदिन बढ्दो छ। तर, अतिरिक्त दूध भएका आमाले अस्पतालसम्म पुगेर दान गर्न नसक्दा धेरै नवजात शिशुले आवश्यक दूध पाउन सकेका छैनन्। यी नवजात शिशुलाई आमाको दूध सुनिश्चित गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौं उपत्यकामा 'ह्युमन मिल्क भ्यान' सञ्चालनको तयारी गरेको छ।

अधिकारीहरूका अनुसार विशेष रूपमा बनाइएको मोबाइल भ्यानले इच्छुक आमाहरूको घरमै पुगेर दूध संकलन गर्नेछ। संकलित दूध 'कोल्ड-चेन' प्रणालीमार्फत सुरक्षित रूपमा प्रसूति अस्पतालमा सञ्चालित ह्युमन मिल्क बैंकमा ल्याइनेछ।

'संकलनको तुलनामा नवजात शिशुका लागि आमाको दूधको माग निकै बढी छ,' स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको पोषण शाखा प्रमुख लीलाविक्रम थापाले भने, 'दूध दान गर्न सुत्केरी आमाहरू टाढाटाढाबाट अस्पताल आउनु व्यावहारिक भएन। त्यसैले हामीले घरमै पुगेर दूध संकलन गर्ने ह्युमन मिल्क भ्यानको अवधारणा अघि सारेका हौं।' उनका अनुसार संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) ले दूध संकलनका लागि अत्याधुनिक सवारीसाधन उपलब्ध गराउँदै छ। करिब दुई महिनाभित्र उक्त सेवा सञ्चालनमा ल्याउने तयारी छ। युनिसेफकै आर्थिक तथा प्राविधिक सहयोगमा प्रसूति अस्पतालले २०७९ साउनदेखि 'ह्युमन मिल्क बैंक' सञ्चालन गर्दै आएको छ। **बाँकी पृष्ठ ९**






# सुरक्षा संकटमा आदेश कसको ?

# संविधानमा प्रदेशको, मैदानमा सीडीओको

संविधानले 'प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा' लाई प्रदेशको एकल अधिकारको सूचीमा राखेको छ, तर सुनसरीको कप्तानगन्जमा हालै देखिएजस्तो आकस्मिक सुरक्षा संकटमा नेतृत्व अझै संघीय सरकारका प्रतिनिधि प्रमुख जिल्ला अधिकारीले गर्छन् । संघीयता लागू भएको एक दशकपछि पनि सुरक्षा शासन पुरानै संरचनाबाट चलिरहेको छ, किन ?



सुनसरीको देवानगन्जमा आइतबार रातिको घटनापछि थप तनाव हुन नदिन सोमबार बिहान लगाइएको कर्फ्युका क्रममा परिचालित नेपाली सेना । तस्बिर : अर्जुन सुवेदी/कान्तिपुर

**तुफान न्यौपाने** र **पर्वत पोर्तेल** (विराटनगर)

सुनसरीको देवानगन्ज-३, कप्तानगन्जमा तनाव बढ्दै थियो । सार्वजनिक स्थानमा गाडिएका धार्मिक सम्प्रदायका अग्ला झन्डा र ठूलो आवाजमा बजाइएका धार्मिक गीतको निहुँमा हिन्दु र मुस्लिम युवाबीच भएको विवादले सुरक्षा अवस्था बिग्रँदै थियो ।

१० साउन रातिदेखि नै हतियारसहित प्रहरी, सशस्त्र प्रहरी र सेना खटाउने, कर्फ्यु र निषेधाज्ञा लगाउने तथा त्यसको समय र भौगोलिक सीमा बढाउने-घटाउने सबै काम इनरुवास्थित प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को कार्यालयले गरिरह्यो । दलका नेता, आन्दोलनकारी, संघीय सांसद र प्रभावित क्षेत्रका स्थानीय तहका जनप्रतिनिधि, सबैजना एकपछि अर्को गर्दै बैठकका लागि प्रजिअकै कार्यालय पुगे ।

कप्तानगन्जदेखि करिब १५ किलोमिटर मात्र दूरीमा रहेका विराटनगरस्थित कोशी प्रदेशको मुख्यमन्त्री र अन्य मन्त्रालयका कार्यालयमा भने सामान्य औपचारिक छलफल मात्रै भइरहे । बरु, सुनसरीको साम्प्रदायिक विवाद विराटनगरसम्म नआइपुगोस् भनेर अपनाउनुपर्ने आवश्यक सतर्कता तय गर्ने छलफल मोरङका प्रमुख जिल्ला अधिकारीको कार्यालयमा भयो । उनैले मोरङका केही भागमा कर्फ्यु लगाए । जिल्लाभित्र ठूलो आवाजमा धार्मिक संगीत र प्रवचन बजाउन प्रतिबन्ध लगाए ।

जिल्लाको सुरक्षाका लागि प्रजिअले नेतृत्व लिइरहेका दृष्टान्त सुनसरी र मोरङमा मात्र सीमित छैनन् । सिरहा, धनुषालगायत मधेशका जिल्लाका प्रजिअहरूले पनि यही प्रक्रिया अपनाए । त्यहाँ मात्र नभएर यो नै सबै जिल्लामा 'चलिआएको' प्रक्रिया हो । नेपालको संविधान, २०७२ ले 'प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा' लाई प्रदेशको एकल अधिकारको सूचीमा राखेको छ । तर जिल्लामा, यस पटक कप्तानगन्जमा जस्तै आकस्मिक सुरक्षा संकट आउँदा, त्यसको व्यवस्थापनको कमान्ड भने एक जना त्यस्तो पदाधिकारीले सम्हाल्छन्, जसलाई संविधानले चिनेकै छैन- प्रमुख जिल्ला अधिकारी ।

२०२८ सालको पञ्चायतकालीन 'स्थानीय प्रशासन ऐन' ले दिएको अधिकार प्रयोग गरी प्रजिअले जिल्लाको आन्तरिक सुरक्षाको नेतृत्व गर्छन् र सिधा रूपमा काठमाडौंस्थित संघीय गृह मन्त्रालयप्रति जवाफदेही हुन्छन्, किनकि उनको नियुक्ति पनि त्यहींबाट हुन्छ । प्रदेशका कुनै निकाय वा संरचनाप्रति उनको कुनै उत्तरदायित्व र सम्पर्क हुन्न । प्रदेशसँग संघको गृह मन्त्रालयजस्तै आन्तरिक मामिला मन्त्रालय छ । प्रदेशस्तरीय सुरक्षा समिति छ । 'प्रदेश प्रहरी' नामको कागजी संरचना पनि छ । तर तिनलाई परिचालन गर्ने अधिकार छैन ।

राजनीतिक दलका प्रादेशिक तहका नेताहरू र विश्लेषकहरू प्रजिअमार्फत भइरहेको संघ सरकारको हस्तक्षेपले संविधानले परिकल्पना गरेको प्रादेशिक सुरक्षा संरचनालाई अप्रभावकारी बनाएको र संकट व्यवस्थापनमा जटिलता थपेको बताउँछन् ।

'पहिले राणाहरूले पटुवारी, डिट्ठा नियुक्ति गरेजस्तै अहिले संघीय सरकारले सीडीओ पठाइराखेको छ,' कोशीका पूर्वआन्तरिक मामिलामन्त्री तथा पूर्वमुख्यमन्त्री केदार कार्कीले कान्तिपुरसँग भने, 'शान्तिसुरक्षा प्रदेश सरकारको सबैभन्दा माथिल्लो, एक नम्बरको अधिकार हो । तर व्यवहारमा प्रदेश सरकारभन्दा सीडीओ ठूलो भएको छ ।'

जिल्लामा प्रचलित कमान्डलाई प्रजिअहरूले मात्रै होइन, उनीहरूद्वारा परिचालित हुने प्रहरीले पनि यसै रूपमा बुझ्छन् । नाममा 'प्रदेश' जोडिएको कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एसएसपी योगेन्द्रसिंह थापा थप्छन्, 'जिल्लाको सुरक्षा प्रमुख जिल्ला अधिकारीअन्तर्गत रहेर व्यवस्थापन हुन्छ । स्थानीय प्रशासन ऐनले निषेधाज्ञा जारी गर्ने, कर्फ्यु लगाउने सम्पूर्ण जिम्मा उहाँलाई नै दिएको छ ।'

यदि सबै सुरक्षाको जिम्मा प्रजिअ र उनीमातहतको संघीय सुरक्षा समितिको हो भने प्रदेश सरकारले के काम गर्छ त ?



पहिले राणाहरूले पटुवारी, डिट्ठा नियुक्ति गरेजस्तै अहिले संघीय सरकारले सीडीओ पठाइराखेको छ, शान्तिसुरक्षा प्रदेश सरकारको सबैभन्दा माथिल्लो, एक नम्बरको अधिकार हो । तर व्यवहारमा प्रदेश सरकारभन्दा सीडीओ ठूलो भएको छ

● **केदार कार्की**
पूर्वमुख्यमन्त्री, कोशी प्रदेश

निर्णय र त्यसका कारण सिर्जित परिस्थितिको जवाफदेहिता जिल्ला प्रशासन कार्यालय र त्यहाँबाट सिधै सिंहदरबारस्थित गृह मन्त्रालयतर्फ सोझिन्छ, त्यसमा प्रदेश कतै जोडिँदैन । प्रदेश संरचना सुरक्षा मामिलामा आदेश दिने वा जवाफ माग्ने पक्ष होइन, बढीमा जानकारी पाउने पक्ष हो । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीका अनुसार विपत्, सडक सुरक्षा र समन्वयमा प्रदेश सरकारले काम गर्छ । 'अहिले हामीले व्यवस्थापन र समन्वयको पाटोमा बढी काम गर्छौं । जस्तो, कहीं राहत-उद्धार गर्नुपर्‍यो,' पराजुलीले भने, 'बाँकी काममा उहाँहरूलाई निर्देशन संघ सरकारबाटै हुन्छ । प्रदेश प्रहरीको समायोजन भएन । संघीयताको मूल मर्म र स्पिडमा शान्तिसुरक्षाको महत्त्वपूर्ण जिम्मेवारी प्रदेश सरकारलाई दिइएन ।'

पराजुलीले औंल्याएको 'संघीयताको मूल मर्म' को जरो नेपालमा संघीयता किन ल्याइयो भन्ने प्रश्नमा जोडिन्छ । तत्कालीन माओवादी पार्टीबाट संविधानसभा सदस्य तथा हाल राष्ट्रिय सभा सदस्य रेणु चन्द नेपालमा संघीयताको बहस प्रशासनिक विकेन्द्रीकरण वा विकासको मनोकांक्षाबाट नआएको बताउँछिन् ।

दशकौंसम्म काठमाडौं केन्द्रित राज्य संरचनाले निर्णय प्रक्रिया, विकास, स्रोत र राज्यशक्तिलाई केन्द्रमै सीमित राखेको भन्दै आलोचना हुँदै आएको थियो । माओवादी द्वन्द्व, २०६२/६३ को जनआन्दोलन, त्यसपछिको विस्तृत शान्ति सम्झौता र मधेश आन्दोलनले राज्य पुनःसंरचनाको राजनीतिक सहमति निर्माण गरेको थियो । संविधानसभामा भएका बहसहरूमा पनि राज्यशक्ति तल्लो तहसम्म पुर्‍याउने विषय प्रमुख एजेन्डामध्ये एक रहेको चन्द सम्झिन्छिन् ।

'संघीयता ल्याएकै पहिचान र प्रतिनिधित्वका लागि हो । त्यसमा प्रदेशहरू बलिया हुनुपर्ने हो,' उनी भन्छिन् ।



स्थानीय प्रशासन ऐनले प्रदेशलाई चिन्दैन । जिल्लाले हरेक दिन बेलुका गृह मन्त्रालयको कन्ट्रोललाई जाहेरी पठाउँदा प्रदेशमा पनि 'सीसी' गर्ने गरेको छ । त्यो पनि 'म्यान्डेटरी' होइन । 'लिगल अब्लिगेसन' प्रदेशप्रति कत्ति पनि छैन । कहिलेकाहीं बताइदिन बिर्सिहाल्छौं, किनकि सिस्टम छैन नि । लिंक नै छैन । त्यसैले त्यसबारे हाम्रो माइन्डमै छैन

● **युवराज कटेल**
प्रमुख जिल्ला अधिकारी, मोरङ

संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गर्‍यो । प्रत्येक तहका अधिकार अनुसूचीमार्फत बाँडिए । त्यसैअनुसार अनुसूची ६ मा 'प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा' प्रदेश सरकारको एकल अधिकारको सूचीमा राखियो । संविधानले नयाँ संरचना निर्माण गरे पनि प्रशासनिक संरचना तुरुन्तै परिवर्तन भएन । जिल्लामा शान्तिसुरक्षा व्यवस्थापन गर्ने प्रमुख कानुनी आधार आज पनि स्थानीय प्रशासन ऐन, २०२८ नै हो ।

यो ऐन संघीयता आउनुभन्दा झन्डै आधा शताब्दीअघि एकात्मक राज्यका लागि बनेको हो । प्रजातन्त्रसमेत नआएको समयमा काठमाडौंको प्रतिनिधिका रूपमा जिल्लामा शासन गर्न खटिएका प्रजिअलाई प्रमुख सुरक्षा अधिकारीका रूपमा स्थापित गर्ने उक्त कानुन आजपर्यन्त उस्तै छ । यो कानुनअन्तर्गत, जिल्ला सुरक्षा समितिको अध्यक्ष प्रजिअ हुन्छन् । निषेधाज्ञा जारी गर्ने, कर्फ्यु लगाउने, सुरक्षा निकायबीच समन्वय गर्ने र आवश्यक निर्णय गर्ने अधिकार पनि यही ऐनले दिएको छ । अर्थात् संविधानले नयाँ संरचनाको वाचा गरेको छ । तर दैनिक सुरक्षा प्रशासन भने पुरानै कानुनी संरचनाबाट चलिरहेको छ ।

सुनसरीका प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल भने सुरक्षा व्यवस्थापनको कमान्ड स्पष्ट रहेको बताउँछन् । उनका अनुसार जिल्लामा कुनै पनि सुरक्षा संकट आउँदा त्यसको नेतृत्व जिल्ला सुरक्षा समितिबाट हुन्छ । समितिको अध्यक्ष प्रमुख जिल्ला अधिकारी हुन्छन् । नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनाको स्थानीय कार्यालयका प्रमुखलगायतका सुरक्षा निकायले त्यही संरचनाअन्तर्गत काम गर्छन् ।



प्रदेश सरकारमा अधिकार हुन्थ्यो भने सुनसरीमा यस पटक भएजस्ता घटनामा तुरुन्तै एक्सन लिन सकिन्थ्यो । राष्ट्रिय दबाबपछि संघीय गृहमन्त्री ५ औं दिनमा बल्ल घटनास्थल आए । प्रदेशलाई त्यत्रो समय लाग्दैनथ्यो

● **अर्जुन विश्वकर्मा**
स्थानीय शासनविज्ञ

'जिल्लाभित्रको शान्तिसुरक्षाको सबै काम सीडीओको नेतृत्वमा यही समितिले गर्छ,' प्रजिअ अर्यालले भने, 'कानुनअनुसार अनिवार्य नभए पनि हामीले प्रदेशको आन्तरिक मामिला मन्त्रालयलाई जानकारी गराइराखेका भने हुन्छौं ।'

यही संरचनाभित्र परिस्थिति मूल्यांकन गर्ने, निषेधाज्ञा वा कर्फ्यु आवश्यक भए निर्णय गर्ने, थप बल माग्ने र गृह मन्त्रालयसँग समन्वय गर्ने अधिकार निहित हुन्छ । मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेल संकटको समयमा 'सबै काम सीडीओले गर्न सक्ने' बताउँछन् । 'कर्फ्यु लगाउनुपर्दा गृह मन्त्रालयमा सोध्ने गरे पनि कानुनतः जरुरी छैन,' उनी भन्छन्, 'शान्तिसुरक्षा प्रयोजनका लागि सीडीओले शतप्रतिशत अधिकार प्रयोग गर्न पाउँछ । कसैलाई सोध्नै पर्दैन ।'

प्रमुख जिल्ला अधिकारीहरूको जे तर्क भए पनि, यसैका कारण एउटै विषयमा दुईवटा समानान्तर संरचना देखिन्छन्- एउटा संवैधानिक, अर्को प्रशासनिक ।

विश्लेषकहरूका अनुसार, मूल समस्या संविधानले दिएको अधिकार प्रयोगयोग्य बनाउन आवश्यक पर्ने कानुनहरू संघीय सरकारले नबनाएकाले आएको हो । संविधानले संघीयता कार्यान्वयनका लागि चाहिने धेरै कानुन संघीय संसद्ले पछि बनाउने व्यवस्था गरेको थियो, जुन १० वर्षसम्म पनि पूरा भएको छैन ।

विराटनगरको आदर्श माविका प्रधानाध्यापक सन्तोष पोखरेल भन्छन्, 'संविधानले अधिकारको सुनिश्चितता गर्‍यो, तर भनेबमोजिम कानुन बनेनन् । संघले कानुन नबनाइदिँदा प्रदेशले आफैं बनाएर कार्यान्वयन गर्न सकेन ।'

कमान्ड र नियन्त्रणको विषयमा सुरक्षा अधिकारीहरूले पनि प्रदेश र जिल्लाकै बीचमा आपसी समन्वयका लागि बेला-बेलामा सुझाव दिने गरेका छन् । आइतबारको सुनसरी घटनापछि भोलिपल्ट काठमाडौंमा बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा सुरक्षा प्रमुखहरूले गृहमन्त्रीलाई तल्लो निकायहरूलाई रणनीतिक निर्देशन दिनेभन्दा समन्वयमा केन्द्रित हुन आग्रह गरेका थिए । तर, काठमाडौंको गृह मन्त्रालयका लागि तल्लो निकाय भनेको सिधै जिल्ला प्रशासन कार्यालय हो, जसमा प्रदेश सरकार भूमिकाविहीन झैं छ ।

विराटनगरका स्थानीय शासनविज्ञ अर्जुन विश्वकर्मा भन्छन्, 'प्रदेश सरकारमा अधिकार हुन्थ्यो भने सुनसरीमा यस पटक भएजस्ता घटनामा तुरुन्तै एक्सन लिन सकिन्थ्यो । राष्ट्रिय दबाबपछि संघीय गृहमन्त्री ५ औं दिनमा बल्ल घटनास्थल आए । प्रदेशलाई त्यत्रो समय लाग्दैनथ्यो ।'

उनका भनाइमा, यस्ता घटनामा प्रदेशलाई जवाफदेही बनाउने बाटो पनि उसलाई संविधानले दिएको अधिकार प्रयोग गर्न दिएपछि मात्रै खुल्छ । 'कप्तानगन्जमा जे भयो, त्यसमा तिम्रो जिम्मेवारी किन नहुने भनेर प्रदेश सरकार, मन्त्रीहरू र अन्य पदाधिकारीलाई सोध्न सकिन्थ्यो । अहिले त त्यो बाटो पनि छैन,' उनले भने ।

कोशी प्रदेशले आफ्नै प्रदेश प्रहरी ऐन बनाएको छ, तर संघीय समायोजनबिना त्यो ऐन कागजमै सीमित छ । 'जबसम्म प्रदेश प्रहरी समायोजन हुँदैन, हामीले बनाएको ऐन कार्यान्वयन हुँदैन,' प्रदेशका आन्तरिक मामिलामन्त्री पराजुली भन्छन्, 'अहिले त प्रहरी नियुक्ति पनि हामी गर्न सक्दैनौं । नगरपालिका आफ्नो नगर प्रहरी नियुक्त गर्न सक्छन्, प्रदेशले आफ्नो प्रहरी परिचालन गर्न सक्दैन ।'

अधिकारबिनाको प्रदेशले अहिले शान्तिसुरक्षाका मामिलामा गर्ने एउटै काम छ, त्यो हो समन्वय । यस्तो विरोधाभासले कस्तो नतिजा निम्त्याउँछ त ? पराजुली भन्छन्, 'जुन निकायले निर्देशन गर्छ, परिचालन गर्छ, सुरक्षा निकाय त्यसैप्रति बढी उत्तरदायी हुन्छ । माथिको जे नीति-निर्देशन हुन्छ, त्यहीअनुसार चल्छ । हामी त व्यक्तिगत सम्बन्धको भरमा जति काम गर्न सक्छौं, त्यसैबाट रिजल्ट आउने अवस्था छ ।' व्यक्तिगत सम्बन्धको यस्तो सीमालाई मोरङका सीडीओ कटेलले यसरी प्रस्ट्याउँछन्, 'स्थानीय प्रशासन ऐनले प्रदेशलाई चिन्दैन ।'

गृह मन्त्रालयको आदेशले प्रदेशमा पनि सुरक्षा समितिहरू बनेका छन् । त्यस्ता समितिमा प्रदेश राजधानी रहेको जिल्लाका सीडीओ सदस्य रहन्छन् । जसका कारण कटेल कोशी प्रदेश सुरक्षा समितिमा सदस्य त छन्, तर व्यवहारमा त्यसको कुनै अर्थ छैन भन्ने उनलाई थाहा छ । 'हाम्रो ऐनले त्यो समितिलाई चिन्दैन, उहाँको आदेश मान्नैपर्ने होइन,' उनी भन्छन् ।

उनले प्रदेशलाई समय-समयमा दिने जानकारी कानुनी बाध्यता नभई सद्भाव भएको बताए । 'जिल्लाले हरेक दिन बेलुका गृह मन्त्रालयको कन्ट्रोललाई जाहेरी पठाउँदा प्रदेशमा पनि सीसी गर्ने गरेको छ । त्यो पनि म्यान्डेटरी होइन । लिगल अब्लिगेसन प्रदेशप्रति कति पनि छैन । कहिलेकाहीं बताइदिन बिर्सिहाल्छौं, किनकि सिस्टम छैन नि । लिंक नै छैन । त्यसैले त्यसबारे हाम्रो माइन्डमै छैन के,' कटेलले भने ।

प्रहरी परिचालनको अर्को व्यावहारिक पक्ष कर्मचारी समायोजनमा पुगेर ठोकिन्छ । जिल्लाका प्रहरी प्रमुखको कार्यसम्पादन मूल्यांकनको नम्बरमा प्रजिअले दिने हिस्सा उल्लेख्य हुन्छ । प्रदेश प्रहरीको त्यस्तो मूल्यांकन प्रदेशका प्रमुख सचिवले गर्छन् । ती प्रमुख सचिव पनि प्रदेशका नभएर संघीय निजामती सेवाका कर्मचारी हुन्छन् । जसको सरुवाबढुवा संघ सरकारले गर्छ र उनको दायित्व संघप्रति नै हुन्छ । जसले गर्दा प्रदेश प्रहरीको जवाफदेहिता पनि घुमाउरो बाटोबाट संघप्रति नै हुने गरेको छ ।

'संघीय सरकारको सहसचिव यहाँको हाम्रो प्रमुख सचिवभन्दा तगडा हुन्छ,' कार्की भन्छन्, 'उसले एउटा चिठी वा फोनले प्रदेशको काम रोकिदिन सक्छ, प्रमुख सचिवलाई सरुवा गरिदिन सक्छ । त्यसैले यहाँ आउने कर्मचारी जहिल्यै संघप्रति बफादार हुन्छन् ।'

पूर्वमुख्यमन्त्री कार्की प्रदेशको अधिकारलाई काठमाडौंले 'जनताको आवश्यकता' नभएर कर्मचारी र नेताको 'सुविधाको विषय' ठानेको आरोप लगाउँछन् । 'गृहमन्त्री हुनेबित्तिकै म राजा भइसकें, अरू रैती हुन् भन्ने भइहाल्छ । सलाम खाने, ठाँट पल्टिएर साइरन बजाएर हिँड्ने । उनीहरूले जनताको अधिकार मुठीमा कसेर राखेका छन्, छाड्नै चाहँदैनन्,' उनी भन्छन् ।

कप्तानगन्ज घटनापछि सुरक्षा व्यवस्था कसको आदेशमा कसरी परिचालित भयो भन्ने प्रश्न उक्त जिल्लाको तत्कालीन आवश्यकतासँग मात्र जोडिँदैन । हरेक जिल्लामा जब सुरक्षा संकट आउँछ, त्यहाँ प्रजिअले कमान्ड लिन्छन् । उनैले प्रहरी र सशस्त्र प्रहरी परिचालित गर्छन् । आवश्यक परे समितिले निर्णय गरेर सेना पनि खटाउँछ । प्रदेश सरकारले आवश्यक समन्वय गर्छ । गृह मन्त्रालयले निर्देशन दिन्छ । यही प्रक्रियाबाट सुरक्षा व्यवस्था चलिरहन्छ । तर प्रश्न, के यो संविधानले परिकल्पना गरेको व्यवस्था हो ?

कोशी प्रदेश सरकार भन्छ- होइन । त्यो अधिकार त संविधानले हामीलाई दिएको छ । जिल्ला प्रशासन कार्यालय भन्छ- हामी कानुनअनुसार काम गरिरहेका छौं । प्रहरी भन्छ- जुन कानुनी संरचना छ, हामी त्यसैअनुसार परिचालित छौं । राजनीतिक नेता र विश्लेषक भन्छन्- समस्या संविधानमा होइन, त्यसको कार्यान्वयनमा छ ।




जिल्ला प्रशासन कार्यालय मोरङले आयोजना गरेको सर्वदलीय, सर्वपक्षीय छलफल ।



छानबिन समिति मृतक ओमप्रकाश मेहताका परिवारसँग कुरा गर्दै । तस्बिर : कान्तिपुर

# अन्तर्राष्ट्रिय संस्थाको विज्ञप्तिमा स्पष्टीकरण माग्न संसदीय समितिको निर्देशन

**प्रधानन्यायाधीश नियुक्ति, सर्वोच्च अदालतका न्यायाधीश र संवैधानिक परिषद्सम्बन्धी अध्यादेशबारे तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाले जारी गरेको विज्ञप्तिलाई लिएर कानुन, न्याय तथा मानवअधिकार समितिले स्पष्टीकरण माग गर्न सरकारलाई निर्देशन दिएकामा मानवअधिकारकर्मीले उठाए प्रश्न**

**दुर्गा दुलाल** (काठमाडौं)

प्रधानन्यायाधीश नियुक्ति, सर्वोच्च अदालतका न्यायाधीश र संवैधानिक परिषद्सम्बन्धी अध्यादेशबारे विज्ञप्ति जारी गरेका तीन अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थासँग स्पष्टीकरण माग गर्न संघीय संसद्को कानुन, न्याय तथा मानवअधिकार समितिले सरकारलाई निर्देशन दिएको छ। विज्ञप्तिलाई खण्डन गर्दै सरकारले आपत्ति जनाइसकेको अवस्थामा संसदीय समितिले छलफल गरेर निर्देशन दिएको भन्दै मानवअधिकारकर्मीहरूले भने प्रश्न उठाएका छन्।

एम्नेस्टी इन्टरनेसनल, इन्टरनेसनल कमिसन अफ जुरिस्ट्स (आईसीजे) र ह्युमन राइट्स वाचले गत ८ साउनमा विज्ञप्ति जारी गर्दै सर्वोच्चका तीन न्यायाधीशलाई राजीनामा दिन दबाब दिइएको र नदिए महाभियोग लगाउने भनी धम्क्याइएको जनाएका थिए। विज्ञप्तिमा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र प्रधानन्यायाधीशमा मनोजकुमार शर्मालाई गरिएको सिफारिसबारे पनि टिप्पणी गरिएको थियो। यही विषयलाई लिएर संसदीय समितिमा बुधबार छलफल गरिएको छ।

रास्वपाकी सांसद समीक्षा बाँस्कोटा सभापति रहेको समितिले अर्कै समितिका सदस्य यज्ञमणि न्यौपानेको निवेदनका आधारमा ती संस्थाको विज्ञप्तिमाथि छलफल गराएको थियो। छलफलपछि समितिले 'एम्नेस्टी इन्टरनेसनल, आईसीजे र ह्युमन राइट्स वाच नामक संस्थाहरूले नेपालको स्वतन्त्र न्यायपालिका तथा सार्वभौम संसद्को विधि निर्माणसम्बन्धी विधायिकी अधिकारसमेतका सम्बन्धमा जारी गरेको संयुक्त विज्ञप्तिका विषयमा ती संस्थासँग आधिकारिक प्रमाणसमेत पेस गर्ने गरी स्पष्टीकरण माग गर्न र सोको लिखित जानकारी समितिलाई गराउन' सरकारलाई दिएको छ। समितिले गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले समाज कल्याण परिषद्सँग गरेको परियोजना सम्झौताबमोजिम स्वीकृत उद्देश्य र तोकिएका कार्य गरे-नगरेको विषयमा सूक्ष्म, प्रभावकारी र नियमित अनुगमन/मूल्यांकन गर्ने आवश्यक व्यवस्था मिलाउन' समेत सरकारलाई भनेको छ।

समितिको निर्देशनपछि मानवअधिकारकर्मीले यस्तै अन्य संस्थाले विज्ञप्ति जारी गरेको अवस्थामा संसदीय समितिले छलफल गर्ने कि नगर्ने र समितिको निर्देशन पालना नभए के हुने भन्ने सवाल उठेको बताएका छन्। संसदीय समितिले सरकारलाई सहयोग गर्ने कि सरकारलाई जवाफदेही बनाउनेतिर केन्द्रित हुने भन्ने प्रश्न पनि सँगै उब्जिएको उनीहरूको भनाइ छ। संसदीय समितिको जिम्मेवारी अन्तर्राष्ट्रिय वा राष्ट्रिय संघ/संस्थाले निकाल्ने विज्ञप्तिभन्दा जनताका मुद्दा र सरकारलाई जवाफदेही बनाउन केन्द्रित हुनुपर्ने उनीहरू बताउँछन्।

समितिमा विज्ञका रूपमा बोलाइएका वरिष्ठ अधिवक्ता विपिन अधिकारीले यस्ता संस्थाले मानवअधिकारका विषयमा बोल्न सक्ने र उनीहरूको भनाइकै आधारमा हस्तक्षेप भएको रूपमा लिन नहुने बताएका थिए। 'अन्तर्राष्ट्रिय जगत्मा नेपालको मानवअधिकार छवि अहिलेसम्म राम्रो छ। यो एकाएक बनेको पनि होइन,' उनको भनाइ थियो, 'यसका पछाडि मुलुकको लामो समयदेखिको लगानी र लगाव छ। यी संस्थाहरूले नेपालको द्वन्द्वकाल र कठिन अवस्थामा मानवअधिकारका क्षेत्रमा असल काम पनि गरेका छन्।'

वरिष्ठ अधिवक्ता अधिकारीले प्रेस विज्ञप्ति नेपालमा मानवअधिकारको स्थितिसम्बन्धी प्रतिवेदन नभई स्वतन्त्र न्यायपालिकाप्रति ती संस्थाहरूको मूल्यांकन मात्र भएको बताए। प्रधानन्यायाधीशको नियुक्ति सर्वोच्च अदालतको वरिष्ठताक्रमअनुसार गर्नुपर्नेमा सरकारले बाटो बिराएको भन्नु र अध्यादेशको विषय उठाउनुलाई अस्वाभाविक भन्न नमिल्ने उनको धारणा थियो। 'हामी यी आरोपमा अनुसन्धान गर्छौं, तपाईंसँग भएका प्रमाण उपलब्ध गराइदिनुहोस् भनेर माग्न सकिन्छ,' अधिकारीले भने, 'मानवअधिकार आन्दोलनमा स्रोतको बचाउ गर्ने अधिकार हुन्छ। यी संस्थाले कि त विश्वासयोग्य सूचना दिन सक्थे, कि त आफ्नो रिपोर्ट गलत रहेछ भन्न पनि सक्थे।'

आईसीजे, एम्नेस्टी र ह्युमन राइट्स वाचले 'भेरिफाई' नगरी विज्ञप्ति निकालेको जस्तो आफूलाई नलागेको पनि अधिकारीले बताए। सरकारले चासोका लागि धन्यवाद दिँदै 'यस्तो होइन' भन्न सक्नुपर्ने अधिकारीको भनाइ छ। समितिको बैठकमा सांसद गीता गुरुङले संविधानको धारा ९७ र संसद्को नियमावलीबमोजिम समितिले नेपाल सरकारको कामकारबाहीको मूल्यांकन गर्ने अधिकार राख्ने तर अन्तर्राष्ट्रिय संस्थाले जारी गरेको विज्ञप्तिमा छलफल गर्नु अपरिपक्व भएको टिप्पणी गरिन्।

सांसद निनु कर्णले पनि समितिको छलफलमा असहमति राखिन्। 'एम्नेस्टीसहितका संस्थाले खोजेको प्रश्नको उत्तर समितिसँग हो कि सरकारसँग हो ?,' उनले भनिन्, 'त्यसो भए हामी सबै अन्तर्राष्ट्रिय संस्थासँगको सम्बन्ध तोड्नुहोस्। बहुमत छ भन्दैमा कुनै पनि अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध नराख्ने हो र ?' समितिकी अर्की सांसद सरस्वती लामाले पनि सरकारको गलत कार्यको समर्थन नगर्ने बताइन्। 'नेपालको आन्तरिक विषयमा कुनै टिप्पणी गर्नु राम्रो मान्न सकिँदैन,' उनले भनिन्, 'तर सरकार र संसदीय समितिको गलत कार्यको समर्थन हुन्छ भन्ने पनि होइन।'

समितिमा विज्ञका रूपमा आमन्त्रित संविधानसभा सदस्य तथा कानुनविद् खिमलाल देवकोटाले एउटा मात्र नभई विभिन्न स्रोतबाट सूचना लिने यस्ता संस्था निष्पक्ष र विश्वासयोग्य हुनुपर्ने बताए। यस्ता विज्ञप्तिमा सबै पक्षको प्रतिक्रिया समावेश हुनुपर्नेमा सरकारको भनाइ नआएकाले के प्रमाणका आधारमा यस्तो आरोप लगाइएको हो भनेर सरकारले सोध्न सक्ने उनको भनाइ थियो। उनले यसका लागि कूटनीतिक रूपमा अघि बढ्न सकिने राय दिए।

समितिमा बोल्ने रास्वपाका सांसदहरूले भने छलफलको विषयलाई समर्थन गरेका थिए। निवेदनकर्ता यज्ञमणि न्यौपानेका साथै शाजिदा खातुन सिद्दिकी, मनमाया विश्वकर्मा, प्रकाशचन्द्र परियार, सुलभ खरेल, खिमा विक, रुबिना आचार्य र मोहनलाल आचार्य छलफलको पक्षमा देखिएका हुन्।

कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले संयुक्त विज्ञप्ति आपत्तिजनक भएको जनाउँदै सरकारलाई उनीहरूले प्रमाण उपलब्ध गराउनुपर्ने बताइन्। सरकारले कुनै पनि न्यायाधीशलाई राजीनामाका लागि दबाब नदिएको र महाभियोगको छलफलसमेत नभएको उनको भनाइ थियो। 'बाह्य संस्थाले राजनीतिक अवलोकन गरेर टिप्पणी गर्न मिल्दैन,' गौतमले भनिन्, 'सार्वभौमिकता र जनताको हितका विषयमा बाह्य संस्थाले टीकाटिप्पणी गर्ने ठाउँ हुँदैन। त्यसैले संयुक्त विज्ञप्तिप्रति सरकारको आपत्ति छ।'

विगतमा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश ल्याउँदा ती संस्थाले नबोलेको तर अहिले रास्वपा सरकारले ल्याउँदा मात्रै टिप्पणी गरिएको उनको भनाइ थियो। 'सरकारले न्यायपालिकालाई दबाब दियो भन्ने कुरा कपोलकल्पित हो,' गौतमले भनिन्, 'कसैले गरेको छ र पुष्टि हुने तथ्य-प्रमाण ल्याउँछ भने कारबाही गर्न तयार छु।'

वरिष्ठ अधिवक्ता राजु चापागाईंले न्यायिक स्वतन्त्रताका विषयमा तीन संस्थाले जारी गरेको संयुक्त वक्तव्यलाई लिएर कार्यकारी सरकारभन्दा पनि अघि बढेर संसदीय समितिले स्पष्टीकरण माग्न सरकारलाई निर्देशन दिएको विषय चिन्ताजनक भएको प्रतिक्रिया दिए। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालयमा कानुनी सल्लाहकारसमेत रहेका उनले यस्तो निर्देशनबाट राम्रो सन्देश नजाने बताए।

'मानवअधिकारप्रति सरकारलाई जवाफदेही बनाउने जिम्मेवारी भएको समितिले नै सरकारलाई लन्डन, जेनेभा र न्युयोर्कबाट जारी भएका तथा विश्वव्यापी रूपमा दशकौंदेखि मानवअधिकारको निगरानी गर्दै आएका संस्थाप्रति दण्डात्मक व्यवहार गर्न उक्साउने गरी निर्देशन दिनु राम्रो होइन,' उनले भने, 'मानवअधिकार, सामाजिक न्याय र सुशासनका लागि भएको जेन-जी आन्दोलनको बलमा उदाएको रास्वपा, यसको सरकार र झन्डै दुईतिहाइ बहुमतको समर्थन भएको संसद्का लागि त यस्तो अवस्था झन् अपेक्षित होइन।'

वरिष्ठ अधिवक्ता चापागाईंले यसको दूरगामी प्रभाव मुलुकको मानवअधिकार छविमा कस्तो पर्ला भनेर सरकार र संसद्का अधिकारीहरूले गहिरिएर सोच्नुपर्ने बताए। उनले मानवअधिकार संस्थासँग रचनात्मक संवाद र छलफललाई अगाडि बढाई असमझदारी हटाउनुपर्ने सुझाव दिए। तीन संस्थाले जारी गरेको विज्ञप्तिका विषयमा प्रश्न उठेपछि कान्तिपुरले नेपालमा सम्पर्कमा रहेका दुई संस्था एम्नेस्टी इन्टरनेसनल र आईसीजेका प्रतिनिधिसँग प्रतिक्रिया लिएको थियो।

आईसीजेकी क्षेत्रीय निर्देशक मन्दिरा शर्माले सूचनाको स्रोत विभिन्न हुने र संवेदनशील विषयलाई ख्याल गरेर नै समयमा सचेत गराउने उद्देश्यले विज्ञप्ति जारी गरिएको बताइन्। उनले यसअघिका सरकारलाई पनि न्यायालय सुधारका विषयमा झकझक्याउँदै आएको र अहिले सरकारले यसलाई गम्भीर रूपमा लिएको प्रतिक्रिया आएकामा सकारात्मक रूपमा लिएको बताइन्। स्वतन्त्र न्यायपालिका कायम राख्ने विषय अन्तर्राष्ट्रिय मानवअधिकारको विषय भएको पनि उनको भनाइ छ।

एम्नेस्टी इन्टरनेसनल नेपालका निर्देशक नीराजन थपलियाले विश्वसनीय स्रोतबाट प्राप्त सूचनाका आधारमा संस्थाले आफ्नो धारणा सार्वजनिक गरेको र त्यसमा आफूहरू अहिले पनि अडिग रहेको बताए। 'हामीसँग कसैले दिएको कुनै प्रतिवेदन छैन तर विश्वसनीय तथा उच्च स्रोतबाट प्राप्त सूचनाका आधारमा हामीले धारणा सार्वजनिक गरेका हौं,' उनले भने, 'स्रोतको गोपनीयता संरक्षण गर्नु मानवअधिकारसम्बन्धी संस्थाको आधारभूत दायित्व हो। त्यसैले हामी स्रोत सार्वजनिक गर्न सक्दैनौं।'

थपलियाले सरकारसँग द्वन्द्व सिर्जना गर्ने नभई न्यायपालिकाको स्वतन्त्रता र विधिको शासनप्रति देखिएको सम्भावित जोखिमबारे समयमै ध्यानाकर्षण गराउने उद्देश्यले संयुक्त विज्ञप्ति जारी गरिएको बताए। 'हामीले सरकार, संसद् वा न्यायपालिकाको अधिकार क्षेत्रमा हस्तक्षेप गर्न खोजेका होइनौं,' उनले भने, 'अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताका आधारमा चासो व्यक्त गरेका हौं। सरकारले हाम्रो भनाइसँग असहमति राख्छ भने त्यसबारे रचनात्मक संवादका लागि हामी सधैं तयार छौं।' थपलियाले न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन र मानवअधिकारको संरक्षण कुनै एक देशको आन्तरिक विषय मात्र नभई नेपाल आफैंले स्वीकार गरेका अन्तर्राष्ट्रिय दायित्वसँग पनि जोडिएको हुनाले यस्ता मुद्दामा अन्तर्राष्ट्रिय समुदायले चासो राख्नु अस्वाभाविक नभएको बताए।



सिंहदरबारमा बुधबार बसेको कानुन, न्याय तथा मानवअधिकार समितिको बैठक। तस्बिर : रासस

> सरकारले न्यायाधीशलाई राजीनामाका लागि दबाब दिएको छैन, महाभियोगको छलफलसमेत भएको छैन, कसैले दबाब दिएको तथ्य-प्रमाण ल्याउँछ भने कारबाही गर्न तयार छु, बाह्य संस्थाले राजनीतिक अवलोकन गरेर टिप्पणी गर्न मिल्दैन
>
> ● **सोविता गौतम**, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री

> यस्ता संस्थाले मानवअधिकारका विषयमा बोल्न सक्छन्, उनीहरूको भनाइकै आधारमा हस्तक्षेप भएको रूपमा लिन हुँदैन, अन्तर्राष्ट्रिय जगत्मा नेपालको मानवअधिकार छवि राम्रो छ, यसका पछाडि मुलुकको लामो समयदेखिको लगानी र लगाव छ
>
> ● **विपिन अधिकारी**, वरिष्ठ अधिवक्ता

> मानवअधिकारप्रति सरकारलाई जवाफदेही बनाउने जिम्मेवारी भएको समितिले नै सरकारलाई दशकौंदेखि मानवअधिकारको निगरानी गर्दै आएका संस्थाप्रति दण्डात्मक व्यवहार गर्न उक्साउने गरी निर्देशन दिनु राम्रो होइन
>
> ● **राजु चापागाईं**, वरिष्ठ अधिवक्ता

# मल ल्याउँदा भारतीय जेलमा रहेका सर्लाहीका किसान दाजुभाइ जमानतमा छुट्दै



सर्लाहीको बलरा-५ का सुरेशप्रसाद सिंह र नगेन्द्रप्रसाद सिंह। तस्बिर : सीतामढी लाइभ

**शिव पुरी** (डुमरा, सीतामढी)

सरकारले मल उपलब्ध गराउन नसकेपछि सीमावर्ती भारतीय बजार सोनवर्षाबाट आफैंले किनेर ल्याउँदा पक्राउ परेका सर्लाहीका दुई किसान दाजुभाइ सुरेशप्रसाद सिंह र नगेन्द्रप्रसाद सिंह एक महिनाभन्दा बढीको जेल बसाइपछि जमानतमा रिहा हुने भएका छन्। भारतस्थित सीतामढी जिल्लाको डुमरामा रहेको व्यवहार अदालतले उनीहरूलाई जमानतमा छाड्ने आदेश बुधबार दिएको छ। कानुनी प्रक्रिया पूरा गरी दुई दिनपछि उनीहरू जेलमुक्त हुनेछन्।

अदालतका मुख्य जिल्ला न्यायाधीश अखिलेशकुमार झाको एकल इजलासले उनीहरूलाई धरौटीमा रिहा गर्ने निर्णय सुनाएको हो। १७ असारमा २ बोरा युरिया र ६ बोरा डीएपी मल लिएर घर फर्किंदै गरेका बलरा नगरपालिका-५ का ५५ वर्षीय सुरेश र ६० वर्षीय नागेन्द्रलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) र भारतीय कृषि विभागको संयुक्त टोलीले नियन्त्रणमा लिएको थियो। भारतीय अधिकारीहरूले उनीहरूमाथि 'मल तस्करी' को आरोप लगाएर सोनवर्षा थाना पुर्‍याएका थिए। पछि उनीहरूलाई सीतामढीको डुमरास्थित कारागार चलान गरियो।

अदालतमा सिंह दाजुभाइका तर्फबाट डुमराका वकिल सञ्जयकुमार झा र किरण चौधरीले बहस गरेका थिए। वकिल झाले न्यायाधीशबाट जमानतको आदेश भएकाले बाँकी प्रक्रिया पूरा गरी दुई दिनभित्र उनीहरू जेलमुक्त हुने बताए।

वकिल झाका अनुसार बिहीबार दुवैको जमानत आदेशको कागजात जुनियर न्यायाधीशले लेखापढी गरेर डुमरा कारागार पठाइनेछ। कारागारमा सिंह दाजुभाइले जमानतको आदेश कागजमा हस्ताक्षर गर्नेछन्। उक्त कागज पुनः अदालत लगिनेछ र त्यहाँबाट प्रक्रियालाई अन्तिम रूप दिँदै आफन्तको जग्गाजमिन धरौटी राखेर जमानतमा छाड्ने आदेश दिइनेछ। उक्त आदेश कारागारमा लगेर दिएपछि मात्र सिंह दाजुभाइ जेलमुक्त हुनेछन्।

'बेलको आदेश भएपछि अब समस्या छैन,' उनले भने, 'अदालतले छिटो प्रक्रिया गर्‍यो भने दुई दिनमा जमानतमा बस्ने आफन्तलाई जिम्मा लगाइन्छ।' कारागारबाट छुटे पनि सिंह दाजुभाइ महिनामा एक पटक तारिखका लागि डुमरा अदालत आउनुपर्ने वकिल झाले सुनाए। सिंह दाजुभाइको मुद्दा पहिलो नम्बरमै अदालतका मुख्य जिल्ला न्यायाधीश अखिलेशकुमार झाको एकल इजलासमा परेको थियो। केही समयको बहसपछि दुवैको बेल आदेश भएको हो। बुधबार बिहान दुवैलाई केही समय अदालतमा हाजिर गराई पुनः कारागार पठाइएको थियो।

धान रोपाइँको सिजनमा स्वदेशमै मल नपाएपछि उनीहरू विगतका वर्षमा जस्तै सीमावर्ती भारतीय बजार सोनवर्षा पुग्न बाध्य भएका थिए। मल ल्याउने क्रममा पक्राउ परेका सिंह दाजुभाइबारे कान्तिपुरले समाचार प्रकाशित गरेको थियो। त्यसलगत्तै परराष्ट्रमन्त्री शिशिर खनालले घटनाबारे चासो देखाउँदै नयाँदिल्लीस्थित नेपाली दूतावासमार्फत भारत सरकारसँग कूटनीतिक समन्वय सुरु गरेका थिए।

नेपालमा खेतीपातीको मुख्य सिजनमा हरेक वर्ष रासायनिक मलको चरम अभाव हुने गर्छ। सरकारले पर्याप्त र समयमै मल उपलब्ध गराउन नसक्दा सीमावर्ती क्षेत्रका किसान आफ्नै जीविकोपार्जन र बाली जोगाउन भारतीय बजारमा निर्भर हुन बाध्य छन्। व्यापारिक प्रयोजनका लागि नभई आफ्नै प्रयोगका लागि थोरै परिमाणमा मल ल्याउँदा पनि भारतीय सुरक्षा निकायले कठोर व्यवहार गर्दै तस्करीको मुद्दा चलाउने गरेकाले सीमा क्षेत्रका नेपाली किसानले बर्सेनि यस्ता सास्ती र कानुनी झमेला भोग्नु परिरहेको छ।

बुबा र काकाको छुट्ने खबर सुनेर छोरा अभिषेक सिंहले खुसी व्यक्त गरे। 'ढिलै भए पनि बुबाहरू छुट्ने आदेश भयो, अब मन हल्का भएको छ,' उनले भने, 'मलकै लागि बुबाहरू भारतीय जेलमा पर्नुभयो तर अहिलेसम्म नेपालमा मल पाइएको छैन, यो साह्रै दुःखद हो।'

किसानलाई मलको मूल्य, गुणस्तर र आपूर्ति सुनिश्चित गर्ने उद्देश्यका लागि भारत सरकारले जारी गरेको फर्टिलाइजर कन्ट्रोल अर्डर (एफसीओ) अनुसार कृषिका लागि प्रयोग हुने मल किसानलाई अनुदानमा वितरण गरिने वस्तुमा पर्छ। त्यस किसिमको वस्तुलाई अनुमतिबिना वा व्यापारिक प्रयोजनका लागि देशबाहिर लैजान नपाइने व्यवस्था छ।

भारतको अत्यावश्यक वस्तु ऐन, १९५५ ले मललाई पनि अत्यावश्यक वस्तु मानेको छ। त्यसैले अत्यावश्यक वस्तुमा पर्ने मलको नेपालतर्फ हुने ओसारपसारमा भारतीय सुरक्षा अधिकारीले कडाइ गर्दै आएका छन्। भारत सरकारले मलको ओसारपसारमा कडाइ गरिरहेका बेला यता नेपालमा भने सरकारले नै किसानलाई आवश्यक मल उपलब्ध गराउन सकेको छैन। जसको मारमा सीमावर्ती क्षेत्रका सिंह दाजुभाइजस्ता किसान पर्दै आएका छन्।

> २ बोरा युरिया र ६ बोरा डीएपी मल लिएर घर आउँदै गर्दा पक्राउ परेका सुरेशप्रसाद सिंह र नगेन्द्रप्रसाद सिंहलाई जमानतमा छाड्न भारतीय अदालतको आदेश

# देशभरका स्वास्थ्य संस्थामा सर्पदंशविरुद्धको औषधिको चरम अभाव

● वैशाखयता मात्र विषालु सर्पको डसाइबाट कम्तीमा ५३ जनाको मृत्यु र ७१६ घाइते ● यो वर्ष विपद्बाट भन्दा २५ प्रतिशत बढीको सर्पदंशले मृत्यु

**अर्जुन पौडेल** (काठमाडौं)

गर्मी सुरु भएसँगै सर्पदंशका घटना बढ्दै गर्दा मुलुकभर अस्पताल र उपचार केन्द्रमा सर्पदंशविरुद्धको औषधि 'एन्टि-स्नेक भेनम' को चरम अभाव भएको छ। एन्टि-भेनम अभाव हुँदा विषालु सर्पले डसेका सयौं बिरामीको ज्यान जोखिममा परेको छ।

यो वर्ष १ वैशाखयता मात्र विषालु सर्पको डसाइबाट कम्तीमा ५३ जनाको मृत्यु भएको छ भने ७१६ जना घाइते अस्पताल भर्ना भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। तर, विभिन्न सर्पदंश उपचार केन्द्रहरूको तथ्यांकले वास्तविक संख्या यसभन्दा धेरै बढी रहेको देखाउँछ।

सम्बन्धित निकायले समयमै जीवनरक्षक एन्टि-भेनम उपलब्ध गराउन नसक्दा सर्पदंश उपचार केन्द्र र अस्पतालका स्वास्थ्यकर्मी गम्भीर अवस्थामा ल्याइएका बिरामीको उपचार गर्न कठिनाइ भोगिरहेका छन्। संघीय सरकारले समयमै एन्टि-भेनम खरिद नगर्दा मुलुकभर सर्पदंशको औषधि अभाव भएको सरकारी अधिकारीहरू नै स्विकार्छन्।

'पछिल्ला दिनमा विषालु सर्पको डसाइका घटना उल्लेख्य रूपमा बढेका छन्। तर हामीसँग एन्टि-भेनमको एक डोज पनि बाँकी छैन, प्रदेशअन्तर्गतका अस्पताल र सर्पदंश उपचार केन्द्रहरूमा पनि आपूर्ति गर्न सकिएको छैन,' मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका सूचना अधिकारी उज्ज्वल यादवले जनकपुरबाट टेलिफोनमा भने।

गर्मी र वर्षायाममा नेपालमा सर्पदंशका घटना र त्यसबाट हुने मृत्यु बढ्ने गर्छ। उदाहरणका लागि, कपिलवस्तुको गोरुसिंगेस्थित सर्पदंश उपचार केन्द्रले मात्र वैशाखयता ५ सयभन्दा बढी सर्पदंशका बिरामीको उपचार गरिसकेको छ, जसमध्ये एक दर्जनभन्दा बढी विषालु सर्पले डसेका थिए। राज गोमन र करेतजस्ता विषालु सर्पले डसेमा एउटै बिरामीलाई २० भाइलभन्दा बढी दिनुपर्छ। एउटै भाइललाई ३ हजार रुपैयाँभन्दा बढी पर्छ। तर बजारमा किन्न पाइँदैन। सरकारले आफैं किनेर स्वास्थ्य संस्थामार्फत निःशुल्क रूपमा उपलब्ध गराउँदै आएको छ।

मधेश प्रदेशमा मात्र २७ वटा सर्पदंश उपचार केन्द्र छन्। अस्पतालहरूले पनि सर्पदंशका बिरामीको उपचार गर्ने भएकाले प्रदेश आपूर्ति केन्द्रले ती अस्पताललाई पनि एन्टि-भेनम उपलब्ध गराउनुपर्ने हुन्छ। 'हाम्रो प्रदेशका अधिकांश सर्पदंश उपचार केन्द्रमा एन्टि-भेनम छैन,' यादवले भने, 'कतै पाँच भाइल छन्, कतै ११ वटा मात्रै। स्वास्थ्यकर्मीहरूबाट दर्जनौं फोन आउँछन् तर हामीसँग छैन।'

मधेश प्रदेशका स्वास्थ्य अधिकारीहरूले संघको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसँग पटकपटक एन्टि-स्नेक भेनम माग गरे पनि उपलब्ध नभएको गुनासो गरेका छन्। मधेश प्रदेशलाई मात्र हरेक वर्ष ८ सयदेखि १ हजार भाइल एन्टि-भेनम चाहिन्छ।

लुम्बिनीको अवस्थामा पनि खासै फरक छैन। घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सूचना अधिकारी शालिकराम कालाथोकीले एक भाइल पनि एन्टि-भेनम नभएको जानकारी दिए। 'हाम्रो अस्पतालमा हरेक दिन सर्पदंशका बिरामी आउँछन् तर एक भाइल पनि एन्टि-स्नेक भेनम छैन,' कालाथोकीले भने, 'माथिल्लो निकायलाई संकटबारे जानकारी गराएका छौं तर अझै आपूर्ति भएको छैन।' सर्पदंश उपचार केन्द्रबाट गम्भीर बिरामीलाई रिफर गर्दा एन्टि-भेनम पनि साथमै पठाइदिन अनुरोध गर्ने गरिएको कालाथोकीले बताए।

लुम्बिनी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका अधिकारीहरूका अनुसार प्रदेशका अधिकांश सर्पदंश उपचार केन्द्र तथा उपचार सेवा दिने स्वास्थ्य संस्थामा एन्टि-भेनमको अभाव छ। 'प्रदेशमा एन्टि-स्नेक भेनम आपूर्ति गर्ने जिम्मेवारी संघीय सरकारको हो,' केन्द्रका निर्देशक डा. राजेन्द्रकुमार गिरीले भने, 'यो वर्ष स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक परिमाणमा प्रतिविष उपलब्ध गराएको छैन।' उनका अनुसार अतिरिक्त मौज्दात भएका स्वास्थ्य संस्थासँग मागेर विषालु सर्पले डसेका बिरामीको ज्यान जोगाउने प्रयास भइरहेको छ। तर, अब कुनै पनि केन्द्रमा औषधि छैन।

'हामीले कर्णाली प्रदेश सरकारको निकायबाट केही डोज ल्याएर पनि प्रयोग गर्‍यौं किनकि त्यहाँ आवश्यकता कम छ,' गिरीले भने, 'आज पनि मैले महामारी तथा रोग नियन्त्रण महाशाखाका अधिकारीलाई यथाशीघ्र एन्टि-भेनम उपलब्ध गराइदिन अनुरोध गरेको छु।'

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अधिकारीहरूले सोमबार लुम्बिनी प्रदेशमा ६० भाइल एन्टि-भेनम पठाइएको बताएका छन्। 'हामीले सोमबार ६० भाइल पठाएका छौं,' महाशाखाका एक अधिकारीले भने, 'तर, प्रदेशमा ४० भन्दा बढी सर्पदंश उपचार केन्द्र र अस्पताल रहेकाले यो पर्याप्त छैन।' प्रदेशमा कार्यरत स्वास्थ्यकर्मीहरूका अनुसार गोमन वा करेत सर्पले टोकेमा एकै बिरामीलाई २० भाइलभन्दा बढी एन्टि-स्नेक भेनम आवश्यक पर्न सक्छ। अधिकारीहरूका अनुसार आपूर्तिकर्ताले प्रतिबद्धताअनुसार औषधि पठाए पनि उपचार केन्द्रसम्म पुग्न दुई साताभन्दा बढी समय लाग्न सक्छ। सन् २०२२ को मार्चमा अन्तर्राष्ट्रिय जर्नल 'द ल्यान्सेट' मा प्रकाशित प्रतिवेदनअनुसार नेपालमा हरेक वर्ष करिब २ हजार ७ सय जनाको सर्पदंशबाट मृत्यु हुन्छ, जसमध्ये अधिकांश महिला र बालबालिका विशेष गरेर तराईका बासिन्दा पर्छन्।

विज्ञका अनुसार स्वास्थ्य संस्थामा एन्टि-भेनमको अभाव, कमजोर स्वास्थ्य पूर्वाधार, दक्ष जनशक्ति अभाव, उपचार केन्द्र पुग्न ढिलाइ तथा सघन उपचार तथा डायलाइसिस सेवाको अभावलगायत कारणले सर्पदंशबाट धेरै मानिसको मृत्यु हुने गरेको छ। दुर्गम र ग्रामीण क्षेत्रमा त कतिपय बिरामी स्वास्थ्य संस्था पुग्नुअघि धामीझाँक्रीको शरणमा पुग्छन् वा घरेलु उपचारमा भर गर्छन्। यसले पनि मृत्यु जोखिम बढाएको उनीहरूको भनाइ छ।

सम्पादकीय

# क्षमता अभिवृद्धिका लागि राअविमा समयसापेक्ष सुधार

आन्तरिक र बाह्य खतराबाट जोगिनका लागि हरेकजसो गुप्तचर निकाय स्थापना गरेका हुन्छन् । यस्तो निकायमार्फत खतराको पहिचान, विश्लेषण र रोकथामको रणनीति अपनाउँछन् । कतिपय देशले आन्तरिक र बाह्य गुप्तचर निकाय स्थापना गर्छन् । नेपालमा भने राष्ट्रिय अनुसन्धान विभाग (राअवि) ले दुवै क्षेत्रमा काम गर्छ । यद्यपि, यसको प्रभावकारिता र साख कमजोर बन्दै गएको छ । एकातिर यसले सूचना पहिल्याउन सकेको छैन, अर्कोतर्फ यसले दिएका सूचनालाई राज्य सञ्चालनका जिम्मेवार पदाधिकारीले गम्भीरतापूर्वक लिएको पाइँदैन । जसले गर्दा मुलुकले क्षति बेहोर्दै गएको छ, राअविको औचित्यमाथि पनि प्रश्न उठेको छ । त्यसैले राअविको प्रभावकारिता बढाउँदै अन्ततः क्षति न्यूनीकरण गर्ने उपाय पहिल्याउन गम्भीर मन्थनको आवश्यकता छ ।

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि राअविको भूमिकामा प्रशस्तै प्रश्न उठेको थियो । २३ भदौका निम्ति युवाहरूले आह्वान गरेको आन्दोलनमा त्यति धेरै सहभागिता र मानवीय क्षति हुने स्थिति कसरी निम्तियो ? २३ भदौको मानवीय क्षतिको आक्रोशमा २४ भदौमा त्यति धेरै भौतिक क्षति कसरी हुन सक्यो ? यो सबै स्वाभाविक घटनाक्रम हुन् वा पहिल्यै तय गरिएको योजनाको कार्यान्वयन ? यस्ता प्रश्न अहिले पनि आमजनका मनमनमा छ । तर, मुख्य प्रश्न भने गुप्तचर निकायको भूमिकामाथि पनि छ । उसको प्रभावकारिता किन देखिएन ? सूचना संकलन र विश्लेषण किन कमजोर बन्यो ? हालै सुनसरी घटनाले त्यही प्रश्नलाई पुनर्ताजगी गरिदिएको छ । पहिलो, दुई समुदायबीच विवाद हुने स्थिति कसरी निम्तियो ? यो तत्कालै घटेको घटना हो वा पहिल्यैदेखि प्रयत्न भइरहेको थियो ? दोस्रो, सुनसरी घटनाले मुलुकको दक्षिणी क्षेत्र कसरी तरंगित भयो ? यस्ता सन्दर्भका साथमा गरिने विमर्शबाट मात्रै राअविको भविष्यरेखा प्रस्ट हुन सक्छ ।

राअविको प्रभावकारिता खुम्चिँदै जानुमा केही कारण प्रस्ट छन् । जस्तो कि, सूचना संकलनमा प्रशस्त लगानी गरिएको छैन । उसै पनि कमजोर लगानी छ, यस पटकको बजेटमार्फत सूचना संकलनमा खर्च हुने रकममा ५० प्रतिशत कटौती भएको छ । दोस्रो, राअविलाई राजनीतिक भर्तिकेन्द्र बनाइएको छ । कैयौं प्रभावशाली गृहमन्त्रीहरूले राअविलाई आफ्ना मान्छेलाई नियुक्ति दिलाउने ठाउँ बनाउँदा यसको प्रभावकारिता स्वतः कमजोर बन्दै गएको थियो । किनकि, राजनीतिक रुचिका आधारमा गरिएका नियुक्तिले अन्ततः सम्बन्धित नेता वा राजनीतिक पार्टीलाई नै बढी फाइदा पुऱ्यायो, मुलुकलाई होइन । सूचना संकलन र विश्लेषण कमजोर बन्दै जाँदा सरकारहरूले यसका प्रतिवेदनलाई गम्भीरतापूर्वक लिनै छाडे । जसले प्रतिवेदनमा चासो राख्नुपर्ने र सोहीअनुसारको रणनीति अख्तियार गर्नुपर्ने हो, त्यही काम नगरिदिँदा राअविको क्षमता र सक्रियता विस्तारै कमजोर बन्यो । साथै, कहिले गृह मन्त्रालय र कहिले प्रधानमन्त्रीमातहत राख्ने जस्ता कामले नीतिगत अस्थिरता देखियो । त्यसले पनि कामको प्रभावकारितामा असर पर्दै गयो । यी सबैको समष्टिगत स्वरूप नै आजको राअविको दुर्दशा हो ।

गुप्तचर निकायलाई राज्यको 'आँखा, कान र दिमाग' भनिन्छ । किनकि, कुनै पनि सम्भावित घटनाका बारेमा यसले राज्यको तर्फबाट देख्छ र सुन्छ । त्यसैअनुसारको विश्लेषण गर्छ । अन्ततः आवश्यक पूर्वतयारीका निम्ति राज्यलाई सचेत तुल्याउँछ र दुःखद् घटना हुनबाट रोक्छ । गुप्तचर निकाय सक्रिय र सफल हुँदै जाँदा राज्यभित्र हुन सक्ने योजनाबद्ध दुःखद् तथा अप्रिय घटना टार्न सकिन्छ । बाह्य षड्यन्त्रलाई पनि चिर्दै जान सकिन्छ । खास घटना मात्रै होइन, सम्भावित घटनाका 'ट्रेन्ड' पहिल्याएर राज्यले आफ्नो प्रणाली बलियो बनाउँदै लैजान सक्छ । जब गुप्तचर निकाय कमजोर हुन्छन् र प्रभावकारिता न्यून हुन्छ, त्यतिबेला योजनाबद्ध अप्रिय घटना घट्ने सम्भावना बढ्छ । मुलुक बाह्य षड्यन्त्रको सिकार बन्न सक्छ । भूराजनीतिक संवेदनशीलता भएको हाम्रोजस्तो देशमा त बाह्य षड्यन्त्र सघन बन्दै गयो भने हामीलाई मात्रै नभई हाम्रा कारण अन्य देशलाई पनि असर पर्न सक्छ । त्यतिबेला मुलुकले भूराजनीतिक तानातान व्यवस्थापन गर्नुपर्ने मात्रै होइन, अस्तित्व रक्षाका समेत संघर्ष गर्नुपर्ने हुन्छ ।

राअवि कमजोर बन्दै जाँदा प्रधानमन्त्रीलगायत राज्यका उपल्ला पदाधिकारीले पनि मुलुकभित्रको जटिलता र बाह्य षड्यन्त्र, सम्भावित जोखिम, आवश्यक पूर्वतयारीबारे सही सूचना पाउन सक्दैनन् । त्यस्तो अवस्थामा राज्यले लिने निर्णयहरू अपरिपक्व हुन सक्छन् । राज्यले प्राथमिकता पहिल्याउने क्षमता नै गुमाउन सक्छ । यसले बहुआयामिक क्षति निम्त्याउँछ । अन्ततः राज्यको आत्मविश्वास नै कमजोर हुँदै जान्छ । यस्तो स्थितिमा मुलुकले लय पक्डन र विकासको गति तीव्र बनाउन सक्दैन । यसर्थ सूचना संकलन र विश्लेषणमार्फत मुलुकको आन्तरिक र बाह्य सुरक्षाका लागि राअविको प्रभावकारिता अभिवृद्धि गर्नैपर्छ । त्यसका लागि प्रशस्तै लगानी बढाउन आवश्यक छ । जासुसी र प्रतिजासुसीमा जति बढी लगानी गर्न सकिन्छ, उति नै बढी प्रतिफल आउने हो । यस्तो लगानी जनशक्तिका निम्ति मात्रै होइन, प्रविधिमा पनि गरिनुपर्छ । त्यस्तै, राअविमा राजनीतिक छाया अन्त्य गरिनुपर्छ । त्यसका लागि भर्ना प्रक्रियादेखि कार्यशैलीको ढाँचामा व्यापक परिवर्तन आवश्यक छ । जवाफदेहिता विकास गरिनुपर्छ । राअविलाई लिएर तयार गरिने नीति मूलभूत रूपमा स्थिर तर समयसापेक्ष बनाइनुपर्छ ।

# छिमेकीहरू खोजिरहेको कप्तानगन्ज



डेटलाइन तराई

चन्द्रकिशोर

(राजनीतिक विश्लेषक चन्द्रकिशोर कान्तिपुरका स्तम्भकार हुन्)



सुनसरीको कप्तानगन्ज चोक ।

तस्बिर : कान्तिपुर

कप्तानगन्ज (सुनसरी) मा आगो लागेको दिन सबैभन्दा पहिले के जलायो ? जलेका पसल, फुटेका सिसा, बन्द भएका बजार वा सडकमा फैलिएको त्रासमा मात्रै यो प्रश्नको उत्तर खोजियो भने त्यो अधुरो रहन्छ । आगोले एउटा अर्को चिज पनि जलायो- छिमेकीमाथिको भरोसा । भरोसा जल्दा धूवाँ देखिँदैन । त्यसको खरानी पनि सडकमा भेटिँदैन । तर, त्यसको असर धेरै लामो हुन्छ । एउटा पसलेले आफ्नो पसल खोल्नुअघि वरिपरि हेर्न थाल्छ । एउटा परिवारले बच्चालाई बाहिर पठाउनुअघि उसको पहिचान सम्झिन थाल्छ । एउटै बजारमा वर्षौंदेखि सँगै व्यापार गरेका मानिसहरू अचानक एकअर्कालाई केवल व्यक्तिका रूपमा होइन, कुनै धार्मिक समुदायका प्रतिनिधिका रूपमा हेर्न थाल्छन् ।

आशंका सानो हुँदा पनि त्यसले धेरै ठाउँ ओगट्छ । अहिले कहिलेकाहीं अनुहारभन्दा पहिले उसको पहिचानको खोजी गरिन्छ । एउटा पसलको नाम पढेर मानिसले पसलेको धर्म अनुमान गर्न थाल्छ । टोपी, टीका, दाह्री, पोसाक वा धार्मिक चिह्नले मानिसलाई मानिसभन्दा पहिले कुनै समूहको प्रतिनिधि बनाउन थाल्छ ।

त्यसपछि समाजमा एउटा अनौठो परिवर्तन हुन्छ । धार्मिक तनावको सबैभन्दा ठूलो क्षति घर वा पसल जल्नु होइन । मानिसले आफ्नो छिमेकीलाई छिमेकीभन्दा पहिले एउटा शंकास्पद पहिचानका रूपमा देख्न थाल्नु हो ।

मानिस उही हुन्छ, तर तिनलाई हेर्ने दृष्टि बदलिन्छ । कप्तानगन्ज अहिले यही बदलिएको दृष्टिबीच उभिएको छ । सुनसरीको कप्तानगन्जबाट सल्किएको आगो मधेशका कैयौं जिल्लामा फैलियो । घटनाका स्वरूप र स्थानीय परिस्थिति फरक हुन सक्छन्, तर त्यसले एउटा साझा मनोविज्ञानलाई छोयो- असुरक्षा र आशंकाको मनोविज्ञान । एक पक्षले आफूलाई असुरक्षित ठान्यो, अर्को पक्षले पहिलो पक्षको आक्रोशलाई आफ्नो अस्तित्वमाथिकै खतरा ठान्यो । यसरी डरले डरलाई जन्म दिएको छ । धार्मिक तनावको समाजशास्त्र बुझ्न यहींबाट सुरु गर्नुपर्छ । धार्मिक तनाव प्रायः धर्मबाट सुरु हुँदैन । त्यो असुरक्षा, सामाजिक दूरी, राजनीतिक प्रतिस्पर्धा, अफवाह, संस्थागत कमजोरी र राज्यप्रतिको अविश्वासको जमिनमा उम्रिन्छ । धर्म त्यस तनावको भाषा बन्न सक्छ । धर्मले मानिसलाई चाँडो चिनाउँछ, छिटो संगठित गर्छ र भावनात्मक रूपमा जोड्छ । त्यसैले राजनीतिक स्वार्थका लागि धर्म एउटा शक्तिशाली माध्यम बन्न सक्छ । तर, धर्म तनावको कारण मात्रै होइन । धेरै पटक तनावलाई अर्थ दिने भाषा हो । यो भिन्नता बुझ्नु आवश्यक छ ।

कुनै समाजमा आर्थिक असन्तोष हुन सक्छ । रोजगारीको अभाव हुन सक्छ । स्थानीय शक्ति सन्तुलन बदलिएको हुन सक्छ । राजनीतिक प्रतिनिधित्वलाई लिएर असन्तुष्टि हुन सक्छ । राज्यको उपस्थितिलाई कुनै समुदायले निष्पक्ष नठानेको हुन सक्छ । यी सबै असन्तोष लामो समयसम्म अलग-अलग रूपमा रहन सक्छन् । तर, जब तिनलाई धार्मिक पहिचानसँग जोडिन्छ तब सामान्य असन्तोष सामुदायिक संकटमा बदलिन सक्छ । त्यसपछि मानिसले प्रश्न गर्न छोड्छ, 'समस्या के हो ?' उसले सोध्न थाल्छ, 'समस्या उत्पन्न गर्ने को हो ?' यो परिवर्तन सानो देखिए पनि खतरनाक हुन्छ । पहिलो प्रश्नले नीति, शासन र संस्थालाई जिम्मेवार बनाउँछ । दोस्रो पक्षले कुनै समुदायलाई दोषी बनाउने बाटो खोल्छ । कप्तानगन्जको घटनाले मधेशको बहुल समाजलाई यही कठिन प्रश्नको अगाडि उभ्याएको छ । के हामीले आफ्ना सामाजिक समस्यालाई नागरिक समस्याका रूपमा समाधान गर्न सकिरहेका छौं ? वा तिनलाई धार्मिक पहिचानको चस्माबाट हेर्न थालेका छौं ?

मधेशको सामाजिक जीवनको वास्तविकता बहुलता हो । यहाँ धर्महरू मात्रै होइनन्- भाषाहरू छन्, जातिहरू छन्, स्थानीय इतिहासहरू छन्, गाउँ र बजारका फरक अनुभव छन्, एउटा समुदायभित्र पनि वर्गीय विभाजन छ । एउटै धार्मिक पहिचान भएका मानिसको आर्थिक र सामाजिक जीवन समान छैन । तर, तनावका समयमा यी जटिलता हराउन थाल्छन् । समाजलाई दुई सरल समूहमा बाँड्ने कोसिस चल्छ- 'हामी' र 'उनीहरू' । यो विभाजन राजनीतिक रूपमा सजिलो हुन्छ । जटिल समाजलाई सरल कथामा बदल्न सकिन्छ । आफ्ना समर्थकलाई एउटै भावनामा बाँध्न सकिन्छ । एउटा पक्षको पीडालाई सामूहिक अपमानका रूपमा प्रस्तुत गर्न सकिन्छ । अर्को पक्षको डरलाई अस्तित्वको संकटका रूपमा चित्रित गर्न सकिन्छ ।

तर, सरल राजनीतिक कथा प्रायः जटिल सामाजिक सत्यको शत्रु हुन्छ । कप्तानगन्जका धेरै मानिस धार्मिक द्वन्द्व चाहँदैनन् । उनीहरूलाई आफ्नो पसल खुलोस्, व्यापार चलोस्, बालबालिका विद्यालय जाऊन् र साँझ घर फर्किंदा बाटो सुरक्षित होस् भन्ने चाहना छ । उनीहरूलाई अर्को समुदायको हारभन्दा आफ्नै जीवनको स्थिरता आवश्यक छ । तर, शान्ति चाहने बहुसंख्यक मानिसको एउटा समस्या हुन्छ । उनीहरू धेरै आवाज निकाल्दैनन् । तनाव चाहने सानो समूह चर्को बोल्छ । राजनीतिक रूपमा सक्रिय समूह संगठित हुन्छ । सामाजिक सञ्जालमा उत्तेजक भाषा छिटो फैलिन्छ । र, सामान्य मानिसको शान्त जीवनको चाहना समाचार बन्दैन । यसरी अल्पसंख्यक उच्छृंखलताको आवाज बहुसंख्यक शान्तिको इच्छाभन्दा ठूलो सुनिन थाल्छ । यो धार्मिक तनावको एउटा महत्त्वपूर्ण समाजशास्त्रीय पक्ष हो । हिंसा गर्ने मानिसको संख्या सधैं धेरै हुनुपर्दैन । समाजलाई अस्थिर बनाउन थोरै मानिस, धेरै अफवाह र कमजोर राज्य पर्याप्त हुन सक्छ ।

तर प्रश्न उठ्छ- राज्य कहाँ थियो ? धार्मिक तनावलाई केवल दुई समुदायबीचको समस्या मान्नु राज्यको भूमिकालाई अदृश्य बनाउनु हो । कुनै पनि बहुल समाजमा राज्यको पहिलो दायित्व केवल हिंसा भएपछि सुरक्षाकर्मी परिचालन गर्नु होइन । राज्यले पहिले नै यस्तो संस्थागत वातावरण बनाउनुपर्छ, जहाँ नागरिकले आफ्नो सुरक्षा र न्यायका लागि भीड वा सामुदायिक संगठनमा निर्भर हुनु नपरोस् । जब कानुनले सहज रूपमा काम गर्दैन, मानिसले वैकल्पिक सुरक्षाको खोजी गर्छ । जब न्याय ढिलो हुन्छ, अफवाहले न्यायको ठाउँ लिन्छ । जब प्रशासन निष्पक्ष देखिँदैन, प्रत्येक समुदायले राज्यलाई अर्को समुदायको पक्षधर ठान्न थाल्छ । र, जब राज्यको भाषा अस्पष्ट हुन्छ, राजनीतिक समूहहरूले आफ्नो सुविधा अनुसार घटनाको अर्थ निर्माण गर्छन् । त्यसपछि असुरक्षा एउटा अनुभव मात्रै रहँदैन, राजनीतिक स्रोत बन्छ ।

असुरक्षालाई संगठित गर्न सकिन्छ । आशंकालाई मतमा बदल्न सकिन्छ । पीडालाई राजनीतिक परिचयमा बदल्न सकिन्छ । र, डरलाई स्थायी समर्थनमा बदल्न सकिन्छ । धार्मिक तनावको राजनीति यहींबाट सुरु हुन्छ । राजनीतिक दल वा समूहले प्रत्यक्ष रूपमा हिंसा गराउनैपर्छ भन्ने छैन । कहिलेकाहीं उनीहरूले केवल यस्तो वातावरण बनाइदिन्छन्, जहाँ आफ्ना समर्थकले आफूलाई असुरक्षित ठानून् र अर्को समुदायप्रति शंका गरून् । कहिलेकाहीं मौनता पनि राजनीतिक भाषा हुन्छ । हिंसाप्रति अस्पष्ट प्रतिक्रिया, चयनात्मक सहानुभूति वा पीडितको पहिचान अनुसार फरक व्यवहारले राज्यको निष्पक्षतामाथि प्रश्न उठाउँछ । राजनीतिले घाउ निको पार्न पनि सक्छ, घाउलाई निरन्तर कोट्याउन पनि सक्छ ।

कप्तानगन्जको अहिलेको चुनौती यही हो- यसको पीडालाई न्याय र संवादतर्फ लैजाने वा दीर्घकालिक ध्रुवीकरणको राजनीतिक सामग्री बनाउने ? धार्मिक तनावमा एउटा अर्को समस्या पनि हुन्छ- हिंसा गर्ने व्यक्तिको अपराधलाई सम्पूर्ण समुदायको चरित्रसँग जोडिन्छ । यो न्यायको विरुद्धमा छ । कानुनले व्यक्तिलाई उसको कार्यका आधारमा हेर्नुपर्छ, धर्मका आधारमा होइन । हिंसामा संलग्न व्यक्ति जुनसुकै धर्म-जाति वा समुदायको होस्, उसले गरेको कार्यका आधारमा अनुसन्धान र कारबाही हुनुपर्छ । यदि अपराधीलाई समुदायको प्रतिनिधि बनाइयो भने दुईवटा अन्याय हुन्छन् । पहिलो, अपराध गर्ने व्यक्ति समुदायको भीडमा लुक्न सक्छ । दोस्रो, निर्दोष समुदाय सामूहिक शंकाको भार बोक्न बाध्य हुन्छ । त्यसपछि न्याय कमजोर हुन्छ र सामूहिक दण्डको मानसिकता बलियो हुन्छ ।

> धार्मिक तनावको सबैभन्दा ठूलो क्षति घर वा पसल जल्नु होइन, मानिसले आफ्नो छिमेकीलाई छिमेकीभन्दा पहिले एउटा शंकास्पद पहिचानका रूपमा देख्न थाल्नु हो । मानिस उही हुन्छ, तर तिनलाई हेर्ने दृष्टि बदलिन्छ । यही बदलिएको दृष्टिबीच उभिएको छ- कप्तानगन्ज ।

धर्मका नाममा कानुन हातमा लिनु धर्मको रक्षा होइन । धर्मका नाममा हिंसा फैलाउनु आस्थाको विस्तार होइन । धर्मका नाममा छिमेकीलाई डराउनु धार्मिक शक्ति होइन । धर्मको सार यदि संयम, करुणा, सहअस्तित्व र नैतिक अनुशासन हो भने अराजकता र उच्छृंखलतालाई धार्मिक कार्यका रूपमा स्वीकार गर्न सकिँदैन । धर्मको सबैभन्दा ठूलो परीक्षा सायद त्यहीबेला हुन्छ जब मानिससँग शक्ति हुन्छ । शक्तिशाली हुँदा पनि संयमित रहनु धर्म हो । आक्रोशित हुँदा पनि निर्दोषलाई नछुनु धर्म हो । आफ्नो आस्थाप्रति दृढ रहँदा पनि अर्को आस्थाको सम्मान गर्नु धर्म हो ।

तर, जब धर्म केवल भीडको परिचय बन्छ तब नैतिकता कमजोर हुन्छ । मानिसले आफ्नो व्यक्तिगत जिम्मेवारी भीडलाई सुम्पिन्छ । भीडभित्र अपराध गर्न सजिलो हुन्छ । किनकि त्यहाँ 'मैले' भन्ने शब्द हराउँछ र 'हामीले' भन्ने अस्पष्टता आउँछ । भीडको मानिसले कहिलेकाहीं त्यो काम गर्छ, जुन उसले एक्लै हुँदा गर्न सक्दैनथ्यो । त्यसैले धार्मिक तनावको नियन्त्रण केवल सुरक्षा व्यवस्थाको प्रश्न होइन- नागरिक चेतनाको प्रश्न पनि हो । तर, यहाँ एउटा सावधानी आवश्यक छ- नागरिक समाजलाई मात्रै शान्तिको जिम्मेवारी दिएर राज्यलाई मुक्त गर्न सकिँदैन ।

संवाद आवश्यक छ, तर संवाद न्यायको विकल्प होइन । सर्वदलीय-सर्वधार्मिक बैठक आवश्यक छ, तर बैठकले अपराधको अनुसन्धानलाई प्रतिस्थापन गर्न सक्दैन । सद्भावको अपिल आवश्यक छ, तर अपिलले पीडितको क्षतिपूर्ति गर्दैन । शान्तिका लागि तीनवटा विषय एकसाथ चाहिन्छ- निष्पक्ष अनुसन्धान, विश्वसनीय संवाद र सामाजिक पुनःसम्बन्ध । यीमध्ये एउटा मात्रै भयो भने शान्ति अधुरो रहन्छ । कप्तानगन्जमा सुरक्षाकर्मीको मुस्तैदी आवश्यक हुन सक्छ । राज्यले नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा गर्नुपर्छ । हिंसा रोक्नुपर्छ । अपराधीलाई कानुनी दायरामा ल्याउनुपर्छ ।

तर, सुरक्षाकर्मीको उपस्थितिले मात्रै समाजको सम्बन्ध पुनर्निर्माण हुँदैन । बन्दुकले भीडलाई रोक्न सक्छ, तर शंकालाई रोक्न सक्दैन । कर्फ्युले सडक खाली गर्न सक्छ, तर मानिसको मनभित्र बसेको डर खाली गर्न सक्दैन । सुरक्षाको प्रदर्शनले तत्कालीन नियन्त्रण दिन सक्छ । तर, दीर्घकालिक शान्ति दिन संवाद, न्याय र भरोसा चाहिन्छ ।

कप्तानगन्जलाई सुरक्षा र संवादमध्ये कुनै एक होइन- तत्काल हिंसा रोक्न प्रभावकारी सुरक्षा र दीर्घकालिक भरोसा पुनर्निर्माण गर्न संवाद, दुवै चाहिन्छ । यस्तो बेला दुवै समुदायका सामान्य नागरिकले आफ्ना डर, पीडा र अनुभव साझा गर्नुपर्छ । केही जिम्मेवार सञ्चारमाध्यमले पनि दुवै पक्षका पीडितको आवाजलाई समान मानवीय संवेदनासाथ सार्वजनिक गर्दै संवाद र सामाजिक सद्भावका लागि सकारात्मक भूमिका खेलिरहेका छन् ।

शान्ति कुनै एउटा संस्थाले दिने वस्तु होइन । शान्ति र सद्भाव समाजले मिलेर बनाउने सम्बन्ध हो । कप्तानगन्जले अहिले आफ्नो छिमेकी खोज्दै छ । उसको हराएको छिमेकी कुनै अर्को ठाउँमा गएको छैन । ऊ उही घरमा छ । तर, उसको परिचय बदलिएको छ । पहिले ऊ छिमेकी थियो । अहिले ऊ कुनै समुदायको सदस्यका रूपमा देखिन थालेको छ । कप्तानगन्जको सबैभन्दा ठूलो चुनौती यही परिचयलाई फेरि उल्ट्याउनु हो ।

पहिले मानिसलाई 'मानिस' देख्नुपर्छ । त्यसपछि उसको धर्म, जाति, भाषा वा समुदाय देख्न सकिन्छ । लोकतन्त्रको अर्थ यही क्रमलाई सुरक्षित राख्नु हो । धार्मिक स्वतन्त्रता संविधानबाट प्रत्याभूत अधिकार हो । तर, धार्मिक पहिचानका आधारमा अरू नागरिकलाई डराउने अधिकार कसैलाई छैन । बहुल समाजमा आफ्नो आस्थाको सम्मान माग्नु स्वाभाविक हो । तर, अर्को आस्थाको असुरक्षालाई आफ्नो शक्ति ठान्नु लोकतान्त्रिक होइन ।

लोकतन्त्रलाई धार्मिक द्वन्द्वले मात्रै कमजोर बनाउँदैन । यसले नागरिकलाई समान अधिकार भएका व्यक्तिबाट प्रतिस्पर्धी समुदायका सदस्यमा बदलिदिन्छ । त्यसपछि चुनाव पनि नागरिक मुद्दामा होइन, सामुदायिक डरमा लडिन थाल्छ । विकासका प्रश्न ओझेल पर्छन् । राजनीतिको केन्द्रमा केवल पहिचान र असुरक्षा रहन्छ । यसरी धार्मिक ध्रुवीकरणले लोकतन्त्रको सार्वजनिक विवेकलाई क्षति पुऱ्याउँछ । कप्तानगन्जको आगो यस अर्थमा केवल स्थानीय घटना होइन- मधेशको बहुल समाजले सामना गरिरहेको एउटा चेतावनी हो ।

कप्तानगन्जले अब केवल दोषी खोज्नु छैन । उसले आफ्नो छिमेकी खोज्नु छ । तर, छिमेकी खोज्नुको अर्थ अपराध बिर्सनु होइन । छिमेकी खोज्नुको अर्थ न्यायलाई छोड्नु होइन । छिमेकी खोज्नुको अर्थ सबै कुरा सामान्य भयो भनेर घोषणा गर्नु पनि होइन । यसको अर्थ हो- अपराधीलाई कानुनको कठघरामा उभ्याउँदै निर्दोषलाई सामूहिक शंकाबाट बचाउनु । पीडितको घाउलाई स्वीकार गर्दै बदला होइन, न्यायको बाटो रोज्नु । सुरक्षालाई प्रभावकारी बनाउँदै संवादको ढोका खोल्नु । धर्मको सम्मान गर्दै धर्मका नाममा हुने अराजकतालाई अस्वीकार गर्नु । कप्तानगन्जको आगो निभ्छ, तर समाजको पुनर्निर्माण त्यति सजिलो हुँदैन ।

समाज तब बन्छ, जब मानिसले आफ्नो डरभन्दा ठूलो कुनै साझा भविष्य देख्छ । कप्तानगन्जले अहिले त्यही भविष्य खोजिरहेको छ । उसले आफ्नो छिमेकी खोज्दै छ । र, सायद उसको छिमेकी पनि उसैलाई खोजिरहेको छ ।

# कृषि, जमिन, मुद्रास्फीतिको अर्थराजनीति



सादेशमणि पोखरेल

(पोखरेल त्रिभुवन विश्वविद्यालय, सिन्धुली बहुमुखी क्याम्पसका उपप्राध्यापक हुन्)

जुन २०२३ । भारतका कतिपय ठाउँमा खेतबारीमै सुरक्षा गार्ड राखिएको थियो । तैपनि चोरी भइरह्यो । चोरी भएको वस्तु अरू केही होइन, टमाटर थियो । सिजनमा औसत भारु ५-६ रुपैयाँमा पाइन्छ, गोलभेंडा । तर तत्कालीन मूल्य भारु ३२.५८ बाट बढेर १०७.१८ पुग्नु भने चानचुने विषय थिएन । सार्वजनिक भएका विवरणहरूमा भनिएको छ- उत्तर प्रदेशको बुलन्द सहरमा त भारु २६३ सम्म पुगेको थियो । त्यस समयमा भारतमा पेट्रोलभन्दा टमाटरको मूल्य बढी थियो । संसद् भवनमा विपक्षी दलले विरोधस्वरूप टमाटर बेच्ने योजनासमेत बुनेको थियो तर प्राविधिक कारणले त्यसो हुन पाएन । मूल्यवृद्धिको कारण थियो- मौसम, माग र आपूर्तिमा देखिएको असन्तुलन । केही साताअघि काठमाडौंको माइतीघरमा पनि टमाटर फालिएको थियो, यद्यपि यहाँ भने किसानले टमाटरको उचित मूल्य नपाएकामा सांकेतिक विरोध गरिएको थियो । तर नेपाल सरकारले कुनै किसिमको अग्रसरता लिएन ।

कौटिल्यको अर्थशास्त्रमा एउटा गज्जबको उक्ति छ- अर्थस्य मूलं राज्यं, राज्यस्य मूलमर्थः । अर्थात् सम्पत्ति राज्यको आधार हो र राज्य प्रणाली पनि अर्थमै आधारित हुन्छ । यसको मूल मर्मलाई यसरी पनि व्याख्या गर्न सकिन्छ- समृद्ध अर्थतन्त्रले राज्यलाई बलियो बनाउँछ र सक्षम राज्यले अर्थतन्त्रलाई समृद्ध बनाउँछ । कौटिल्य अर्थशास्त्र पूर्वीय दर्शनको एक गतिलो उदाहरण हो, जसले इसापूर्व ३०० मै व्यापार, प्रगतिशील कर प्रणाली, स्रोत व्यवस्थापन, राजनीति, कूटनीतिक दूरदर्शिता, नेतृत्व क्षमताजस्ता रणनीतिक पृष्ठभूमि तयार गर्न सक्यो । वर्तमान सरकारले यस्ता नीतिलाई अवलम्बन गर्दै अर्थ, राजनीति, कूटनीतिक पृष्ठभूमि तयार गर्न सक्दा राम्रै हुन्छ ।

२८ वैशाखमा सरकारको नीति तथा कार्यक्रम सार्वजनिक भयो । अर्थतन्त्रलाई गतिशील बनाउन टेवा पुऱ्याउने हिसाबले ल्याइने नीति तथा कार्यक्रमका अधिकांश आर्थिक मोडेल भने अबोधगम्य छन् ।

माथि उल्लेख भएको टमाटरको उदाहरणलाई आधार लिएर 'फास्ट-मुभिङ कन्जुमर गुड्स' (एफएमसीजी) तथा नेपाल सरकारका नीतिमार्फत यहाँ मुद्रास्फीतिको प्रवृत्ति छलफल गर्न लागिएको हो । मुद्रास्फीति भनेको समयसँगै दैनिक उपभोग्य वस्तु तथा सेवाको मूल्यमा हुने क्रमिक वृद्धि हो । यो भनेको मुद्रा सस्तो हुनुसमेत हो । बजारमा पैसाको प्रवाह बढी भयो भने यस्तो अवस्था आउँछ । सन् १९४६ को जुलाईमा हंगेरीको मुद्रास्फीति दर ४१.९ पद्म



तस्बिर : कान्तिपुर

(४१,९०,००,००,००,००,००,०००) प्रतिशत थियो, जुन विश्व इतिहासमै रेकर्ड बन्न पुग्यो । त्यस बेला हंगेरीमा १५-१५ घण्टामा मूल्य दोब्बर भएको थियो ।

वस्तुहरू महँगो हुँदै जाँदा उपभोक्ताको क्रयशक्ति घट्छ । वा, किन्ने क्षमता कम हुन्छ । हंगेरीमा भएको पनि यही हो । यसको अर्थ उही रकमले पहिलेको तुलनामा कम मात्र सामान किन्न सकिन्छ । यस्तो अवस्थालाई नियन्त्रण गर्नका लागि हरेक मुलुकको केन्द्रीय बैंकले वार्षिक रूपमा मौद्रिक नीतिमार्फत रणनीति तय गर्दछ । जसका लागि मुद्रा प्रदायको लेखाजोखा गरिने गरिन्छ । मूल्य प्रदाय उच्च भएको अवस्थामा बजारमा मुद्रास्फीति थप बढ्न सक्छ । मुद्रा प्रदाय भन्नाले सामान्यतया बजारको मुद्रा आपूर्ति (मनी सप्लाई) भनेर बुझिन्छ । यसै कारण अवस्थाअनुसार केन्द्रीय बैंकले खुकुलो र कसिलो नीति अवलम्बन गर्छ । विस्तारात्मक नीति (खुकुलो) ले आर्थिक वृद्धि र रोजगारी बढाउन मुद्राको आपूर्ति बढाउँछ, जबकि संकुचनकारी नीति (कसिलो) ले मुद्रास्फीति नियन्त्रण गर्न मुद्राको आपूर्तिमा सीमितता कायम गर्छ ।

नेपाल राष्ट्र बैंकले यसै वर्षको जेठ महिनामा प्रकाशित आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा नेपालको वार्षिक उपभोक्ता मुद्रास्फीति दर ५.२२ प्रतिशत रहेको उल्लेख गरेको छ । अघिल्लो वर्ष सोही अवधिको औसत मुद्रास्फीति ४.२४ प्रतिशत रहेको थियो । वर्तमानमा सरकारले सबै कर्मचारीहरूको तलममानमा वृद्धि गरेको छ । यसबाट समेत बजारमा मुद्रास्फीति दर बढ्न सक्ने आकलन गर्न सकिन्छ ।

अन्तर्राष्ट्रिय मुद्रा अनुसन्धान संस्था (आईआईएमआर) का अध्यक्ष तथा बकिंघम विश्वविद्यालय, बेलायतका प्राध्यापक टिम कंगडनको पुस्तक 'द क्वान्टिटी थ्योरी अफ मनी' मा मान्छेको पहिलो माग मुद्रा हुने, मान्छेको चाहनाभन्दा मुद्रा प्रवाह बढी हुँदा मान्छेको चाहनामा बढोत्तरी भई स्वतः मुद्रास्फीति बढ्नेजस्ता विषय उल्लेख भएका छन् । पुस्तकमा मुद्राको आपूर्तिमा आउने आकस्मिक उतारचढावले मूल्यलाई अस्थायी रूपमा प्रभावित पार्न सक्छ तर निरन्तर मुद्रास्फीतिका लागि मुद्राको तीव्र आपूर्ति वा वृद्धि आवश्यक हुन्छ भनिएको छ । हो, यही मुद्राको आपूर्तिमा आउने आकस्मिक उतारचढावलाई नियन्त्रण गर्न केन्द्रीय बैंकले तय गर्ने नीतिगत व्यवस्था नै मौद्रिक नीतिको मर्म हो ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिमा भनिएको छ- चालु आर्थिक वर्षको करिब १० महिनाको औसत मुद्रास्फीति २.६६ प्रतिशत मात्र देखिएको तर वैशाख २०८३ को वार्षिक विन्दुगत मुद्रास्फीति ५.०४ प्रतिशत रहेको छ । यो भनेको विगत १० महिनाभन्दा करिब एक महिनामा नै मुद्रास्फीति दर दोब्बर भएको हो । यसको कारण विश्वमा भएको भूराजनीतिक, पेट्रोलियम र खाद्यवस्तुमा भएको मूल्यवृद्धि भनिएको छ । यसका साथै विप्रेषण तथा आयात थप बढ्न सक्ने आकलनसमेत गरिएको छ ।

रास्वपाको वाचापत्रमा उल्लेख भएको रूपान्तरणका लागि नीतिगत प्रस्थानका १०० आधारहरूको २२ औं बुँदामा भनिएको छ- 'सामाजिक न्यायसहितको उदार अर्थनीति अवलम्बन गर्ने दल भएकाले निजी क्षेत्रसँगको उन्नत समझदारी (कम्प्याक्ट) का आधारमा राजस्व नघट्ने प्रत्याभूतिसहित सबै करहरूको बोझ घटाउने छौं ।' तर यसै पटकको बजेटमा विद्युत्, शिक्षा तथा स्वास्थ्यमा समेत कर थोपरियो । विरोधपछि प्रधानमन्त्री वालेन्द्र शाहको स्टाटसमार्फत शिक्षा र स्वास्थ्यका कर भने हटाइए ।

माथि उल्लेख भएजस्तै टमाटर वा कृषि, मुद्रा र यसका सिद्धान्त, मुद्रास्फीति, बाँझो जमिन भनेका प्रत्यक्ष रूपमा मानव जीवन वा जनतासँग जोडिएका विषय हुन् । कल्याणकारी राज्य व्यवस्थाले माथिका विषयवस्तुका सन्दर्भमा तत्काले निर्णय लिनुपर्ने र कार्यान्वयन गरिहाल्नुपर्ने हो । कम्तीमा सरोकारवालाहरूसँग सरसल्लाह गर्नुपर्ने हो । एक हदसम्म रास्वपा र सरकारले यो गर्न लागिपरेको भान भने हुन्छ तर समयमा उल्लेखनीय प्रगति हासिल हुन सकेको छैन । यसर्थ परिणाममुखी प्रयत्नको आवश्यकता छ ।

# शैक्षिक बेरोजगारी : डिग्री हातमा, काम छैन साथमा



कृष्माकर भट्ट

(भट्ट काठमाडौं विश्वविद्यालयका भिजिटिङ प्रोफेसर हुन्)



तस्बिर : पिक्साबे एआई

प्राविधिक तथा उच्च शिक्षा लिई प्रमाणपत्र प्राप्त स्नातकले श्रमबजारमा रोजगारीका अवसर प्राप्त नगर्नु, स्वरोजगार हुन नसक्नु र देशले रोजगारी सिर्जना गर्न नसक्नु नै शैक्षिक बेरोजगारी हो । नेपालको शिक्षा पद्धतिले सिकाइ र रोजगारी तथा उद्यमशीलताबीच तालमेल गराउन सकेन, जसले शैक्षिक बेरोजगारी बढाएको छ ।

शिक्षाको मूलभूत उद्देश्य हो- व्यक्तिको सर्वाङ्गीण विकास गरी असल नागरिक तयार पार्नु । शिक्षाले देशको सामाजिक, आर्थिक र राजनीतिक विकासमा महत्त्वपूर्ण योगदान दिन्छ । राज्यद्वारा गुणस्तरीय शिक्षामा गरिएको लगानीले प्रगतिको आधारशिला तयार पारी सु-संगत तथा एकीकृत समाज निर्माणमा मद्दत पुऱ्याउँछ ।

शिक्षाले व्यक्तिलाई विनयी बनाउँछ, सीपयुक्त तथा ज्ञानवान् अनि सुपात्र बनाउँछ । र, सिकेको सीप-ज्ञानको व्यावहारिक प्रयोग गरी आयआर्जनसँग जोडेर व्यक्तिलाई सुखी पनि बनाउँछ । शिक्षालाई ज्ञानको पर्यायका रूपमा स्वीकार गर्दै ज्ञान अभिवृद्धि, स्वास्थ्य संरक्षण तथा संवर्द्धन र सीप विकासमार्फत जीविकोपार्जनमा सहयोग पुऱ्याउनु यसको प्राथमिक दायित्व हो । शिक्षाले संस्कृति जगेर्ना र विकास, नैतिक तथा चारित्रिक उत्थान र आध्यात्मिक उन्नति हासिल गर्न मद्दत गर्नुपर्छ । अन्ततः शिक्षालाई मानिसको भौतिक र आध्यात्मिक दुवै किसिमका उपलब्धि हासिल गर्ने सशक्त माध्यम बनाइनुपर्छ ।

शिक्षालाई आय आर्जनको स्रोत मात्रै नभई स्वस्थ र सुखी जीवन जिउने कलासँग पनि जोड्न सक्नुपर्छ । जीवन जिउनु आफैंमा समग्र कला हो । यस कलाका विविध विषयवस्तु, मार्गदर्शन गर्ने दक्ष गुरु (कलाकार), सिकाइप्रति समर्पित र प्रेरित सिकारु, अभ्यासका निरन्तर अवसर तथा कला प्रदर्शनका निम्ति अनुकूल सामाजिक वातावरणको खोज र प्राप्तिले नै समाजमा वास्तवमै दक्ष-परिपक्व कलाकार तयार पार्छ ।

प्राविधिक तथा उच्च शिक्षा लिई प्रमाणपत्र प्राप्त स्नातकहरूले श्रमबजारमा रोजगारीका अवसर प्राप्त नगर्नु, स्वरोजगार हुन नसक्नु र देशले रोजगारी सिर्जना गर्न नसक्नु शैक्षिक बेरोजगारी हो । प्राविधिक शिक्षा तथा उच्च शिक्षा हासिल गरेपश्चात् 'आत्मनिर्भर बन्छु, रोजगारीबाट पैसा कमाउँछु, परिवारको आर्थिक अवस्था बलियो बनाउँछु' भन्ने धारणा वर्तमान अवस्थामा हामी नेपालीका लागि भ्रममा परिमार्जन हुन थालेको छ । नेपालको शिक्षा पद्धतिले सिकाइ र रोजगारी तथा उद्यमशीलताबीच तालमेल गराउन नसक्दा शैक्षिक बेरोजगारी बढ्दै गएको छ । शैक्षिक बेरोजगारीले आफू, समाज तथा राज्यप्रति चरम वितृष्णा पैदा गर्छ । यसले आध्यात्मिक, सामाजिक, आर्थिक, भौतिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा एकैसाथ नकारात्मकता सिर्जना गरी समाजलाई अधोगतिमा धकेल्छ । हामी करिब यसनजिक पुगिसकेका छौं ।

नेपालमा हाल देखिएको शिक्षित बेरोजगारीमाथि अध्ययन-अनुसन्धान भएको छैन । व्यक्तिको जीवन, समाज र राष्ट्रको समृद्धिमा शिक्षाको प्रभावकारिता तथा उपलब्धिको लेखाजोखा गर्न विभिन्न विषयमा प्राविधिक, उच्च शिक्षा हासिल गरेका स्नातकको रोजगार, स्वरोजगार वा बेरोजगारी अवस्थाको अध्ययन हुनु जरुरी छ । राज्यको लगानी र त्यसले प्राप्त गर्ने प्रतिफल तथा प्रभाव मूल्यांकन गरी तदनुरूप कार्यक्रम परिमार्जन गर्न पनि अध्ययन हुनु जरुरी छ । खासगरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमले रोजगार तथा स्वरोजगारी सिर्जना गर्ने उद्देश्य राखेको हुन्छ । यदि प्राविधिक शिक्षा तथा सीपमूलक तालिम कार्यक्रमले रोजगारी सिर्जना गर्न, आय आर्जनसहित गरिबी निवारणमा सहयोग पुऱ्याउन सकेको छैन भने त्यसमा परिमार्जन हुनुपर्छ । र, अन्य रोजगारी तथा आयआर्जन गर्न सकिने कार्यक्रमलाई प्रोत्साहन गर्नुपर्छ ।

नेपालमा अशिक्षित बेरोजगारी १८ प्रतिशत र शिक्षित बेरोजगारी ९ प्रतिशत रहेको सरकारी तथ्यांक छ । आर्थिक वर्ष २०८०/८१ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट एक लाख १२ हजार ५ सय ९३ जनाले विदेश अध्ययनका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएका छन् । मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांक अनुसार, अघिल्लो आर्थिक वर्षमा यो संख्या एक लाख १० हजार २ सय १७ थियो । सन् २०१८/१९ मा यो संख्या ६ हजार ३ सय ९५ थियो । हाल दैनिक ५ सय विद्यार्थीले एनओसी लिन्छन् । यस तथ्यांकका आधारमा वार्षिक एक लाख बढी विद्यार्थी अध्ययनका लागि विदेश जाने गरेको अनुमान छ । यस्तै सरकारी तथ्यांकले करिब ७४ हजार स्नातकोत्तर, दुई लाख १६ हजार स्नातक, करिब चार लाखभन्दा बढी उच्च माध्यमिक वा सोसरह र १५ लाखभन्दा बढी एसएलसी पास गरेकाहरू वैदेशिक रोजगारीमा रहेको देखाउँछ ।

राज्यले शिक्षण संस्थाहरूद्वारा वितरण गरिएका प्रमाणपत्रको संख्या, दैनिकजसो कामको खोजीमा खाडी मुलुकतर्फ जाने युवाको संख्या र रेमिट्यान्सको ग्राफ हेरेर मात्रै बस्ने हो भने धेरैजसो शिक्षण संस्थाका भवनको अवस्था पहाडका गाउँ-बस्तीमा मिहिनेत गरी बनाइएका आवासीय भवनजस्तै हुनेछ । घरेलु श्रमबजारमा टिक्ने गरी शिक्षा र रोजगारीका प्रावधानमा परिमार्जन हुनुपर्छ । बजारको मागसँग तालमेल मिलाउन समग्र शिक्षा प्रणालीमा सुधार, सीप विकास प्रवर्द्धन, सार्वजनिक-निजी साझेदारीमार्फत रोजगारी सिर्जना गर्न सकिएन भने आउँदा दिनहरू देशका लागि अति दुर्भाग्यपूर्ण हुने निश्चित छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र स्नातक, स्नातकोत्तर तहको शिक्षा हासिल गरेर पनि रोजगारीका अवसर प्राप्त गर्न नसकेर निराशापूर्वक देश छोड्दै जीवनको ऊर्जावान् समय वैदेशिक श्रममा व्यतित गरिरहेको छ, अहिलेको पिँढी । क्रमशः वैदेशिक रोजगारी नै आफ्नो गन्तव्य हो भन्ने सुनिश्चित गरिरहेको छ, आउँदो पिँढी । यस्तै अवस्था रहिरहे अबको दशकमा यस देशमा विद्यालय शिक्षामा अध्ययनरत विपन्न घर-परिवारका बालबालिका, सरकारी सेवामा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा राम्रोसँग स्थापित हुन नसकेका परिवारका अभिभावक, उमेर तथा शारीरिक अपांगताका कारण काम गर्न नसक्ने ज्येष्ठ नागरिक मात्रै देखिने निश्चित छ ।

दिगो राष्ट्रिय विकासका लागि नेपालले युवा जनशक्तिलाई देशमै काम गर्ने वातावरण बनाउनु महत्त्वपूर्ण छ । नेपालको शैक्षिक प्रणालीले व्यावहारिक सीप वा व्यावसायिक तालिमभन्दा शैक्षिक योग्यतालाई प्राथमिकता दिन्छ । फलस्वरूप धेरै स्नातकसँग प्राविधिक विशेषज्ञता वा रोजगारदातालाई आवश्यक अनुभवको अभाव छ । यसले शिक्षा र रोजगारीबीच खाडल निम्त्याएको छ । स्नातकले प्राप्त गर्ने सीप र श्रमबजारमा माग रहेका सीपबीच तालमेल नभएर प्राविधिक तथा उच्च शिक्षा हासिल गरेका युवा बेरोजगार हुनुपर्ने परिस्थिति सिर्जना भएको छ । कतिपय युवा वर्षौंको लगानीमा हासिल गरेको शिक्षाबाट पनि कामको अवसर नपाएर, उद्यम सञ्चालनसम्बन्धी जानकारी तथा भरोसा नभएर निराश तथा हतोत्साहित भई वैदेशिक रोजगारीमा जान बाध्य छन् । कतिपयले चाहिँ आफ्नो क्षमता र योग्यताको कदर नभएको, वृत्ति विकासका अवसर कम भएको तथा स्थिर वातावरण नरहेको जस्ता कारण वैदेशिक रोजगारीमा भविष्य देखेका हुन्छन् ।

**सुधारका केही उपाय**

नेपालको शिक्षा नीतिले 'राष्ट्र र राष्ट्रियताप्रति निष्ठावान्, संघीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने' भनेको छ । तर, त्यस उद्देश्य पूरा गर्न विद्यालय शिक्षादेखि उच्च शिक्षासम्म कार्यान्वयन तहका पहलकदमीले ठोस उपलब्धि हासिल गर्न सकिएको देखिँदैन । 'कामको संसार' चिनाउने, सीप तथा कामको महत्त्व बुझ्ने, कामप्रति प्रेरित भई सम्मान जनाउने, वरिपरि उपलब्ध साधनस्रोतको पहिचान गर्ने, स्रोतहरूको महत्त्व बुझ्ने, सम्भावना पहिचान गर्ने, समाज-संस्कृति-प्रजातन्त्र र राष्ट्रप्रति सकारात्मक सोच राखेर अघि बढ्ने जस्ता व्यावहारिक अनि जीवनोपयोगी विषय विद्यालय शिक्षादेखि नै समाविष्ट गरिनुपर्छ । शिक्षाको मूल उद्देश्य प्राप्त गर्न र समग्र शिक्षा प्रणालीमै सुधारका लागि आवश्यक केही विषय यहाँ उल्लेख गरिएको छ ।

१. विद्यालय शिक्षाको पाठ्यक्रममा नैतिक तथा आध्यात्मिक ज्ञान र 'गरी खाने' शिक्षा-सीपका विषयमा जानकारी गराउने अनि विद्यार्थीलाई ती विषयमा प्रेरित गर्ने पाठ्यवस्तु प्राथमिकतामा राखिनुपर्छ ।
२. विद्यालय शिक्षादेखि नै शिक्षा तथा सिकाइलाई प्रयोगात्मक तथा व्यावहारिक बनाउनतिर लाग्नुपर्छ । शिक्षकलाई परामर्श तथा निर्देशन सेवामा जोड दिन सक्ने बनाउनुपर्छ । विद्यार्थीको सिकाइ प्रयोगशाला, उद्योग, कार्यस्थल तथा समुदायबाट हुनुपर्छ र तिनको क्षमता विकास गराउनुपर्छ ।
३. लचिलो शिक्षण सिकाइ पद्धति अभ्यासमा ल्याउने, अनौपचारिक तथा अनुभवद्वारा गरिएको सिकाइ समाविष्ट हुने प्रावधान विकास गर्नुपर्छ ।
४. विद्यार्थीलाई प्रत्येक सिकाइका विषयवस्तु किन ? केका लागि ? कसरी ? भन्ने उद्देश्य स्पष्टसँग किटान गर्नुपर्छ । र, सिकाइका प्रत्येक विषयवस्तु आत्मसात्सहित व्यवहारमा प्रयोग गर्न सक्षम बनाउनुपर्छ ।
५. उद्योग तथा व्यवसाय क्षेत्रलाई प्राविधिक तथा उच्च शिक्षासँग साझेदारी गर्नुपर्छ । निजी क्षेत्रसँगको सहकार्यमा प्राविधिक शिक्षालाई पूर्णरुपेण प्रविधिमा आधारित, व्यावसायिक तथा व्यावहारिक बनाइनुपर्छ ।
६. प्राविधिक तथा व्यावसायिक र उच्च शिक्षामा अनिवार्य रूपमा जीवनोपयोगी सीपका विषयवस्तु महत्त्वका साथ समावेश गरिनुपर्छ ।
७. प्राविधिक तथा व्यावसायिक र उच्च शिक्षामा सैद्धान्तिक परीक्षाको भार न्यून राख्नुपर्छ । अनुसन्धानात्मक, अन्वेषणात्मक, प्रयोगात्मक तथा परियोजनामा आधारित परीक्षणलाई मूल्यांकनको अवधारणामा अवलम्बन गरिनुपर्छ ।
८. प्राविधिक तथा उच्च शिक्षामा अध्ययन सम्पन्न गरेका स्नातकलाई व्यवसाय सञ्चालन गरी रोजगार सिर्जनामा सहजीकरण गर्नुपर्छ ।

वैदेशिक रोजगारीले विप्रेषणमार्फत गरिबी घटाउन सहयोग गर्नुका साथै वैदेशिक मुद्रा आर्जन तथा शोधनान्तर बचतमा सहयोग पुगेको छ । विदेशमा सिकेको सीप र ज्ञानको आंशिक रूपमा प्रयोग भइरहँदा प्रविधि हस्तान्तरण, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा टेवा पुगेको छ । वैदेशिक रोजगारी धेरैजसो नेपाली युवाका लागि अर्थोपार्जनको महत्त्वपूर्ण आधार हो । तर, देश निर्माणको कार्यमा ऊर्जावान्, सीपयुक्त, शिक्षित युवाको अभावले देशको सन्तुलित विकास दिनानुदिन पछाडि परिरहेको छ । यसले व्यक्तिमा पारिवारिक, सामाजिक, सांस्कृतिक विचलन-विखण्डन र विग्रह निम्त्याइराखेको छ ।

जनशक्तिको कमीले कृषियोग्य जमिन बाँझो हुँदै जानु, मुलुकमा विकासको गति सुस्त हुँदा बेरोजगारीको समस्या बढ्दै जानु, ठूलो ऋण लिएर वैदेशिक रोजगारीमा जाने क्रम बढ्नु, हवाई टिकट तथा भिसा शुल्कबापतको ठूलो रकम बाहिरिनु, वैदेशिक रोजगारीमा जानेले सम्झौता अनुसारको तलब नपाउनु, विप्रेषणबाट प्राप्त रकमको लगभग ९० प्रतिशत अनुत्पादक क्षेत्रमा खर्च हुनुजस्ता कारण देशको दिगो विकासमा ठूलो योगदान पुग्ने देखिन्न । वैदेशिक रोजगारीमा रहेका नेपाली युवाले बर्सेनि ठूलो संख्यामा ज्यान गुमाउने, अंगभंग भएर फर्किने तथा विभिन्न आरोपमा सजाय भोग्ने गरेको यथार्थ पनि छ ।

देशमा गुणस्तरीय शिक्षा, रोजगारी तथा व्यावसायिकता बीचको तालमेल द्वारा परनिर्भरता कम गरी दिगो विकासको लक्ष्य पूरा गर्न सकिन्छ । त्यसैले प्राविधिक तथा उच्च शिक्षामा प्रवेश गर्ने प्रत्येक विद्यार्थीलाई आफ्नो रुचि, खुबी र क्षमताका आधारमा व्यवसाय छनोट गरी व्यावसायिक योजना निर्माण गर्न सघाउनुपर्छ । तिनको अध्ययन सम्पन्न भएपश्चात् उक्त योजना अनुसारै व्यवसाय सुरु गर्न अनुदान तथा सहुलियत ऋणहरू उपलब्ध गराउनुपर्छ । तिनलाई प्राविधिक सहयोग तथा परामर्श सेवा उपलब्ध गराई आवश्यक सहजीकरण गरी रोजगारी बढाउन सकिन्छ । स्थानीय तथा प्रदेश सरकारले सरकारी-निजी साझेदारीमा संघसंस्थाहरूलाई प्रोत्साहित गराउने प्रावधानले स्थानीय तथा प्रदेशस्तरमा उपलब्ध स्रोतसाधनमा आधारित उद्योग व्यवसाय सञ्चालनमा आउँछन् । र, त्यसले रोजगारी सिर्जना हुन्छ ।

प्राविधिक तथा उच्च शिक्षामा 'काम गर्दै-कमाउँदै-सिक्दै' जाने गरी विषयवस्तु समावेश गर्नुपर्छ । विद्यार्थीलाई सिकाइका विभिन्न वैकल्पिक पद्धति (जस्तैः ब्लन्डेड मोडमा सिकाउने-सिक्ने, अनुभवबाट सिकाइ, अनौपचारिक सिकाइको मान्यता तथा औपचारिक माध्यमबाट सिकाइको वातावरण) बनाउन सकियो भने काम र सिकाइ सँगै लैजान सम्भव हुन्छ ।

शिक्षामा गरिएका यस्ता परिमार्जनले अध्ययनका लागि बाहिरिने ठूलो रकम देशमै रोकिन्छ । ऊर्जावान् युवा जनशक्तिलाई देशभित्रै उत्पादनमूलक काममा लगाउन सकिन्छ । यसबाट व्यवसाय सञ्चालन र रोजगार सिर्जना भई सन्तुलित तथा दिगो विकासमा मद्दत पुग्नेछ ।

# यदुवंशी-लडाइँमा दलहरू



सम्झना वाग्ले भट्टराई

(लेखक समाजशास्त्री हुन्)

महाभारत धार्मिक ग्रन्थ मात्रै होइन- मानव समाज, राज्य सञ्चालन, शक्ति, नैतिकता र राजनीतिक व्यवहारको गहिरो अध्ययन पनि हो । यसमा वर्णन गरिएका कतिपय घटना तथा प्रसंगले आजका समाज र राजनीतिलाई पनि सन्देश दिने क्षमता राख्छन् । महाभारत कथाको अन्त्यतिर आउने यदुवंशीको विनाश त्यस्तै एउटा प्रसंग हो, जसलाई आज पनि आत्मविनाशको प्रतीकका रूपमा सम्झिने गरिन्छ ।

महाभारतको युद्ध समाप्तिपछि हस्तिनापुरमा शान्ति स्थापना भयो । युगले सुम्पेको कार्यभार कृष्णले पूरा गरे, पाण्डवहरूले राज्य पाए, कौरव वंश समाप्त भयो । तर, महाभारत कथा त्यहीं समाप्त हुँदैन । महाभारतका अठार अध्यायमध्ये सत्रौं अध्यायको 'मुसल पर्व' मा यदुवंशको आत्मविनाशको मार्मिक कथा छ । समृद्धि, शक्ति र वैभवले सम्पन्न यदुवंश अन्ततः आन्तरिक द्वन्द्वबाटै समाप्त भयो । कृष्णको नेतृत्वमा यदुवंशीहरू राजनीतिक, सैनिक र आर्थिक रूपमा अत्यन्त शक्तिशाली थिए । उनीहरूलाई बाह्य शक्तिले सहजै पराजित गर्न सक्दैनथ्यो । तर, समृद्धि र शक्तिसँगै उनीहरूमा बढ्दै गएको अहंकार, अनुशासनहीनता र आन्तरिक मतभेद अन्ततः विनाशको कारण बन्यो ।

प्रभास क्षेत्रमा मदिरापानपछि सुरु भएको सामान्य विवादले उग्र रूप लियो । फलामसरह कठोर झार (घाँस) ले बनेको हतियार प्रयोग गरी यदुवंशीहरूले एकअर्कालाई समाप्त पारे । बाहिरी आक्रमणको आवश्यकता परेन, उनीहरू आफ्नै क्रोध, अहंकार र विभाजनका कारण इतिहास बने ।

अहिले नेपालका 'पुराना' भनिने राजनीतिक दलहरूको नियति यस कथासँग झन्डै मिल्दोजुल्दो देखिन्छ । नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनमा यी राजनीतिक दलको योगदान विशिष्ट छ । नेपालको लोकतान्त्रिक इतिहासमा नेपाली कांग्रेसको स्थान विशेष छ । राणा शासनविरुद्धको संघर्षदेखि २००७ को प्रजातान्त्रिक परिवर्तन, पञ्चायतविरुद्धको संघर्ष, २०४६ को जनआन्दोलन, २०६२/६३ को लोकतान्त्रिक आन्दोलन र संविधान निर्माणसम्म कांग्रेसले नेतृत्वदायी भूमिका खेलेको इतिहास कसैले अस्वीकार गर्न सक्दैन ।

बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालगायतका नेतृत्वले विशेष समयमा निर्णायक भूमिका निर्वाह गरेका थिए । त्यस्तै, बहुदलीय जनवादले एमालेलाई लोकतान्त्रिक प्रतिस्पर्धाभित्र समाजवादको लक्ष्य प्राप्त गर्ने बाटो देखायो । यसले कम्युनिस्ट आन्दोलनलाई हिंसात्मक क्रान्तिको सीमित घेराबाट निकालेर जनमतको राजनीतिमा स्थापित गऱ्यो । २०५१ मा मनमोहन अधिकारी नेतृत्वको ९ महिने सरकारले वृद्धभत्ता, गाउँमुखी विकास र सामाजिक सुरक्षाका कार्यक्रममार्फत कम्युनिस्ट शासनप्रतिको जनविश्वास बढायो । अर्कोतर्फ, २०५२ सालमा माओवादीले सुरु गरेको 'जनयुद्ध' ले नेपालको राजनीतिक संरचनामै आमूल परिवर्तन ल्यायो । यसले राज्य पुनःसंरचनाको बहसलाई केन्द्रमा ल्यायो । गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशी प्रतिनिधित्वजस्ता विषय संविधानको मूल आधार बन्नुमा माओवादी आन्दोलनको ऐतिहासिक योगदान अस्वीकार गर्न सकिँदैन ।

विविध कालखण्डमा यी पार्टीहरूले पुऱ्याएको योगदानलाई कसैले चाहेर पनि इतिहासबाट मेटिँदैन । तर, इतिहासले दिएको सम्मान भविष्यको सुनिश्चितता भने होइन । कुनै पनि राजनीतिक दलको अस्तित्व उसको इतिहास र विरासतले मात्रै धान्न सक्दैन, बरु वर्तमानको भूमिकाले निर्धारण गर्छ । यी दलहरू बाह्य कारण होइन, मूलतः आन्तरिक कारण इतिहासमै कमजोर भएका हुन् ।

विगत केही वर्षदेखि नेपालका राजनीतिक दलहरूमा सत्ताउन्माद उत्कर्षमा थियो । देशका हरेक क्षेत्रमा दलगत राजनीतिको सीमाहीन दबदबा बढ्दो थियो । यो विद्रूप राजनीतिक अभ्यासको केन्द्रमा यी दलहरू नै थिए । सतहमा हेर्दा सत्ता राजनीतिमा यी दलहरूको वर्चस्व देखिए पनि अन्तर्यमा यो महसंकटको पूर्वावस्था रहेछ । त्यसैले त गत भदौ २३/२४ को घटनापछि राजनीतिक दलहरूमा भीषण संकट देखापऱ्यो । संकटको त्यस घडीमा समय र जनअपेक्षाअनुसार रूपान्तरण गर्न कम्युनिस्ट पार्टीहरू अलमलिएका बेला नेपाली कांग्रेसका गगन थापा, विश्वप्रकाश शर्मालगायतका नेताले दललाई दिशा र गति दिन साहसी पहलकदमी लिए ।

त्यस पहलले दलभित्र ताजा रक्तसञ्चार मात्रै गराएन । त्यो अग्रसरतालाई अन्य दलका युवा, परिवर्तनकामी नेता तथा राजनीति सचेत व्यक्तिहरूले सार्वजनिक रूपमै प्रशंसा गरे । तर नेपाली कांग्रेसभित्रका केही नेता, जो वर्षौंदेखि राजनीतिलाई नै बदनाम बनाउने गरी विकृत अभ्यासमा लिप्त थिए- तिनले 'सक्किने तर नसच्चिने' अभियानलाई अगाडि बढाइरहेका छन् ।



कांग्रेसभित्रको विवादमा एक पक्षको नेतृत्व गरिरहेका पूर्णबहादुर खड्का तथा शशांक कोइराला लगायतका नेताहरू । फाइल तस्बिर : कान्तिपुर

नेपाली कांग्रेस, नेकपा एमाले तथा नेपाली कम्युनिस्ट पार्टीहरू आफ्नै आन्तरिक चुनौतीसँग जुधिरहेका छन् । पार्टीभित्रको ऊर्जा आन्तरिक सन्तुलन मिलाउन मात्रै खर्चिनुपर्ने अवस्था आए । ती जनताको मुद्दामा पछि परिसकेका हुन्छन् । अब दलहरूले इतिहासबाट शिक्षा लिने कि यदुवंशीकै नियति दोहोऱ्याउने ?

कठिन समयमा निर्वाह गरेको भूमिकाका कारण नेपाली कांग्रेस धेरै नागरिकका लागि केवल एउटा दल होइन, लोकतान्त्रिक मूल्य र संवैधानिक व्यवस्थाको प्रमुख संवाहक बनेको छ । तर, इतिहासकै कमजोर बन्दा पनि उनीहरू फुटका लागि उद्यत छन् । उनीहरू न इतिहासबाट सिक्न चाहन्छन् न वर्तमानबाट ।

एकता र विभाजनको इतिहास दोहोऱ्याइरहने कम्युनिस्ट पार्टीहरूको विडम्बना के भयो भने, आन्दोलनले प्राप्त गरेका राजनीतिक उपलब्धिलाई संस्थागत गर्ने क्रममा कम्युनिस्ट दलहरू आफैं सत्ता राजनीतिमा यति गहिरोसँग डुबे कि उनीहरूको वैचारिक ऊर्जा क्रमशः क्षीण हुँदै गयो । आन्दोलनको केन्द्र वर्गसंघर्षबाट सरकार निर्माणमा, जनसंगठनबाट मन्त्रालय व्यवस्थापनमा र वैचारिक बहसबाट शक्ति सन्तुलनमा सर्न थाल्यो । त्यसैले आज कम्युनिस्ट आन्दोलनप्रति जनविश्वास घटिरहेको देखिन्छ । यसको प्रमुख कारण केवल वैचारिक संकट होइन- सुशासनको अभाव, भ्रष्टाचारको फैलावट, सार्वजनिक सेवा प्रवाहमा कमजोरी, नेतृत्वको विलासी जीवनशैली र कार्यकर्ताको निराशा आदि हुन् ।

दलभित्र जब गुटीय स्वार्थ र व्यक्तिगत महत्त्वाकांक्षा संगठनभन्दा माथि पुग्न थाल्छ, तब चिन्ता उत्पन्न हुनु स्वाभाविक हो । लोकतान्त्रिक दलभित्र मतभिन्नता हुनु अस्वाभाविक होइन, तर ती मतभिन्नता संस्थागत प्रक्रियाबाट समाधान हुन नसके संगठन नै कमजोर बन्न सक्छ । कुनै पनि राजनीतिक दलको वास्तविक शक्ति केवल नेतृत्वमा होइन- संस्थागत एकता, साझा उद्देश्य र कार्यकर्ताको विश्वासमा हुन्छ ।

पछिल्ला दिनमा नेपाली कांग्रेसभित्र मात्रै होइन, नेकपा एमाले तथा नेपाली कम्युनिस्ट पार्टीमा पनि संक्रमण, अस्वस्थ खिचातानी र अनिश्चितता देखिन्छ । नयाँ राजनीतिक शक्तिहरूको उदय, पुराना दलहरूप्रति बढ्दो जनअसन्तुष्टि तथा राजनीतिक ध्रुवीकरण आदिले नयाँ परिस्थिति सिर्जना भएको छ । वर्तमान सरकारका केही निर्णय वा राज्य संयन्त्र प्रयोगको शैलीलाई लिएर विभिन्न कोणबाट बहस र आलोचना भइरहेका छन् । वैदेशिक शक्ति सम्बन्ध तथा आन्तरिक लोकतन्त्रको भविष्यबारे संशय उत्पन्न भएको छ । समावेशिताको अभ्यास कमजोर भएको छ र धर्म निरपेक्षतामाथि प्रहार सुरु भएको छ । यस्तो समयमा जनतासँग भिजेका, लामो राजनीतिक अनुभव भएका दलहरूको भूमिका अझ महत्त्वपूर्ण हुन्छ । लोकतान्त्रिक मूल्यको संरक्षण गर्ने दाबी गर्ने दलहरू आफैं आन्तरिक विवादमा अल्झिए भने त्यसको असर केवल पार्टीमा सीमित रहँदैन, समग्र लोकतान्त्रिक प्रणालीमा पनि पर्न सक्छ ।

लोकतन्त्र आवधिक निर्वाचन मात्रै होइन- संस्थागत उत्तरदायित्व, शक्ति सन्तुलन, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र सञ्चारमाध्यम, नागरिक स्वतन्त्रता र विधिको शासनको समष्टिगत प्रणाली हो । त्यसैले दलभित्रको लोकतान्त्रिक अभ्यास केवल पार्टीको विषय नभई लोकतान्त्रिक राजनीतिको स्थिरतासँग पनि जोडिएको विषय बन्छ । यस्ता परिस्थितिमा लोकतान्त्रिक संस्था बलियो हुनु झन् आवश्यक हुन्छ ।

फुटको संघारमा रहेको नेपाली कांग्रेस तथा नेतृत्व पुस्तान्तरण र हस्तान्तरणमा हिचकिचाइरहेका कम्युनिस्ट पार्टीहरूले पनि आफ्नो इतिहासबाट धेरै पाठ सिक्न आवश्यक छ । यी पार्टीहरूले कठिन परिस्थितिमा एकताबद्ध भएर लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेका उदाहरण छन् । संकटका समयमा पार्टीगत महत्त्वाकांक्षाभन्दा देशको साझा उद्देश्यलाई प्राथमिकता दिँदा सफलता हासिल गरेको इतिहास छ । आज पनि त्यही संस्थागत संस्कार, आन्तरिक लोकतन्त्र, विचारको खुला बहस र अनुशासित संगठनात्मक संस्कृति आवश्यक छ ।

लोकतन्त्रमा कुनै पनि दल स्थायी रूपमा बलियो वा कमजोर हुँदैन । जनताको विश्वास निरन्तर आर्जन गर्नुपर्छ । त्यसका लागि केवल विगतको इतिहास पर्याप्त हुँदैन, सँगै वर्तमानको व्यवहार पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । दलहरूले आफ्नो ऐतिहासिक योगदानलाई भविष्यको आधार बनाउन चाहन्छन् भने आन्तरिक विवादभन्दा माथि उठेर संस्थागत सुधार, नेतृत्व विकास र जनविश्वास पुनःस्थापित गर्ने दिशामा अग्रसर हुनुपर्छ ।

महाभारतमा यदुवंशको अन्त्य इतिहासको एउटा दुःखद प्रसंग हो । त्यसले सिकाएको मूल पाठ यही हो कि सबैभन्दा ठूलो खतरा कहिलेकाहीँ बाहिरबाट होइन, भित्रबाट आउँछ । कुनै पनि संस्था, समाज वा राजनीतिक दलको वास्तविक परीक्षा बाह्य संघर्षमा मात्रै होइन, आन्तरिक मतभेदलाई कसरी व्यवस्थापन गरिन्छ भन्नेमा पनि निर्भर हुन्छ । आज नेपाली कांग्रेस, नेकपा एमाले तथा नेपाली कम्युनिस्ट पार्टीलगायतका दलहरू पनि बाह्य प्रतिस्पर्धी दलहरूभन्दा बढी आफ्नै आन्तरिक चुनौतीसँग जुधिरहेका छन् । यदि पार्टीभित्रको ऊर्जा आन्तरिक सन्तुलन मिलाउन मात्रै खर्चिनुपर्ने अवस्था आयो भने पार्टी देश र जनताको मुद्दामा पछि परिसकेको हुन्छ ।

महाभारतले अर्को महत्त्वपूर्ण शिक्षा पनि दिन्छ । कृष्ण स्वयं उपस्थित हुँदा पनि यदुवंशलाई बचाउन सकेनन् । किनभने संकटको कारण बाहिर थिएन, भित्र थियो । नेपालका 'पुराना' भनिएका हरेक दलको अवस्था ठीक त्यस्तै छ । जब संगठनभित्र अनुशासन कमजोर हुन्छ, नेतृत्वभन्दा अहंकार बलियो हुन्छ, संवादभन्दा अविश्वास बढ्छ र संस्थाभन्दा व्यक्ति ठूलो बन्न थाल्छ, तब त्यो संस्थालाई कसैले जोगाउन सक्दैन ।

नेपालको लोकतन्त्र पनि आज एउटा संवेदनशील मोडमा उभिएको छ । लोकतान्त्रिक संस्थाहरू बलियो बनाउने कि व्यक्तिकेन्द्रित राजनीति ? यो प्रश्न सरकार वा विपक्षको मात्रै होइन, सम्पूर्ण राजनीतिक दलको साझा जिम्मेवारी हो ।

यदुवंशीहरूको कथा पढेर केवल अतीत सम्झिनु पर्याप्त हुँदैन । त्यसबाट वर्तमानका लागि शिक्षा लिन सक्नुपर्छ । नेपाली प्रत्येक राजनीतिक दलका वर्तमान नेतृत्वले पनि आन्तरिक विभाजनलाई संवादमा, गुटीय प्रतिस्पर्धालाई संस्थागत प्रक्रियामा रूपान्तरण गर्न हदैसम्मको प्रयास गर्नैपर्छ । अन्यथा इतिहासले दिएको चेतावनी केवल कथा भएर रहने छैन, राजनीतिक यथार्थमा रूपान्तरित हुन पनि सक्छ ।

इतिहास दोहोरिन बाध्य हुँदैन तर इतिहासलाई बेवास्ता गर्नेहरूले भने प्रायः उस्तै गल्ती दोहोऱ्याउँछन् । त्यसैले आजको महत्त्वपूर्ण प्रश्न एउटै छ- दलहरूले इतिहासबाट शिक्षा लिने कि यदुवंशीहरूको नियतिलाई केवल अर्को रूपमा दोहोऱ्याउने ?

## निर्वासनको दुई वर्षपछि हसिनाको सम्बोधन

# ‘२०२६ को अन्त्यसम्म मुलुक फर्कन्छु’

### पार्टीमाथिको प्रतिबन्ध तत्काल फुकुवा गर्न माग

**एजेन्सी** (नयाँदिल्ली)



विगत दुई वर्षदेखि भारत निर्वासनमा रहेकी बंगलादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनाले सन् २०२६ को अन्त्यसम्म स्वदेश फर्कने घोषणा गरेकी छन् । ‘मेरो स्वदेश फिर्तीको मिति पछि घोषणा हुनेछ । तर म यही वर्षको अन्त्यसम्ममा आफ्ना जनताहरूसमक्ष फर्कनेछु,’ नयाँदिल्लीस्थित फरेन करेस्पोन्डेन्टस् क्लब अफ साउथ एसिया (एफसीसी) द्वारा आयोजित कार्यक्रमलाई भर्चुअल सम्बोधन गर्दै उनले भनिन् । उनले आफू पुर्ख्यौली घर टुंगिपारा जाने तयारीमा रहेको समेत जनाइन् । हसिनाले आफ्नो पार्टीमाथिको प्रतिबन्ध पनि तत्काल फुकुवा गर्न माग गरिन् ।

जुलाई-अगस्ट सन् २०२४ मा विद्यार्थीहरूको नेतृत्वमा भएको जनआन्दोलनका कारण १५ वर्ष लामो शासनकालको अन्त्य भएपछि हसिना सन् २०२४ को अगस्ट ५ मा भारत निर्वासित भएकी थिइन् । त्यसको ठ्याक्कै दुई वर्षपछि पत्रकार सम्मेलनमा भर्चुअल अडियो सम्बोधन गर्दै उनले देश फर्कने घोषणा गरेकी हुन् । संयुक्त राष्ट्रसंघका अनुसार जुलाई र अगस्टमा चलेको हिंसात्मक प्रदर्शनका दौरानमा करिब १ हजार ४ सय मानिसको मृत्यु भएको थियो । त्यस्तै २० हजारभन्दा धेरै घाइते भएका थिए ।

७८ वर्षीया हसिनाले आफ्नो मुलुकमा अराजकता र भयको शासन मौलाइरहेको र त्यसलाई टाढा बसेर टुलुटुलु हेर्न बाध्य भएको बताइन् । बंगलादेशको स्वतन्त्रता युद्ध तथा त्यसपछिका विभिन्न कालखण्डमा मारिएका आफ्ना पिता, परिवारका सदस्य र देशवासीहरूलाई अडियो सम्बोधनका क्रममा उनले सम्झिएकी थिइन् । अहिले सत्तामा रहेकाहरूले पिता तथा बंगलादेशका प्रथम राष्ट्रपति शेख मुजिबर रहमानको नाम इतिहासबाट मेटाउने षड्यन्त्र गरिरहेको आरोप पनि उनले लगाइन् । ‘गत दुई वर्षदेखि मैले मेरो प्यारो बंगलादेशलाई पीडामा बाँचिरहेको देखेको छु । यो हामीले निर्माण गरेको बंगलादेश होइन, सन् १९७१ मा ३० लाख मानिसले ज्यानको आहुति दिएर बनाएको बंगलादेश यो होइन,’ उनले भनिन् ।

जनआन्दोलनपछि बनेको मोहम्मद युनुसको नेतृत्वको अन्तरिम सरकारले आन्दोलनका क्रममा भएको दमनका विषयमा छानबिन गर्ने जिम्मा एक विशेष न्यायाधिकरणलाई दिएको थियो । बंगलादेशको अन्तर्राष्ट्रिय फौजदारी ट्राइब्युनल (आईसीटी) न्यायाधिकरणले नोभेम्बर २०२५ मा मृत्युदण्डको फैसला सुनाउँदै हसिनाले मानवताविरुद्धको अपराध गरेको ठहर गरेको थियो । हसिनाले आन्दोलनमा निर्मम दमन गरेको तथा प्रहरी अधिकारीहरूलाई गोली हान्न आदेश दिएको आईसीटीले ठहर गरेको थियो । हसिनाले आफ्नो अनुपस्थिति र बयानबिना नै गरिएको फैसलाको निन्दा गरेकी थिइन् । युनुस नेतृत्वको सरकारले हसिनाको पार्टी अबामी लिगलाई पनि प्रतिबन्ध लगाउने निर्णय गरेको थियो । यसै वर्षको जनवरीमा सम्पन्न निर्वाचनमा बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) ले तरिक रहमानको नेतृत्वमा दुईतिहाई मत ल्याएको थियो ।

सरकारले सुरुदेखि नै वार्ता, कानुनी प्रक्रिया र संयममार्फत समस्या समाधानको प्रयास गरे पनि पर्दा पछाडिबाट षड्यन्त्र रचिएको हसिनाले दाबी गरिन् । ‘विद्यार्थी आन्दोलन शान्तिपूर्ण थिएन । पर्दा पछाडि लुकेर केही संगठित समूहहरू विद्यार्थीका मागलाई हिंस्रक राजनीतिक हतियार बनाउन लागिपरेका थिए,’ विद्यार्थी आन्दोलनपछि गठन भएको मोहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारतर्फ इंगित गर्दै उनले भनिन्, ‘युनुसकै शब्द र भाषणहरूले उक्त आन्दोलन प्रायोजित रहेको देखाउँछन् । त्यो आन्दोलन कसैबाट निर्देशित, संगठित र हामीलाई ब्यालेट बक्सबाट हटाउनका लागि गरिएको षड्यन्त्र थियो ।’

हसिनाले मृत्युदण्डको फैसलाबाट आफू नतर्सिनेसमेत बताइन् । ‘मृत्युदण्ड, झूटा मुद्दा र प्रायोजित अदालतका नाटकले मलाई तर्साउन सक्दैन ।’ उनले आफूविरुद्धको सजाय अवैध, असंवैधानिक र राजनीतिक रूपमा प्रेरित प्रक्रियाको हिस्सा रहेको दाबी गरिन् । उनले स्वेच्छाले देश नछाडेको समेत स्पष्ट बताइन् । प्रदर्शनकारीहरू प्रधानमन्त्री निवासतर्फ नजिकिँदै गर्दा आफूसँग जम्मा ३० देखि ४० मिनेटको समय मात्र रहेको र आफू देश छाडेर जाँदै छु भन्ने कुरासमेत थाहा नभएको हसिनाको भनाइ थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै अबामी लिगका नेता तथा पूर्वमन्त्री मोहिबुल हसन चौधरीले विद्यार्थी आन्दोलनपछि बंगलादेशमा अराजकता सुरु भएको बताए । ‘आशाको साटो घृणा फैलिएको छ । गरिबी बढेको छ, न्यायको साटो बदला छ । हामी यस्तो विभाजनले अघि बढ्न सक्दैनौं । त्यसैले हामी एकता र संवाद चाहन्छौं । बदलाभाव होइन, कानुनले तय गरेअनुसारको न्याय चाहन्छौं,’ उनले भने । उनले बंगलादेशमा बेरोजगारी र मूल्यवृद्धि बढेको बताए । त्यस्तै महिला, बालबालिका र अल्पसंख्यकमाथि हिंसा बढिरहेको भन्दै चिन्ता प्रकट गरे ।

हसिनाले सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्ने सार्वजनिक भएपछि बंगलादेशले आपत्ति जनाएको थियो । हसिना ‘फरार अभियुक्त’ भएकाले खुला राजनीतिक गतिविधि गर्ने छुटले दुई देशबीचको सम्बन्धमा असर पुग्ने चेतावनीसमेत उसले दिएको थियो । त्यस्तै बंगलादेशी स्थानीय सञ्चारमाध्यमलाई हसिनाको सम्बोधनलाई समाचार नबनाउन पनि चेतावनी दिइएको थियो ।

भारतले भने हसिनाको कार्यक्रम निजी संस्थाले गर्न लागेको हुँदा सरकारको कुनै पनि संलग्नता नरहेको जनाएको थियो । भारतीय विदेश मन्त्रालयको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता रणधीर जयसवालले कार्यक्रममा भारत सरकारको कुनै भूमिका नरहेका दाबी गरेका थिए । ‘यसमा सरकारको कुनै पनि संलग्नता छैन, न त उक्त मञ्चमा व्यक्त हुने कुनै पनि विचारलाई समर्थन गर्दछ,’ उनले भनेका थिए । तर, हसिनाको सम्बोधनका विषयमा बुधबार साँझसम्म बंगलादेश सरकारका तर्फबाट औपचारिक प्रतिक्रिया सार्वजनिक भएको छैन ।

## अन्तर्राष्ट्रिय सहायता घटेपछि अफगानिस्तानमा मानवीय संकट

### सहयोग कटौतीका कारण १४२ स्वास्थ्य केन्द्र बन्द, १३ हजारभन्दा बढी बालबालिका पोषण उपचार सेवाबाट वञ्चित



काबुल (एजेन्सी)- संयुक्त राष्ट्रसंघको विश्व खाद्य कार्यक्रम (डब्लूएफपी) ले खाद्य सहायता र पोषण कार्यक्रमका लागि आवश्यक अन्तर्राष्ट्रिय सहायता घट्दै गएपछि अफगानिस्तानमा बाल कुपोषण गम्भीर बन्दै गएको तथा त्यसका कारण बाल मृत्युदर बढ्न सक्ने जोखिम रहेको जनाएको छ । संस्थाले तत्काल थप आर्थिक सहयोग नजुटे कुपोषण संकट भयावह बन्ने चेतावनीसमेत दिएको छ ।

डब्लूएफपीका अनुसार अफगानिस्तानका ३४ मध्ये १२ प्रान्तमा बाल कुपोषण गम्भीर तहमा पुगेको छ । जुन अहिलेसम्मकै उच्च हो । द्वन्द्व, बेरोजगारी, खाद्यान्नको बढ्दो मूल्य, रोगको प्रकोप, स्वच्छ पानी तथा सरसफाइको अभाव र मानवीय सहायता घट्नु यसका प्रमुख कारण रहेको संस्थाले जनाएको छ ।

अफगानिस्तानका लागि डब्लूएफपीका देशीय निर्देशक जोन एलिफले बाल मृत्युदर थप बढ्न नदिन तत्काल कदम चाल्नुपर्ने आवश्यकता औंल्याउँदै धेरै बालबालिकाका लागि सहयोग ढिलो भइसकेको बताए ।

सन् २०२१ मा तालिवान सत्तामा फर्किएपछि उत्पन्न राजनीतिक तथा आर्थिक चुनौतीसँग जुधिरहेको अफगानिस्तानमा मानवीय संकट गहिरिँदै गएको छ । संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालय (ओचा) की प्रवक्ता ओल्गा चेरेभ्कोका अनुसार यस वर्ष मुलुकको तीन चौथाइभन्दा बढी क्षेत्रमा बालबालिकामा तीव्र कुपोषण देखिएको छ । यस अवस्थाका बालबालिकामा पुड्कोपन, अत्यन्त कम तौलजस्ता समस्या देखिन्छन् । र, उनीहरूलाई तत्काल उपचारात्मक पोषण आवश्यक पर्छ ।

उनका अनुसार धेरै बालबालिका स्वास्थ्य संस्थामा पुग्दासम्म गम्भीर कुपोषणको अवस्थामा पुगिसकेका हुन्छन् भने कतिपयको उपचार नपाई मृत्यु हुने अवस्था पनि देखिएको छ ।

डब्लूएफपीले सन् २०२५ मा सहयोग कटौतीका कारण १४२ स्वास्थ्य केन्द्र बन्द भएको र १३ हजारभन्दा बढी बालबालिका पोषण उपचार सेवाबाट वञ्चित भएको जनाएको छ । संस्थाले पछिल्ला वर्षहरूमा अन्तर्राष्ट्रिय सहायता उल्लेखनीय रूपमा घटेको जनाएको छ ।

यस वर्ष करिब ३७ लाख अफगान बालबालिका तथा १२ लाख गर्भवती र स्तनपान गराइरहेका महिला तीव्र कुपोषणबाट प्रभावित हुने अनुमान गरिएको छ ।

डब्लूएफपीका अनुसार मध्यपूर्वमा जारी द्वन्द्वका कारण पनि आपूर्ति शृंखलामा अवरोध उत्पन्न भएको छ । तनावका कारण पाकिस्तानसँगको सीमा करिब नौ महिना बन्द हुँदा पोषण सामग्री ढुवानी प्रभावित भएको र झन्डै १० लाख कुपोषित महिला तथा बालबालिका पाँच महिनासम्म आवश्यक पोषण सेवाबाट वञ्चित भएका छन् ।

संस्थाले जुलाईदेखि अक्टोबरसम्म कुपोषणको जोखिम सबैभन्दा उच्च रहने भए पनि पर्याप्त बजेट अभावका कारण अगस्टदेखि अक्टोबरसम्मका लागि लक्षित खाद्यान्न वितरण कार्यक्रमसमेत स्थगित गर्नुपरेको जनाएको छ । आगामी ६ महिनाका लागि तत्काल ५४ करोड अमेरिकी डलर आवश्यक रहेको पनि डब्लूएफपीले उल्लेख गरेको छ ।

यसअघि फेब्रुअरीमा डब्लूएफपीले सहायता कटौतीलाई ‘विनाशकारी’ भन्दै चारमध्ये तीन गम्भीर कुपोषित बालबालिकासम्म पोषण सहायता पुर्‍याउन नसकिएको जनाएको थियो । संस्थाका अनुसार सन् २०२२ यता खाद्य सहायता कोष करिब ५९ प्रतिशतले घटेको छ । जबकि मानवीय आवश्यकता भने निरन्तर बढिरहेको छ ।

संयुक्त राष्ट्रसंघीय मानवीय मामिला समन्वय कार्यालयका अनुसार अफगानिस्तानका लागि गरिएको दुई अर्ब ७१ करोड अमेरिकी डलर बराबरको सहायता घोषणामध्ये हालसम्म २६ प्रतिशतभन्दा केही बढी रकम मात्रै प्राप्त भएको छ । कुपोषणलगायत मानवीय सूचकहरू निरन्तर बिग्रिरहेको अवस्थामा यो अवस्था अत्यन्त चिन्ताजनक रहेको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

## रुसी हमलामा युक्रेनमा कम्तीमा २१ को मृत्यु

**किभ** (एजेन्सी)

रुसी मिसाइल र ड्रोन आक्रमणमा युक्रेनमा कम्तीमा २१ जनाको मृत्यु भएको र थुप्रै घाइते भएको अधिकारीहरूले जनाएका छन् ।

रुसले पछिल्लो समय क्षेप्यास्त्रहरूको प्रयोग बढाएपछि किभले अमेरिकामा निर्मित मिसाइल प्रतिरक्षा प्रणाली आपूर्ति गर्न मित्र मुलुकहरूलाई आग्रह गरेको जनाइएको छ ।

युक्रेनी वायुसेनाले सम्भावित क्षेप्यास्त्र हमलाको चेतावनी जारी गरेपछि राजधानी किभमा विस्फोट भएको एएफपीले जनाएको छ । विस्फोटपछि घण्टौंसम्म उक्त क्षेत्रको हावामा कालो धूवाँको मुस्लो देखिएको थियो ।

सैन्य प्रशासनले मिसाइल र ड्रोन आवासीय भवन र धेरै गोदामहरूमा खसेको जनाएको छ । रुसले जानाजानी नागरिक तथा नागरिक पूर्वाधारमा आक्रमण गरिरहेको आरोप पनि सैन्य प्रशासनले लगाएको छ ।



**युक्रेनको राजधानी किभ नजिकै बुधबार भएको रुसी आक्रमणपछि खाद्यान्न गोदाममा लागेको आगो नियन्त्रमा लिँदै अग्निनियन्त्रक । नजिकै खसेको रुसी मिसाइलको टुक्रा ।** तस्बिरः एपी/रासस

किभमा भएको पछिल्लो आक्रमणमा २१ जनाको मृत्यु भएको क्षेत्रीय अधिकारीहरूले बताएका छन् भने आसपासका क्षेत्रमा २० जनाभन्दा बढी घाइते भएको उल्लेख गरिएको छ । यसअघि शनिबार किभ र उपनगरहरूमा भएको रुसी आक्रमणमा १० जनाको मृत्यु हुनुका साथै ३० जनाभन्दा बढी घाइते भएका थिए । जवाफमा ड्रोन हमला गरेर ब्ल्याक सीमा विशाल रुसी कन्टेनर जहाजमाथि डुबाएको युक्रेनी सेनाले दाबी गरेको छ । पछिल्लो समय युक्रेनले रुसका तेल तथा ग्यास सुविधाहरूलगायत नागरिक पूर्वाधारहरूमा आक्रमण तीव्र पार्दै गर्दा रुसले पनि ड्रोन हमलालाई पनि बढाउँदै लगेको छ । मस्कोका मेयर सर्गेइ सोबेनिनले बुधबार देशको हवाई प्रतिरक्षा प्रणालीले रुसी राजधानीतर्फ गइरहेका कम्तीमा १० वटा ड्रोनलाई नष्ट गरेको दाबी गरेका छन् ।

मस्कोको दक्षिणमा रहेको तुला क्षेत्रका गभर्नर डमिट्री मिलएयफले रुसी सेनाले मंगलबार रातभरिमा १ सय ७ वटा युक्रेनी ड्रोनहरू नष्ट गरेको दाबी गरेका छन् । उनले आक्रमणमा दुई अपार्टमेन्ट भवनहरू क्षतिग्रस्त भएको समेत जनाएका छन् । यसैबीच संयुक्त राष्ट्रसंघका मानवअधिकार पर्यवेक्षकहरूले पछिल्लो समय रुसी आक्रमणमा नागरिक हताहत हुने क्रम बढेको भन्दै चिन्ता व्यक्त गरेका छन् ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — गरेको काममा अपेक्षित सफलता मिल्नेछ । व्यक्तिगत काममा समय दिन भ्याइनेछ । कुनै कुराको आकस्मिक लाभ होला ।

**वृष** — कसैको कुरालाई बढी गम्भीर रूपमा नलिनुहोला । आफू असम्बद्ध कुरामा तर्किनुहोला । समयावस्था हेरेर नगरी नहुने कुरामा जोड दिनु नै उचित हुनेछ ।

**मिथुन** — कुनै कुरालाई लिएर कतै बैठक बस्न सक्छ । समयावस्था विचारेर कामलाई तह लगाइनेछ । व्यक्तिगत कामकुरामा जोड दिइनेछ ।

**कर्कट** — काम गर्ने जाँगर बढ्नेछ । समय आफू अनुकूल बन्दै जानेछ । क्रमशः सबै कुरा मिल्दै जानेछन् ।

**सिंह** — पारिवारिक कुरामा जोड दिइनेछ । सबैको कुरा बुझी काम गर्ने प्रयास होला । स्वास्थ्य र खानपानमा पनि जोड दिइनेछ ।

**कन्या** — हरेक कुरामा अद्यावधिक हुन खोजिनेछ । समयानुसार चल्ने प्रयास गरिनेछ । समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गरिनेछ ।

**तुला** — समयलाई आफू अनुरूप तह लगाउन खोजिनेछ । जसरी पनि आफूखुसी रहने प्रयत्न हुनेछ । इच्छाइएका कामकुरामा बढी जोड दिइनेछ ।

**वृश्चिक** — आफ्नो कर्तव्यमा व्यस्त भइनेछ । समसामयिक कुराको ख्याल गर्दै आफूलाई अघि सारिनेछ । क्रमशः सबै कुरा मिल्दै जानेछन् ।

**धनु** — घरमा कसैको आगमन हुन सक्छ । कसैलाई तपाईंको साथको आवश्यकता पर्ला । समयानुसार कामको व्यवस्थापन गर्ने प्रयास हुनेछ ।

**मकर** — सबै कुरा आफूले भनेजस्तो नहुन सक्छ । समझदारीसाथ चल्नुपर्ने बेला छ । आफैंले आफ्नो सहजताको विचार गर्नुपर्ने छ ।

**कुम्भ** — पारिवारिक वातावरण सुमधुर रहनेछ । समयानुसार सबै कुरा मिल्दै जानेछन् । विविध कुरामा मन रमाउनेछ ।

**मीन** — कसैलाई तपाईंको साथ आवश्यक पर्न सक्छ । समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ । नगरी नहुने कुरामा विशेष जोड दिइनेछ ।


## वर्गीकृत विज्ञापन

**घर जग्गा**

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

४आनार ४रोपनीको आवासियघडेरी बिक्रीमा ९८०२३१५१०३

काठमाडौं दहचोक सुरुडमार्ग नजिकै ४-१२-०४-० जग्गा बिक्रिमा 9841767827

जग्गा बिक्रिमा सांगला ४ आनाका टुक्राहरू प्रतिआना २३ लाख सम्पर्क ९८५१३५७९१०

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

**चाहियो**

ठमेलमा सुपरमार्केटको लागि सेल्सगर्ल-२, क्यासियर-२ हाउसकिपिङ्ग-१ ९८६६०००००००

टिचिङ अगाडी वेटर, हेल्पर, 9803670327

बुढानिलकण्ठ स्थित रिसोर्टमा डिसवासर, वेटर चाहियो 9808961144

म:ममिस्त्री, वेटर-२ चाहियो तलव १५०००।- ९८४१३१११४२

च्याउ फर्मकोलागि महिला, पुरुष, खानेबस्ने व्यवस्था, भक्तपुर ९८५१०३९८४७, ९८१८२०४६६९

किर्तिपुर एरियामा सञ्चालनमा रहेको मन्टेश्वरी चाहिएकोले बिक्रि गर्न इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नु होला सम्पर्क नं. 9841248756

अनुभवी कुक वेटर मसाल्ची ९७६५३४३१९६

भ्यालिबाहिर अनुभवीकुक हेल्पर वेटर 9802082245

रेष्टुरेन्ट चलाउनसक्ने अनुभवी पार्टनर चाहियो ९७४१७१३६८४

सुरक्षा गार्ड २० तलब २५०००/- बानेश्वर ०१५२१८५४९ ९८४१४०१८८६

रिसेप्सनिष्ट, ग्रापिकडिजाइनर, कम्प्युटरअपरेटर, प्रेसअपरेटर, मार्केटरचाहियो 9700163668

अनुभवी वेटर-१, भांडामाझ्ने-१, बानियाटार, भक्तकोपुल ९८६१३९३६५५, ९८१८९२०२२१

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० | पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ | क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ | मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ | गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ | निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ | आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ | सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ | अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ | नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ | माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ | सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ | लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ | डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ | सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ | स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ५७४१०१७२५३ | सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| म्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ | प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ | मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ | किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ | सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ | कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० | गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ | मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ | मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० | न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ | श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| | | | दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० | के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| | | | | | | चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-

सम्पर्क नं. ५१९२०१४, ५१९२०१०, Ext. १०१४ Email: mktclassified@kmg.com.np

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १५२.९१ |
| युरो | १७६.०० |
| पाउन्ड स्टर्लिङ | २०५.५५ |
| अस्ट्रेलियन डलर | १०७.४७ |
| कतारी रियाल | ४१.९५ |

राष्ट्र बैंकको आधारमा

सुन रु. २,८८,०००
चाँदी रु. ४,४७५

# अर्थतन्त्रसम्बद्ध विषयमा समानान्तर छलफल, अन्योलमा अर्थतन्त्र

## प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेलसँग छलफल गर्दा होस् वा निजी क्षेत्रसँग भेटवार्ता गर्दा अर्थमन्त्री स्वर्णिम वाग्ले सहभागी हुँदैनन्, अर्थमन्त्रीले पनि समानान्तर रूपमा छुट्टै बैंकिङ क्षेत्रका अधिकारी र निजी क्षेत्रसँग छलफल गरिरहेका छन्

**यज्ञ बञ्जाडे** (काठमाडौं)

अर्थमन्त्री स्वर्णिम वाग्लेले बुधबार नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँग छलफल राखे । तर छलफलमा गभर्नर विश्वनाथ पौडेल र डेपुटी गभर्नर किरण पण्डित सहभागी थिएनन् । मंगलबार वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँगको बैठकमा पनि गभर्नर थिएनन् ।

गभर्नर पौडेल अर्थमन्त्रीसँगको छलफलमा नभए पनि प्रधानमन्त्री वालेन्द्र शाहसँग भने निरन्तर सम्पर्कमा छन् । गभर्नर पौडेलले शाहसँग प्रधानमन्त्री हुनुअघि एक पटक र प्रधानमन्त्री भइसकेपछि पाँच पटक छलफल गरिसकेका छन् । तर प्रधानमन्त्री र गभर्नरको छलफलमा अर्थमन्त्री वाग्ले सहभागी हुँदैनन् । प्रधानमन्त्रीले हालसम्म निजी क्षेत्रका दर्जनभन्दा बढी टोलीलाई भेटिरहँदा अर्थतन्त्रको बागडोर सम्हालेका मन्त्री वाग्ले कुनै पनि बैठकमा उपस्थित थिएनन् ।

निजी क्षेत्रलाई त्रस्त बनाउन भइरहेका धरपकड अन्त्य गर्ने पहल होस् वा अर्थतन्त्रलाई चलायमान बनाउने प्रतिबद्धता, तीन प्रमुख नेतृत्व प्रधानमन्त्री, अर्थमन्त्री र गभर्नरबीच तालमेल नहुँदा अन्योलको अवस्था सिर्जना भएको छ । रास्वपाले दुईतिहाइ निकटको बहुमतसहित १३ चैत २०८२ मा शक्तिशाली सरकार गठन गरेपछि राजनीतिक अस्थिरता अन्त्य भएकाले आर्थिक सुधारले प्राथमिकता पाउने अपेक्षा गरिए पनि चार महिनामा सुधारको संकेतसम्म देखिएको छैन ।

प्रधानमन्त्री शाह र अर्थमन्त्री वाग्लेले निजी क्षेत्रका विभिन्न संघ-संगठन र उद्योग व्यवसायीलाई निरन्तर भेटिरहेका छन् । विभिन्न घटनाक्रमले प्रधानमन्त्री र अर्थमन्त्री तथा अर्थमन्त्री र गभर्नरबीच 'सोच नमिलेको' स्पष्ट रूपमा देखिएको सांसद एवं पूर्वअर्थमन्त्री वर्षमान पुनको भनाइ छ ।

नीति तथा कार्यक्रममा आएका धेरै व्यवस्था बजेटमा नआउनु, भन्सारलगायत सबै प्रक्रिया पूरा गरेर आएका विद्युतीय गाडी प्रधानमन्त्रीको ठाडो निर्देशनबाट रोकिनु, अर्थमन्त्रीले गठन गरेको छानबिन समितिले गाडी आयात प्रक्रियामा कमजोरी नभएको देखाउँदा पनि प्रधानमन्त्री कार्यालयले लामो समयसम्म गाडी फुकुवा नगर्नु, शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत कर प्रधानमन्त्रीले फेसबुकमार्फत फिर्ता लिनुलगायत घटनाक्रमले प्रधानमन्त्री र अर्थमन्त्रीबीचको द्वन्द्व पुष्टि हुने पुनले बताए ।

ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले फेरि बिजुलीको भ्याट हटाउन अर्थमन्त्रीलाई दबाब दिनु र अर्थमन्त्रीले नमानेपछि शुल्क घटाएर भए पनि छुट दिने तयारी गर्नुले पनि उनीहरूबीच सुमधुर सम्बन्ध नभएको पुष्टि हुन्छ । 'प्रधानमन्त्री र अर्थमन्त्रीबीचको द्वन्द्वको मारमा निजी क्षेत्र परेको छ, निजी क्षेत्रलाई आतंकित पारिएको छ, महसुस गर्ने गरी पुँजी पलायन भइरहेको छ, लगानीमैत्री वातावरण बिग्रेको छ, प्रधानमन्त्री र गृहमन्त्रीबाट यस्तो काम भइरहेका छन्,' पूर्वअर्थमन्त्री पुनले भने, 'प्रधानमन्त्रीले अर्थमन्त्री र उद्योगमन्त्रीलाई विश्वास गरेको देखिएन ।'

प्रधानमन्त्री र गभर्नरबीच निकटता, तर अर्थमन्त्री र गभर्नरबीचमा दूरी बढेको स्पष्ट देखिएको पूर्वअर्थमन्त्री पुनको दाबी छ । 'यो राम्रो संकेत होइन, किनकि प्रधानमन्त्रीको अर्थमन्त्रीसँग र अर्थमन्त्रीको गभर्नरसँग राम्रो सम्बन्ध हुनुपर्ने हो, यहाँ त उल्टो भएको छ, प्रधानमन्त्री र गभर्नरबीच राम्रो सम्बन्ध छ, तर अर्थमन्त्री र गभर्नरबीच राम्रो छैन, यसले अप्ठेरो अवस्था आउँछ,' उनले थपे, 'प्रधानमन्त्रीले वित्त नीति र मौद्रिक नीति कार्यान्वयन गर्ने नेतृत्वलाई सँगसँगै लानुपर्ने गभर्नरलाई धेरै विश्वास र अर्थमन्त्रीलाई अविश्वास गरेको देखियो, यो पाराले अर्थतन्त्रको सुधार हुन सक्दैन ।'

चार महिनामा अर्थतन्त्रमा कुनै सुधार नभएको पुनले बताए । 'बजारमा महँगी अकासिएको छ, नागरिकले किन्न चाहँदा पनि मल र ग्यास पाएका छैनन् । चामल, तेललगायत खाद्यान्न र बिजुली महँगो भएको छ,' उनले भने, 'पुरानो सरकारको बेला यस्तो भएको भए ठूलो आन्दोलन हुन्थ्यो । अहिले सरकारले नागरिकबाट शंकाको लाभ पाएको छ ।'

पछिल्ला सातामा अर्थमन्त्री वाग्लेले पनि निजी क्षेत्रका उद्योगी व्यवसायीलाई लस्कर लाएर अर्थ मन्त्रालयमा भेटिरहेका छन् । प्रधानमन्त्री र अर्थमन्त्रीबाट भएका छुट्टाछुट्टै भेटलाई धेरैले समानान्तर गतिविधिका रूपमा हेरेका छन् । यसरी छुट्टाछुट्टै भेटेर सबैको समय मात्र खेर फाल्नुको साटो प्रधानमन्त्रीले डाकेको बैठकमा अर्थमन्त्रीलगायत सम्बन्धित मन्त्रालय तथा विभागका नेतृत्वलाई पनि सहभागी गराएको भए समस्या पहिचान, समाधानका विकल्प र कार्यान्वयनका लागि निर्देशन एकै पटक हुने उनीहरूको भनाइ छ ।

यसअघि अर्थमन्त्री जनार्दन शर्मा र गभर्नर महाप्रसाद अधिकारीको समयमा अर्थ मन्त्रालय र राष्ट्र बैंकबीच असहयोगको प्रतिस्पर्धा नै चलेको थियो । तत्कालीन अर्थमन्त्री शर्माले मन्त्रिपरिषद्‌बाट निर्णय नै गराएर गभर्नर अधिकारीलाई बर्खास्त गरेका थिए । पछि सर्वोच्चबाट अन्तरिम आदेश पाएपछि गभर्नर पुनः राष्ट्र बैंकमा फर्किए र बाँकी कार्यकाल पूरा गरे ।

समग्र अर्थतन्त्रको विकास तथा विस्तार र लक्षित आर्थिक वृद्धि प्राप्तिका लागि अर्थ मन्त्रालय र राष्ट्र बैंक नेतृत्वबीच प्रभावकारी समन्वय अत्यावश्यक रहे पनि बेलाबेलामा समस्या आउने गरेको राष्ट्र बैंकका पूर्वगभर्नर चिरञ्जीवी नेपालले जनाए । 'अहिले पनि अर्थ मन्त्रालय र राष्ट्र बैंक नेतृत्वबीचको सम्बन्धमा चिसोपन आउन थालेको चर्चा उद्योगी व्यवसायीमाझ सुनिन थालेको छ,' उनले भने, 'यो साँचो हो भने अर्थतन्त्रको हितमा हुँदैन ।' राष्ट्र बैंक र अर्थ मन्त्रालयबीचको सम्बन्धलाई प्रभावकारी बनाउनकै लागि राष्ट्र बैंक सञ्चालक समितिमा अर्थसचिव रहने व्यवस्था गरिएको उनको भनाइ छ ।

सरकारको करिब चारमहिने कार्यकालमा कानुनी सुधारको थालनी भए पनि अनुभूति हुने गरी अर्थतन्त्रको अवस्था र निजी क्षेत्रको आत्मविश्वासमा सुधार नभएको सरोकारवाला बताउँछन् । प्रधानमन्त्री तथा मन्त्रीहरूले निजी क्षेत्रका विभिन्न संघ-संगठनका पदाधिकारीसँग छलफल गरेर समस्या समाधानको प्रतिबद्धता जनाए पनि व्यावहारिक रूपमा सुधारको काम केही पनि नभएको नेपाल उद्योग वाणिज्य महासंघकी पूर्वअध्यक्ष भवानी राणाको भनाइ छ ।

'निजी क्षेत्रको आत्मविश्वासको सवालमा केही पनि सुधार देखिएको छैन, त्यसमा सुधार नभई न लगानीको वातावरण बन्छ न त व्यवसाय विस्तार नै हुन सक्छ,' उनले भनिन्, 'इतिहासकै न्यून ब्याजदरमा पैसा पाइए पनि उद्योगी व्यवसायीले लगानी थप्न र व्यवसाय विस्तार गर्न नसकेको अवस्था छ । पुरानो ऋण व्यवस्थापनका साथै आफ्नो र लगानी सुरक्षणमै पूरै समय दिनुपरेको अवस्था छ ।'

स्वदेशी लगानीकर्ताको मनोबल नबढ्दा विदेशी लगानी पनि प्रभावित भएको राणाको भनाइ छ । 'विदेशी लगानीकर्ताले सुरुमा यहाँका लगानीकर्तालाई सोध्ने हो, जब कि स्वदेशी लगानीकै अवस्था ठीक छैन भने उसले विदेशी लगानीकर्तालाई कस्तो सन्देश देला ?' यसकारण नयाँ सरकार आएपछिका चार महिनामा अर्थतन्त्र र निजी क्षेत्रको अवस्थामा सुधार नभएको राणाको भनाइ छ । बाँकी पृष्ठ ८





अहिले अर्थ मन्त्रालय र राष्ट्र बैंक नेतृत्वबीचको सम्बन्धमा चिसोपन आउन थालेको चर्चा सुनिन थालेको छ, यो साँचो हो भने अर्थतन्त्रको हितमा हुँदैन

● **चिरञ्जीवी नेपाल**
पूर्वगभर्नर, राष्ट्र बैंक



निजी क्षेत्रको आत्मविश्वासको सवालमा केही सुधार देखिएको छैन, त्यसमा सुधार नभई न लगानीको वातावरण बन्छ, न व्यवसाय विस्तार हुन सक्छ

● **भवानी राणा**
पूर्वअध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



उद्योगी व्यवसायी डरत्रासमा छन्, विदेशी मात्र होइन, स्वदेशी लगानी पनि बढ्न सकेको छैन, सरकारका ४ महिनामा अर्थतन्त्रमा आधारभूत परिवर्तन आएन

● **डिल्लीराज खनाल**
अर्थविद्

# ठेक्का तोडिएका पुलमा नयाँ लगाउन सकस

## पुराना ठेक्का तोडेर नयाँ ठेक्का गर्दा त्यसमा निर्माण कम्पनीले रुचि देखाउने गरेका छैनन्, आयोजनाले तयार पारेको लागत अनुमानभन्दा बढी प्रस्ताव गर्दा पनि सम्झौता हुने गरेको छैन



१४ वर्षमा पनि नबनेको झापाको कन्काई नदी पुल । फाइल तस्बिर : कान्तिपुर

**विमल खतिवडा** (काठमाडौं)

लामो समयदेखि काममा प्रगति नभएका पुलका ठेक्का तोडिएपछि नयाँ ठेक्का लाग्न कठिन हुने गरेको पाइएको छ । पुलको ठेक्का तोडेको वर्षौं बित्दा पनि त्यसमा नयाँ ठेक्का हुन नसक्दा सम्बद्ध निकायले त्यसको लाभ लिन सकेको छैन ।

पुराना ठेक्का तोडेर नयाँ ठेक्का गर्दा त्यसमा निर्माण कम्पनीले रुचि देखाउने गरेका छैनन् । आयोजनाले तयार पारेको लागत अनुमानभन्दा बढी प्रस्ताव गर्दा पनि सम्झौता हुने गरेको छैन । त्यसको एउटा उदाहरण हो- जाजरकोटबाट रुकुम पूर्व जोड्ने भेरी नदीको पुल । पुष्पलाल (मध्यपहाडी) राजमार्गअन्तर्गत पर्ने उक्त पुलको ठेक्का तोडेको चार वर्ष पुग्न लाग्दा पनि नयाँ ठेक्का लागेको छैन ।

राजमार्गअन्तर्गत सडक तयार भए पनि पुल नहुँदा त्यस क्षेत्रका स्थानीयले सास्ती खेपिरहेका छन् । समयमै पुल नबनेपछि २५ किलोमिटर टाढा रहेको रिम्नाहाबाट वारपार गर्नुपर्ने अवस्था छ । यो वर्ष सडक पूरा भए पनि पुल नबनेपछि समस्या भएको पुष्पलाल राजमार्ग योजना कार्यालय, दैलेखका प्रमुख निरञ्जन थापाले बताए ।

'यो मोटरबेल सस्पेन्सन ब्रिज हो, यस्ता खालको पुल नेपालमा कमै बनेका छन्,' थापाले भने, 'मान्छे हिँड्ने झोलुंगे पुल बनाइरहेका हुन्छौं । तर नेपालमा यस्तो पुल बनाएको निर्माण व्यवसायीको अनुभव पनि कम छ ।' त्यही भएर पनि नयाँ ठेक्का गर्दा निर्माण व्यवसायी नआएको हुन सक्ने उनले सुनाए । 'मध्यपहाडी राजमार्गअन्तर्गत भेरी नदीमा पुल नहुँदा स्थानीय रिम्नाहाबाट घुम्नुपरेको छ,' प्रमुख थापाले भने, 'यहाँ पुल बन्न सके २५ किमि दूरी घट्छ ।'

पुल निर्माणका लागि २९ असार २०६९ मा वाईपी कन्स्ट्रक्सनले १४ करोड ८४ लाख रुपैयाँमा असार २०७२ भित्र सक्ने गरी सम्झौता गरिएको थियो । तर १० वर्षसम्म उक्त कम्पनीले पुल निर्माणको काम नसकेपछि मंसिर २०७९ मा ठेक्का तोडिएको थियो । त्यसपछि यस खण्डमा ठेक्का सम्झौता भएर काम हुन सकेको छैन । दुई पटक ठेक्का आह्वान गरे पनि सम्झौता भएर काम हुन नसकेको पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालयका इन्जिनियर एवं सूचना अधिकारी सचिन श्रेष्ठले जनाए ।

पहिलो सूचना २ कात्तिक २०८० मा निस्किएको हो । 'यसमा अनक कन्स्ट्रक्सनले मात्र ठेक्का हालेको थियो, निर्देशनालयले तयार पारेको लागत अनुमानभन्दा बढी प्रस्ताव गरिएपछि ठेक्का क्यान्सिल गरियो,' श्रेष्ठले भने, 'दोस्रो पटक २८ वैशाख २०८१ मा ठेक्का आह्वान गरिएकामा कुनै पनि निर्माण व्यवसायीले ठेक्का हालेनन् ।' ठेक्का तोडिएको लामो समय भएकाले यसबारे अहिले डिजाइनमा पुनर्विचारको काम पनि गरिसकिएको छ ।

'सस्पेन्सन ब्रिज निर्माणसम्बन्धी मापदण्ड र स्पेसिफिकेसन बनाइराखेका छौं,' सूचना अधिकारी श्रेष्ठले भने, 'यो निर्देशनालयले बनाइरहेको छ । बनिसकेपछि सडक विभागबाट स्वीकृत भएर लागू भएपछि फेरि नयाँ ठेक्का गर्छौं ।' सस्पेन्सन ब्रिज झोलुंगे पुलको जस्तै ठूलो लट्ठा राखेर बनाउने पुल भएको उनले प्रस्ट्याए ।

पुल नबन्दा मध्यपहाडी राजमार्ग हुँदै रुकुम पश्चिम र त्यसभन्दा पूर्वतर्फ यात्रा गर्न सल्यानको सल्लीबजार, जाजरकोटको रिम्ना तथा रुकुम पश्चिमको सिम्ली हुँदै वैकल्पिक मार्ग प्रयोग गर्नुपर्ने बाध्यता छ । पुलमा उक्त कम्पनीले १८ प्रतिशत मात्र काम गरेको थियो ।

यता हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गत झापाको कन्काई पुलको ठेक्का ११ मंसिर २०८२ मा तोडियो । तर अहिलेसम्म नयाँ ठेक्का लाग्न सकेको छैन । ३१ जेठ २०६८ मा भएको ठेक्का सम्झौताअनुसार ३० जेठ २०७२ मा पुल बनिसक्नुपर्ने थियो । त्यति बेला ३४ करोड ९ लाख रुपैयाँ लागत अनुमान गरिएको थियो । पाँचौं पटक म्याद थप्दा प्रगति ६० प्रतिशत मात्र रह्यो । कन्काई पुल निर्माणको संयुक्त ठेक्का लिएका पप्पु-महादेव खिम्तीलाई १४ वर्षसम्म पनि पुल नबनाएपछि ३ वर्षका लागि कालोसूचीमा राखिएको हो ।

नयाँ ठेक्का भइनसकेको हुलाकी राजमार्ग निर्देशनालयका निर्देशक कुवेर नेपालीले जनाए । 'यो ठूलो पुल पनि हो, यसको ठेक्का आह्वान गरिसकिएको छैन,' उनले भने, 'पुरानो कामसहित ठेक्का लिँदा समस्या हुने हो कि, मुद्दामामिला हुने हो कि भनेर डरले निर्माण व्यवसायी ठेक्का लिन कठिन मान्छन् ।'

पुरानो पुलको ठेक्का तोडेर नयाँ लगाउन समस्या हुने गरेको उनको भनाइ छ । 'नेपाल पूर्वाधार निर्माण कम्पनीमार्फत काम गर्ने तयारी छ, यसबारे छलफल भइरहेको छ,' उनले भने ।

कतै खोलाले धार परिवर्तन गर्ने त कतै निर्माण व्यवसायीले काम नगर्दा प्रगति नभएका ३८ वटा पुलको ठेक्का तोडिएको सडक विभागअन्तर्गत पुल महाशाखाले जनाएको छ । तोडिएका ती ठेक्कामा अहिलेसम्म नयाँ काम अघि बढेको छैन । २०६७ सालदेखि ठेक्का भएर काम नभएका ठेक्का तोडिएका हुन् । सबैको लागत अनुमान तयार पारेर नयाँ ठेक्का गर्ने तयारी भइरहेको पुल महाशाखाका प्रमुख ललिजन खनालले बताए ।

### देशभर ठेक्का तोडिएका पुल

| |
|---|
| रुकुम पूर्व-जाजरकोट जोड्ने भेरी नदी पुल |
| झापाको कन्काई नदी पुल |
| माडी पुल, प्युठान |
| कोसोभा खोला पुल, उदयपुर |
| जल्लाद पुल, धनुषा |
| दूधमती पुल, धनुषा |
| बसाइ पुल, महोत्तरी |
| जल्लाद नदी पुल देउपुरा, धनुषा |
| गोछेखोला मोटरेबल पुल, सुर्खेत |
| भालुकुने खोला पुल, सुर्खेत |
| खुरा खोला पुल, दैलेख |
| फिर्के खोला पुल, पोखरा |
| त्रियुगा पुल, सिवाई, उदयपुर |
| बक्राहा खोला पुल, मोरङ |
| कालानदी लामागडा पुल |
| माईखोला पुल, इलाम |
| अरुण नदी पुल |
| भुजी खोलामा मोटरवेल पुल |
| दरौं खोला पुल |
| पत्रे खोला पुल, दाङ |
| पम्फा खोला पुल, सुर्खेत |
| सुनकोशी पुल |
| दुईसोता गिधनिया पुल |

# लगानी बोर्ड नेतृत्वमा अर्थशास्त्री यांकी

**कान्तिपुर संवाददाता** (काठमाडौं)



लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ) मा अर्थशास्त्री यांकी उक्याब नियुक्त भएकी छन् । मन्त्रिपरिषद् बैठकले बुधबार उक्याबलाई बोर्डको नेतृत्वमा चुनेको हो । सरकारका प्रवक्तासमेत रहेका शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उनको नियुक्तिबारे जानकारी दिएका थिए ।

अर्थमन्त्री स्वर्णिम वाग्लेको संयोजकत्वमा गठित सिफारिस समितिले उनको नाम सिफारिस गरेको थियो । यस समितिमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्ट र प्रधानमन्त्रीका सल्लाहकार सुदीप ढकाल सदस्य थिए । बोर्डको सीईओ बन्न उक्याबसहित आठ जनाबीच प्रतिस्पर्धा थियो ।

नवनियुक्त उक्याब अनुभवी विकास अर्थशास्त्री हुन् । उनीसँग विकास वित्त र रणनीतिक साझेदारीका क्षेत्रमा १५ वर्षभन्दा बढीको अनुभव छ । उक्याबले संयुक्त राष्ट्रसंघका विभिन्न निकायमा लामो समय काम गरेकी छन् । उनले सन् २०२५ देखि २०२६ सम्म कम्बोडियामा संयुक्त राष्ट्रसंघको साझेदारी तथा विकास वित्त विज्ञका रूपमा काम गरेकी थिइन् । यस भूमिकामा उनले सरकार, विकास साझेदार, अन्तर्राष्ट्रिय वित्तीय संस्था र निजी क्षेत्रका विभिन्न पक्षसँग समन्वय गर्ने काम गरेकी थिइन् ।

त्यसअघि फिजीस्थित यूएनडीपीको प्रशान्त क्षेत्रका लागि बहुदेशीय कार्यालयमा वरिष्ठ नीति सल्लाहकारको भूमिका निभाएकी थिइन् । उनले प्रशान्त क्षेत्रका १० टापु राष्ट्रको आर्थिक विकास र जलवायु वित्तमा केन्द्रित रहेर काम गरेको उनको लिंक्डइन प्रोफाइलमा उल्लेख छ ।उक्याबले सन् २०१२ देखि २०१६ सम्म लगानी बोर्डको आर्थिक विश्लेषण एकाइको नेतृत्व गरेकी थिइन् । त्यस अवधिमा उनले माथिल्लो कर्णाली र अरुण तेस्रोजस्ता राष्ट्रिय गौरवका आयोजनाको लगानी ढाँचा र सम्झौता प्रक्रियामा भूमिका खेलेकी थिइन् । उनले नेपालमा यूएनडीपीको विकास अर्थशास्त्री र नीति फाउन्डेसनमा पूर्वाधार नीति सल्लाहकारका रूपमा पनि काम गरेकी थिइन् । निजी क्षेत्रमा उनको अनुभव अमेरिकाको एईएस कर्पोरेसन र स्प्रिन्टजस्ता कम्पनीहरूमा छ ।

यांकीले बेलायतको अक्सफोर्ड विश्वविद्यालयबाट सार्वजनिक नीतिमा स्नातकोत्तर गरेकी छन् भने अमेरिकाको मिजोरी विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर र ट्रुमन स्टेट विश्वविद्यालयबाट स्नातक पूरा गरेकी छन् । उनीसँग भारतको इन्डियन इन्स्टिच्युट अफ म्यानेजमेन्ट बैंगलुरबाट पूर्वाधार वित्तसम्बन्धी विशेष अध्ययन गरेको अनुभव पनि छ । उनी अन्तर्राष्ट्रिय विकास साझेदार र सरकारी निकायहरूबीच समन्वय गर्न दक्ष मानिन्छिन् । बोर्डको सीईओका लागि उक्याबसहित मनमानसिंह बस्न्यात, जितेन्द्र धिताल, मुकुन्दप्रसाद पौड्याल, सरोज कोइराला, बखतबहादुर शाही, मनोज पौडेल र मधुप्रसाद भेटवाल प्रतिस्पर्धामा थिए ।

"शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार"

**पुतलीबजार नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
प्रगतिनगर, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

**धरौटी रकम राजश्व दाखिला (सदरस्याहा) एवं धरौटी रकम फिर्ता माग गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०४/२१ गते**

यस कार्यालयबाट निकासा भुक्तानी लिने तपशिलका व्यक्ति, फर्म तथा संस्थाहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियामावली, २०७७ को नियम ६८ बमोजिम धरौटी रकम राजश्व आम्दानी बाँध्ने अवस्थाका रकमहरू सोहि नियामावलीको नियम ६५, ६६ र ६७ को प्रक्रिया पुरा गरी विगत बर्षदेखि हालसम्म फिर्ता लिन नआएकोले नियम ६७ को उपनियम (३) बमोजिम राजश्व दाखिला (सरदस्याहा) गरि हिसाब मिलान गर्नका लागि नियम ६७ को उपनियम (२) बमोजिम सम्बन्धित व्यक्ति, फर्म तथा संस्थाहरूले फिर्ता लिन आउनुहुन **सूचना प्रकाशन मितिले १५ (पन्ध्र) दिनको म्याद** दिई यो सूचना प्रकाशन गरिएको छ ।

- उक्त अवधिभित्र तपशिलका व्यक्ति, फर्म तथा संस्थाहरूले निवेदन, आवश्यक कागजात एंव प्रमाण (कर चुक्ता प्रमाण पत्र, मुल्य अभिवृद्धि कर (भ्याट) समायोजनको पत्र, धरौटी दाखिलाको प्रमाण) सहित धरौटी रकम फिर्ताका लागि यस कार्यालयमा सम्पर्क गरि माग गर्न सकिनेछ अन्यथा उक्त धरौटी रकम यस कार्यालयको आन्तरिक राजश्व खातामा दाखिला गरिनेछ ।
- यस सूचनाको विस्तृत विवरण (नाम नामेसी विवरण) पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको वेवसाइट www.putalibazarmun.gov.np बाट हेर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## अर्थ संक्षेप

### एनसेलको मनसुन अफर




काठमाडौं (कास)- एनसेलले नयाँ मनसुन अफर सार्वजनिक गरेको छ । ग्राहकको डिजिटल अनुभूतिलाई अझ गहिरो बनाउने उद्देश्यले सार्वजनिक गरिएको यो अफरअन्तर्गत योग्य प्याक वा नयाँ प्रिपेड सिम खरिद गर्दा ५ प्रतिशतदेखि २० प्रतिशतसम्मको तत्काल क्यासब्याक प्राप्त गर्न सक्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । एनसेलका प्रिपेड ग्राहकले अब प्याक एक्टिभेट गरेर बचत गर्न सक्नेछन् । यो योजनामा सहभागी हुन ग्राहकले ५० वा त्यसभन्दा माथिको योग्य प्याक एक्टिभेट गर्नुपर्छ । एक्टिभेसनपछि ग्राहकले रिवार्ड पुष्टि गर्ने एसएमएस सूचना प्राप्त गर्नेछन् । त्यसपछि उनीहरूको एनसेल एपमा रहेको खातामा क्यासब्याक रिवार्ड जम्मा हुने विज्ञप्तिमा जनाइएको छ । मनसुन अफरअन्तर्गत ५० देखि ९९ सम्मको प्याक खरिद गर्ने ग्राहकले ५ प्रतिशत क्यासब्याक पाउनेछन् । १ सयदेखि २ सय रुपैयाँसम्मको प्याकमा १० प्रतिशत, २ सय १ देखि ४ सय ९९ सम्मको प्याकमा १५ प्रतिशत र ५ सय तथा त्यसभन्दा बढीको प्याक एक्टिभेट गर्नेले खरिद मूल्यमा २० प्रतिशतसम्मको क्यासब्याक रिवार्ड पाउने कम्पनीले बताएको छ ।

### 'कथा सुनाउनुहोस्, पल्सर जित्नुहोस्' अभियान




काठमाडौं (कास)- बजाज ग्लोबलले ह्यासट्याग माई पल्सरस्टोरी नामक विश्वव्यापी अभियान सुरु गरेको छ । यस अभियानमार्फत विश्वभरका राइडर, कन्टेन्ट क्रिएटर, राइडिङ क्लब तथा लामो समयदेखि पल्सर प्रयोग गर्दै आएका ग्राहकलाई पल्सरसँग जोडिएका वास्तविक र प्रेरणादायी अनुभव साझा गर्न आह्वान गरिएको छ । यस अभियानले नेपालसहित विश्वभर रहेका पल्सर राइडिङ समुदायको उत्साह, समर्पण र साहसी यात्रालाई सम्मान गर्ने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । सहभागीहरूले भिडियो, संगीत, एआई आधारित सामग्री, फोटो वा अन्य कुनै पनि सिर्जनात्मक माध्यम र जुनसुकै भाषामा आफ्ना पल्सरसँग जोडिएका कथा प्रस्तुत गर्न सक्ने विज्ञप्तिमा जनाइएको छ । छनोट भएका सामग्री पल्सरका विश्वव्यापी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिने कम्पनीको भनाइ छ । अभियानअन्तर्गत प्रत्येक साता छनोट हुने विजेताले अमेरिकी डलर ५ सय बराबरका उपहार प्राप्त गर्नेछन् ।

### नेपाल बैंक र पिपल्स डेन्टल कलेजबीच छुट सम्झौता




काठमाडौं (कास)- नेपाल बैंक लिमिटेडमा खाता रहेका ग्राहक र बैंकमा कार्यरत कर्मचारीलाई काठमाडौंको नयाँबजारमा रहेको पिपल्स डेन्टल कलेज एन्ड हस्पिटल र यसअन्तर्गत सञ्चालित जनरल अस्पतालमा समेतमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्झौतामा हस्ताक्षर भएको छ । यसअनुसार पिपल्स डेन्टल कलेज एन्ड हस्पिटल र त्यसअन्तर्गत सञ्चालित जनरल अस्पतालमा उपचार गर्दा नेपाल बैंक लिमिटेडमा खाता रहेका ग्राहक र बैंकमा कार्यरत कर्मचारीले बिरामी दर्ता र चेक अपमा सय प्रतिशतसम्म र अस्पतालका विविध सेवामा लाग्ने शुल्कहरूमा १० देखि २० प्रतिशतसम्म छुट पाउनेछन् । सम्झौतापत्रमा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत दीपेन्द्रराज काफ्ले र पिपल्स डेन्टल कलेज एन्ड हस्पिटलका तर्फबाट प्रबन्ध निर्देशक रोशन लुइँटेलले हस्ताक्षर गरे ।

### लिट्मसको 'पावर पार्टनर्स मिट २०८३'




काठमाडौं (कास)- नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गरिरहेको लिट्मस इन्डस्ट्रिज लिमिटेडले चौथो 'पावर पार्टनर्स मिट २०८३' पोखरामा सम्पन्न गरेको छ । कार्यक्रममा देशभरबाट करिब २ सय जना च्यानल पार्टनरको सहभागिता रहेको कम्पनीले जनाएको छ । हरेक वर्ष आयोजना हुने यस कार्यक्रमले कम्पनी र यसको डिलर नेटवर्कबीचको सहकार्यलाई अझ सुदृढ बनाउने, साझा उपलब्धिहरूको सम्मान गर्ने तथा आगामी रणनीतिक योजनाबारे जानकारी आदानप्रदान गर्ने उद्देश्य राखेको थियो । कार्यक्रममा लिट्मस इन्डस्ट्रिजको पाँच दशकभन्दा लामो यात्रा समेटिएको प्रस्तुति गरिएको थियो । त्यस क्रममा कम्पनीको विकासक्रम, बजार नेतृत्व, उत्पादन क्षमता, महत्त्वपूर्ण उपलब्धि तथा भावी रणनीतिबारे जानकारी गराइएको थियो । अत्याधुनिक प्रविधि, निरन्तर नवप्रवर्तन तथा विश्वस्तरीय उत्पादन मापदण्डमार्फत उच्च गुणस्तरका उत्पादन उपलब्ध गराउने आफ्नो प्रतिबद्धतालाई कम्पनीले पुनः दोहोर्‍याएको छ । डिलर नेटवर्कको योगदानको कदर गर्दै कम्पनीले उत्कृष्ट कार्यसम्पादन गर्ने १२ जना डिलरलाई विभिन्न विधामा सम्मानसमेत गरेको छ ।

।। आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टार्दैन त्यो ।।
।। झट्टै विन्ती गरुन् झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो ।।
**भावपूर्ण श्रद्धाञ्जली**



जन्मः २००४/०८/११
स्वर्गारोहणः २०८३/०४/०५
स्व. प्रेमलता पौडेल

हाम्री प्रिय फुपू हजुर **प्रेमलता पौडेल**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकको यस घडीमा शोकाकुल श्रद्धेय फुपाजू दिलिप कुमार पौडेल (पूर्व प्रधान न्यायाधीसज्यू) एवं शोकाकुल परिवारजनमा धैर्य धारण गर्न र अविचलित रहने शक्ति प्राप्त होस भनि भगवान श्री पशुपतिनाथसँग प्रार्थना गर्दछौं ।

भदा : दिनेश सिंह
भदा बुहारीः नितु पाण्डे सिंह
भदा नाति : दर्पण सिंह, दृष्टान्त सिंह
* नक्साल, काठमाडौं । *

# राष्ट्र बैंकका कार्यकारी निर्देशकलाई अर्थमन्त्री वाग्लेका प्रश्नैप्रश्न

**राष्ट्र बैंकको भूमिका पुनर्परिभाषित गर्न कार्यकारी निर्देशकलाई आग्रह, बजेटमार्फत सरकारले एउटा स्पष्ट दिशा तय गरेकाले यस यात्रामा राष्ट्र बैंकले पनि आफ्नो भूमिका प्रस्ट्याउन निर्देशन**

**कान्तिपुर संवाददाता** (काठमाडौं)



अर्थ मन्त्रालयमा बुधबार राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूसँग छलफल गर्दै अर्थमन्त्री स्वर्णिम वाग्ले । तस्बिर : कान्तिपुर

नयाँ सरकार र बदलिँदो परिवेशमा आफ्नो भूमिका पुनर्परिभाषित गर्न अर्थमन्त्री स्वर्णिम वाग्लेले राष्ट्र बैंकका कार्यकारी निर्देशकहरूलाई आग्रह गरेका छन् । राष्ट्र बैंकका १८ वटै कार्यकारी निर्देशकलाई बुधबार अर्थ मन्त्रालयमा बोलाएर अर्थमन्त्री वाग्लेले बजेटमार्फत सरकारले एउटा स्पष्ट दिशा तय गरेकाले यस यात्रामा राष्ट्र बैंकले पनि आफ्नो भूमिका पुनर्परिभाषित गर्न आग्रह गरेका हुन् ।

'यस वर्षको सामान्य वार्षिक बजेट होइन । यो आर्थिक सुधार र संरचनागत रूपान्तरणको रोडम्याप हो,' अर्थमन्त्री वाग्लेले भने, 'अब प्रश्न अर्को छ, नेपाल राष्ट्र बैंक यस यात्रामा आफ्नो भूमिका कसरी पुनर्परिभाषित गर्छ ? म यही विषयमा खुला र गम्भीर छलफल चाहन्छु ।'

अर्थमन्त्री वाग्लेले कार्यकारी निर्देशकहरूलाई थप भने, 'हामी सबैले आफ्नै संस्थालाई एउटा प्रश्न सोध्नुपर्छ । के हामी पर्याप्त आत्मविश्वासका साथ काम गरिरहेका छौं ? के हाम्रो नीतिगत स्पष्टता पर्याप्त छ ? के हाम्रो निर्णय प्रक्रियामा पर्याप्त तत्परता छ ? के हामी समस्या समाधान गर्ने नियामक हौं, कि समस्या व्यवस्थापन गर्ने नियामक मात्र ?'

अहिलेको आर्थिक परिस्थितिलाई केवल जोखिम व्यवस्थापनका दृष्टिले हेर्ने कि अवसर सिर्जनाका दृष्टिले पनि हेर्नुपर्ने हो, त्यसका लागि विद्यमान सोचमा परिवर्तन आवश्यक रहेको अर्थमन्त्री वाग्लेले बताए ।

सरकारले घोषणा गरेका आर्थिक सुधारहरूलाई सफल बनाउन नेपाल राष्ट्र बैंकले अब कुन-कुन नीतिगत पहल गर्नुपर्छ, उत्पादनमुखी क्षेत्रमा कर्जा प्रवाह कसरी बढाउन सकिन्छ, बैंकिङ प्रणालीमा रहेको अधिक तरलतालाई उत्पादन, उद्योग र रोजगारीमा कसरी रूपान्तरण गर्न सकिन्छ ? पुँजीबजार, रियल इस्टेट, बैंकिङ प्रणाली र वास्तविक अर्थतन्त्रबीच स्वस्थ सम्बन्ध कसरी निर्माण गर्न सकिन्छ भन्ने प्रश्न पनि अर्थमन्त्रीले गरेका थिए ।

'मौद्रिक नीति र वित्त नीतिबीचको समन्वयलाई अझ प्रभावकारी कसरी बनाउने ? डिजिटल वित्त, फिनटेक, वैकल्पिक वित्त, स्टार्टअप वित्तपोषण र नयाँ वित्तीय उपकरणलाई कसरी सहज बनाउने ?,' अर्थमन्त्रीले थप प्रश्न गरे, 'नियमनको उद्देश्य केवल नियन्त्रण होइन, उत्पादनशील आर्थिक गतिविधिलाई सक्षम बनाउनु पनि हो । हाम्रो नियमनले नवप्रवर्तनलाई रोकिरहेको छ कि प्रोत्साहन गरिरहेको छ ? यो प्रश्न पनि हामीले आफैंसँग सोध्नुपर्छ ।'

'यो सम्भव छैन' भन्ने सोच हटाएर 'यसलाई सम्भव बनाउन के गर्नुपर्छ' भन्ने सोचबाट अघि बढ्नुपर्नेमा अर्थमन्त्री वाग्लेको जोड छ । अहिले नेपाललाई सबैभन्दा बढी आवश्यक विषय नीतिगत आत्मविश्वास भएको उनले जनाए । 'सरकार आत्मविश्वासी छ, नेपाल राष्ट्र बैंक आत्मविश्वासी छ, बैंकिङ प्रणाली आत्मविश्वासी छ र निजी क्षेत्र आत्मविश्वासी छ भने आर्थिक वृद्धि धेरै टाढाको लक्ष्य हुँदैन,' अर्थमन्त्री वाग्लेले भने ।

बुधबारको बैठक नियमित अन्तरसंस्थागत समन्वय बैठक मात्र नभएर नेपालको आर्थिक रूपान्तरणलाई कार्यान्वयनमा लैजाने साझा अभियानको एउटा महत्त्वपूर्ण चरण भएको अर्थमन्त्रीको दाबी छ । पछिल्ला केही दिनमा आफूले उद्योगी-व्यवसायी तथा वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृतहरूसँग लामो समय छलफल गर्ने अवसर पाएको र त्यसबाट निजी क्षेत्रले नवीन अवसरसँगै बढी आत्मविश्वास खोजिरहेको अर्थमन्त्री वाग्लेले बताए । निजी क्षेत्रलाई केवल सहुलियत होइन, स्पष्ट नीति, स्थिर नियम, छिटो निर्णय र विश्वसनीय कार्यान्वयन चाहिएको उनको भनाइ छ ।

अर्थतन्त्रको सुधारका लागि पछिल्लो एक दशकलाई फर्केर हेर्नुपर्नेमा उनको जोड छ । 'के हामीले नीतिगत रूपमा सही निर्णयहरू गर्न सकेनौं ? धेरै ठाउँमा सकेका थियौं । तर ती निर्णयहरू कार्यान्वयनसम्म पुग्दा किन अपेक्षित परिणाम दिन सकेनन् ? किन निजी क्षेत्र क्रमशः प्रतिरक्षात्मक बन्दै गयो ?' बैठकमा अर्थमन्त्रीले प्रश्न गरे, 'किन लगानीको आत्मविश्वास कमजोर भयो ? किन बैंकमा तरलता बढ्दै गयो तर उद्योगमा कर्जा पुग्न सकेन ? किन पुँजीबजार र वास्तविक अर्थतन्त्रबीचको सम्बन्ध कमजोर बन्दै गयो ? किन उत्पादन र उत्पादकत्वले अपेक्षित गति लिन सकेन ?'

यस्ता प्रश्न केवल समीक्षा गर्ने विषय नभएको र प्रश्नको उत्तरले आगामी दशकको आर्थिक नीति निर्धारण गर्ने अर्थमन्त्री वाग्लेको दाबी छ ।

बैठकमा १८ वटै कार्यकारी निर्देशकलाई बोल्न दिइएको थियो । बिहान साढे ९ बजेदेखि नै बैठक बोलाइएको थियो । बिहान १२ जना कार्यकारी निर्देशकले आफ्नो भनाइ राखेका थिए । त्यसैबीच अर्थमन्त्री वाग्ले मन्त्रिपरिषद्को बैठकमा सहभागी भए । बिहानको बैठकमा बोल्न बाँकी ६ जना कार्यकारी निर्देशकलाई साँझ अर्थ मन्त्रालयमा पुनः बोलाएर छलफल गरिएको अर्थमन्त्रीको सचिवालयले जनाएको छ ।

# १२८ मेगावाटको तमोर-मेवा जलविद्युत् आयोजनाको सुरुङ खन्न सुरु

**कान्तिपुर संवाददाता** (काठमाडौं)



स्पार्क हाइड्रोइलेक्ट्रिक कम्पनी लिमिटेडले १२८ मेगावाट क्षमताको तमोर-मेवा जलविद्युत् आयोजना अन्तर्गत सुरुङ छेड्ने (टनल ब्लास्टिङ) काम सुरु गरेको छ । कम्पनीले आयोजना निर्माणको महत्त्वपूर्ण चरणका रूपमा रहेको सुरुङ विस्फोट कार्यक्रम बुधबार ताप्लेजुङको फुङलिङमा गरेको कम्पनीले जनाएको छ ।

सुरुङ ब्लास्टिङसँगै आयोजनाको भूमिगत उत्खनन कार्य औपचारिक रूपमा सुरु भएको कम्पनीको भनाइ छ । आयोजना निर्माणको समयतालिकाअनुसार यो चरणलाई अत्यन्त महत्त्वपूर्ण मानिएको छ । यससँगै आयोजना योजनाको चरणबाट निर्माणको सक्रिय चरणमा प्रवेश गरेको कम्पनीले बताएको छ ।

कार्यक्रममा कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक सुदीपकुमार चौधरीसहित सञ्चालक समितिका पदाधिकारीहरूको उपस्थिति थियो । फुङलिङ नगरपालिकाका उपप्रमुख तथा सम्बन्धित वडाका अध्यक्ष प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

सुरुङ विस्फोट कार्यक्रम केवल चट्टान फुटाउने कार्य मात्र नभई नेपालको ऊर्जा सुरक्षासहित उज्यालो भविष्य निर्माणतर्फको महत्त्वपूर्ण सुरुआत भएको कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक चौधरीले बताए । तमोर-मेवा आयोजना निर्धारित समयमै उच्च गुणस्तरसहित सम्पन्न गर्ने कम्पनीको दृढ प्रतिबद्धता रहेको उल्लेख गर्दै उनले यसबाट स्थानीय समुदाय र समग्र राष्ट्रले दीर्घकालीन लाभ प्राप्त गर्ने विश्वास व्यक्त गरे ।

आयोजनाको वित्तीय व्यवस्थापनमा सिद्धार्थ बैंक लिमिटेडले प्रमुख बैंक (लिड बैंक) को भूमिका निर्वाह गरिरहेको छ भने माछापुच्छ्रे बैंक लिमिटेड को-लिड बैंकका रूपमा सहभागी रहेको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । दुवै बैंकको सहकार्य तथा ऋण लगानीले आयोजनाका लागि आवश्यक वित्तीय स्रोत सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेलेको कम्पनीले जनाएको छ ।

> **निर्माण सम्पन्न भएपछि १२८ मेगावाट क्षमताको यो आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ ।**

निर्माण सम्पन्न भएपछि १२८ मेगावाट क्षमताको यो आयोजना राष्ट्रिय प्रसारण प्रणालीमा जोडिनेछ । आयोजनाले विद्युत् आपूर्ति अभिवृद्धि गर्दै ऊर्जा अभाव न्यूनीकरण र नवीकरणीय ऊर्जामार्फत मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउने अपेक्षा गरिएको छ । आयोजना निर्धारित समयमै सम्पन्न गर्ने, सुरक्षा मापदण्ड पालना गर्ने तथा वातावरणीय पक्षलाई उच्च प्राथमिकतामा राखेर निर्माण कार्य अघि बढाइने कम्पनीको भनाइ छ ।

# काठमाडौं विश्वविद्यालय र कान्तिपुर मिडिया ग्रुपबीच पाँचवर्षे समझदारी



काठमाडौं (कास)- काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टअन्तर्गत भाषा तथा आमसञ्चार विभाग र कान्तिपुर मिडिया ग्रुपबीच विश्वविद्यालय र नेपालको मिडिया उद्योगबीचको सम्बन्धलाई सुदृढ बनाउन पाँचवर्षे सम्झौतामा हस्ताक्षर भएको छ । काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्ट्स, हात्तीवन, ललितपुरमा आयोजित एक समारोहमा सम्झौता भएको हो । समझदारीपत्रमा विभागका प्रमुख निर्मलामणि अधिकारी र कान्तिपुर मिडिया ग्रुपका पिपल एन्ड कल्चर म्यानेजर विश्रान्त कटवालले हस्ताक्षर गरे ।

कान्तिपुर मिडिया ग्रुपले भाषा तथा आमसञ्चार विभागका विद्यार्थीलाई आफ्ना विभिन्न विभागमा अवलोकन गर्ने अवसरका साथै योग्य उम्मेदवारलाई पारिश्रमिकसहितको इन्टर्नसिप उपलब्ध गराउने समझदारीपत्रमा उल्लेख छ । कान्तिपुर मिडिया ग्रुपका व्यावसायिक व्यक्तित्वलाई काठमाडौं विश्वविद्यालयमा सञ्चालन हुने कार्यशाला, सेमिनार तथा सम्मेलनमा अतिथि व्याख्यताका रूपमा सहभागी गराइने पनि जनाइएको छ ।

# अर्थतन्त्रसम्बद्ध विषयमा...

अर्थमन्त्री वाग्लेले पदभार सम्हालेको तीन दिनदेखि नै र प्रधानमन्त्री शाहले सरकारको एक सय दिन पुगेपछि निरन्तर रूपमा विभिन्न निजी क्षेत्रका संघ-संगठनलाई भेटिरहेका छन् । २४ असार २०८३ मा प्रधानमन्त्री शाहले पहिलो पटक निजी क्षेत्रका तीन संस्था उद्योग वाणिज्य महासंघ, उद्योग परिसंघ र चेम्बर अफ कमर्सका पदाधिकारीलाई भेटेर निजी क्षेत्रसँगको भेटको सुरुवात गरेका थिए ।

त्यसयता दर्जनभन्दा बढी निजी क्षेत्रका संघसंस्थासँग भेटिसकेका छन् । तर ती भेटमा अर्थमन्त्री वाग्ले सहभागी छैनन् । भेटमा अर्थतन्त्र सुधारका लागि सरकार प्रतिबद्ध रहेको, सुधारमा अवरोध हुने नीति निर्देशन तत्काल परिमार्जन गरिने, लगानीमैत्री वातावरण बनाइनेजस्ता आश्वासन धेरै आए । तर, अर्थतन्त्रका महत्त्वपूर्ण सूचकहरू पुँजीगत खर्च, राजस्व संकलन, निजी क्षेत्रको कर्जा, निर्यात, लघु, औद्योगिक उत्पादन, उत्पादकत्व तथा क्षमता उपयोग, साना तथा मझौला उद्यम (एमएसएमइज) लगायत क्षेत्रमा सुधारको संकेतसम्म नदेखिएको जानकारहरूको गुनासो छ ।

जेन-जी आन्दोलनको जगमा भएको निर्वाचनबाट दुईतिहाइ निकटको मत पाएको शक्तिशाली सरकारबाट नागरिकको धेरै अपेक्षा थियो । तर त्यसअनुरूप अर्थतन्त्रमा सुधार हुन नसकेको अर्थविद् बताउँछन् । बैंक तथा वित्तीय संस्थामा थुप्रिएको खर्बौं रकम कायमै रहे पनि कर्जा माग बढेको छैन, सेयर बजार निरन्तर रूपमा ओरालो लागिरहेको छ भने घरजग्गा कारोबारमा पनि सुधार हुन सकेको छैन ।

पहिलो चार महिनामा सरकारले गरेका काम निराशाजनक रहेको अर्थविद् डिल्लीराज खनाल बताउँछन् । 'रास्वपाका वाचापत्र, सरकारको सुशासनसम्बन्धी सयबुँदे कार्यसूचीलगायतले धेरै आशा जगाएको थियो । तर परिवर्तनको अनुभूति हुने गरी न निजी क्षेत्रको आत्मविश्वास बढेको छ, न पुँजीगत खर्चको स्थितिमा सुधार भएको छ । न बैंकमा थुप्रिएको पैसा घटेको छ, न सेयर बजारमा सुधार नै आएको छ,' उनले भने, 'उद्योगी व्यवसायी डरत्रासमा छन् । विदेशी मात्र होइन, स्वदेशी लगानी पनि बढ्न नसकेकाले यो सरकारको चार महिनामा अर्थतन्त्रमा आधारभूत परिवर्तन आएन ।'

रास्वपाको वाचापत्र र सरकारको सुशासनसम्बन्धी १ सय बुँदे कार्यसूचीले धेरै आशा जगाए पनि सय दिनमा अर्थतन्त्रमा आधारभूत परिवर्तन नदेखिएको र निजी क्षेत्रको आत्मविश्वास, पुँजीगत खर्च, लगानी र सेयर बजारमा अपेक्षित सुधार आउन नसकेको जानकारहरू बताउँछन् । गत आर्थिक वर्ष लक्ष्यको करिब ४७ प्रतिशत मात्र पुँजीगत खर्च भएको छ । राजस्व संकलन पनि गत वर्षको तुलनामा ७ प्रतिशतले मात्र बढेको छ । उद्योगहरू औसत ४२ प्रतिशत क्षमतामा मात्र चलिरहेका छन् । मुलुकका १० औद्योगिक क्षेत्रको भाडा विवाद अझै टुंगिएको छैन । डेढ दर्जन उद्योगमा अझै बिजुली र पानीको लाइन काटिएको छ ।

नेपालमा काम गर्ने शैली र संरचनामै परिमार्जन नगरी उच्च अंकको आर्थिक विकास र समृद्धि प्राप्त गर्नुपर्नेमा यो सरकारको काम गराइ त्यसतर्फ नगएको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराज अधिकारी बताउँछन् । 'हाम्रो प्रणाली निर्देशनमुखी छ । भेटेको, छलफल गरेको र निर्देशन दिएकै भरमा काम हुन्छ भन्ने छ । काम हुनका लागि त नीति र व्यावहारिक समस्या समाधान गर्न जरुरी छ । सरकार निर्देशनमुखी मात्र देखियो ।' सुरुमा यो सरकारबाट आफूले धेरै अपेक्षा गरेको भए पनि काम गराइको शैलीले निराश बनाएको उनले बताए ।

सरकारले सबैभन्दा पहिला आन्तरिक प्रत्यक्ष लगानी (डीडीआई) का समस्या पहिचान र समाधान गरेर स्वदेशी लगानी प्रवर्द्धनमार्फत विदेशी लगानी प्रोत्साहन गर्नुपर्ने अधिकारीको भनाइ छ । सरकार गठनयताका चार महिना (१० चैत २०८२ देखि १० साउन २०८३ सम्म) बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह १ खर्बले बढेको छ ।

१० चैत २०८२ मा ५८ खर्ब १५ अर्ब रुपैयाँ रहेको कुल कर्जा प्रवाह गत आइतबारसम्म ५९ खर्ब १५ अर्ब रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको सोही अवधि (१० चैत २०८१ देखि १० साउन २०८२ सम्म) मा यस्तो कर्जा १ खर्ब ५ अर्ब र त्यसभन्दा अघिल्लो वर्षको सोही अवधिमा ७३ अर्बले बढेको राष्ट्र बैंकको तथ्यांक छ । यसले यो सरकार आएपछि अपेक्षित रूपमा कर्जा विस्तार हुन नसकेको पुष्टि हुन्छ ।

अहिले निजी क्षेत्र त्रास र आशाको दोसाँधमा रहेकाले अर्थतन्त्रमा सुधारको संकेत देखिन नसकेको वित्तीय क्षेत्रका जानकार एवं चार्टर्ड एकाउन्टेन्ट अनलराज भट्टराईको भनाइ छ । 'अर्थतन्त्रमा सुधारको संकेत देखिएको छैन,' उनले भने, 'यद्यपि सरकारको पहलले निजी क्षेत्रको आत्मबल बढाउने र यस वर्षको दोस्रो त्रैमासदेखि अर्थतन्त्रमा सुधारको थालनी देखिने र तेस्रो त्रैमासदेखि गति लिने देखिन्छ ।'

लामो समयदेखि जकडिएका समस्या सरकारले सम्बोधनको प्रयास गरे पनि निजी क्षेत्र अझै आश्वस्त हुन नसकिरहेकाले उसको आत्मविश्वास अपेक्षित रूपमा बढ्न नसकेको भट्टराईले बताए । 'यो समस्या लामो समयसम्म रहँदैन । निजी क्षेत्रको आत्मबलमा सुधार आउँछ,' उनले भने, 'यसका लागि राष्ट्र बैंकले पनि समय र आवश्यकताअनुसार सहज नीतिगत व्यवस्था गर्नुपर्छ ।' बैंकहरू पुँजीकोष र खराब कर्जाको दबाबमा रहेकाले त्यो समस्या राष्ट्र बैंकले सम्बोधन गरिदिनुपर्ने भट्टराईले जनाए ।

दुईतिहाइ नजिकको बहुमतसहित रास्वपाले सरकारको नेतृत्व गरेको करिब चार महिनामा सेयर बजारमा थोरै मात्र आशा र धेरै निराशा देखिएको छ । यस अवधिमा बजार खुलेका ९१ कारोबार दिनमध्ये ५४ दिन नेप्से ओरालो लागेको छ भने ३७ दिन मात्र बढेको छ ।

नयाँ सरकार बनेपछि राजनीतिक अस्थिरता अन्त्य हुने, नीतिगत स्थिरता कायम हुनेलगायत कारण सेयर बजारमा सकारात्मक असर पर्ने लगानीकर्ताको अनुमान थियो । तर अनुमानविपरीत सेयर बजार निरन्तर ओरालो लाग्यो, लगानीकर्ताको आत्मविश्वास बढ्न सकेन । १२ चैतको नेप्से परिसूचक २ हजार ९ सय ५० अंकमा थियो । १३ चैतमा वालेन्द्र शाह प्रधानमन्त्री बने । त्यसपछि हाल (२० साउन) सम्म नेप्से २ सय ८३ अंक घटिसकेको छ ।

यस अवधिमा नेप्से परिसूचकसँगै सेयर बजारको आकार कुल बजार पुँजीकरण पनि ४ खर्ब २४ अर्बले खुम्चिएको छ । सरकारले दुई महिना लगाएर ५ असारमा मात्र धितोपत्र बोर्डको अध्यक्ष नियुक्त गरेको छ भने बिमा प्राधिकरणको अध्यक्ष र नेपाल स्टक एक्सचेन्जको प्रमुख कार्यकारी अधिकृत अझै नियुक्त गर्न सकेको छैन ।

# सुधारको नारादेखि विवादको...

उनी भन्छन्, 'सुशासन, भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवा सुधारमा सरकार कठोर भएर लागेको छ ।'

सुनसरीको देवानगन्जमा साउन दोस्रो साता दुई पक्षबीच उत्पन्न विवाद तत्काल मत्थर पार्न नसक्दा तनाव मधेश प्रदेशमा समेत फैलियो । समस्या समाधानमा तत्काल भूमिका नदेखिएको भन्दै प्रधानमन्त्री र गृहमन्त्रीको आलोचना भयो । देवानगन्जमै सरकारका प्रतिनिधिहरूको खोजी भयो ।

सुनसरीको देवानगन्जमा १० साउनमा दुई समूहबीच भएको झडपका क्रममा प्रहरीले गोली चलाउँदा ओमप्रकाश मेहताको त्यही रात मृत्यु भएको थियो । घाइते जयप्रकाश मेहताको उपचारका क्रममा पाँचौं दिनमा ज्यान गयो । त्यही दिन सिरहाको गोलबजारमा प्रहरीको गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु भयो । सुनसरी घटनाका अर्का घाइते रवीन्द्रकुमार मेहताको उपचारका क्रममा १० औं दिनमा ज्यान गएको छ ।

तीन जनाको ज्यान गइसकेपछि अर्थात् सुनसरी घटनाको ५ औं दिनको साँझ मात्र प्रधानमन्त्री शाहले राष्ट्रका नाममा सम्बोधन गरे । त्यही दिन गृहमन्त्री सुधन गुरुङ वार्ता र छलफलका लागि घटनास्थल सुनसरीतर्फ लागे, विराटनगरमा उपचाररत घाइते भेटे । उनले रातारात छलफल गरेर पीडित परिवारसँग सम्झौता गरे । त्यसपछि सिरहा पुगेर गृहमन्त्री गुरुङले मृतकको परिवारसँग सम्झौता गरे ।

केन्द्रमा प्रधानमन्त्री शाह र सत्तारूढ रास्वपाका सभापति रवि लामिछानेले संवाद सघन बनाएपछि र गृहमन्त्री प्रभावित क्षेत्र पुगेर सक्रियता देखिएपछि तनाव मत्थर भयो । यस्तो सक्रियता सुनसरी घटना हुनासाथ नदेखाइएको भन्दै संसद्भित्र र बाहिर सरकारको आलोचना भएको थियो ।

सुनसरी घटनाका विषयमा प्रधानमन्त्री शाहले फेसबुकबाट मात्रै धारणा र प्रतिक्रिया दिएका थिए । 'सरकारको सबैभन्दा पहिलो धर्म आफ्ना नागरिकलाई सुरक्षित बनाएर कसुरदारलाई कारबाही गर्दै पीडितलाई न्याय र क्षतिपूर्ति दिलाउने हो । सरकारले यो सबै काम यथाशक्य चाँडो गर्नेछ,' उनले लेखेका थिए । त्यही कारण सर्वदलीय बैठकमा विपक्षी दलका नेताहरूले प्रधानमन्त्री र गृहमन्त्रीले परिस्थितिको संवेदनशीलतालाई मध्यनजर गर्दै अपेक्षित सक्रियता देखाउन नसकेको आरोप लगाएका थिए ।

प्रधानमन्त्रीले राजनीतिक दल, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी समस्या समाधानको पहल नगरेको कांग्रेस सभापति गगन थापाले टिप्पणी गरेका थिए । प्रधानमन्त्री शाह सर्वदलीय बैठकमा समेत उपस्थित नभएकोतर्फ लक्ष्य गर्दै उनले सञ्चारकर्मीसँग भनेका थिए, 'प्रधानमन्त्रीले पहलकदमी गर्नुपर्नेमा संवेदनशील अवस्थामा भाउ खाएर बस्ने हो ? ठालु भएर बस्ने हो ?'

प्रधानमन्त्री शाह संसद्प्रति जवाफदेही नभएको र संसद् बैठकमा न्यून उपस्थिति रहेको विषयमा पनि आलोचना हुँदै आएको छ । विपक्षी दलहरूले पहिलो संसद् बैठकदेखि नै पटक-पटक प्रधानमन्त्रीको उपस्थिति र जवाफ खोज्दै आएका छन् । तर प्रधानमन्त्रीले त्यसलाई बेवास्ता गर्दै आएका छन् ।

बजेट अधिवेशनको पहिलो दिन २८ वैशाखमा संसद्मा आर्थिक वर्ष २०८३/८४ को सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा देखाएको व्यवहारलाई लिएर प्रधानमन्त्री शाहको आलोचना भयो । राष्ट्रपतिले सरकारको नीति तथा कार्यक्रम वाचन गरिरहँदा उनी बीचमै उठेर हिँडेका थिए । संसद्मा नीति तथा कार्यक्रममाथि उठेका प्रश्नको जवाफ दिन पनि प्रधानमन्त्री शाह संसद् गएनन् । विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीको उपस्थितिको माग उठाइरहे, 'रुलिङ' गर्न सभामुखसँग माग राखे । तर न 'रुलिङ' भयो, न प्रधानमन्त्री नै संसद्मा उपस्थित भए । संसद्मा उठेका प्रश्नको जवाफ प्रधानमन्त्रीको साटो अर्थमन्त्री स्वर्णिम वाग्लेले दिए ।

प्रधानमन्त्री शाह आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरेका दिन १५ जेठमा संसद् गए । त्यसपछि १७ जेठको बैठकमा उपस्थिति भएर आकस्मिक रूपमा सांसदहरूसँग प्रश्न-उत्तर गर्न तयार भए । उनी पहिलो पटक संसद्मा बोल्दै थिए । तर त्यही क्रममा दिएको अभिव्यक्ति विवादमा पर्‍यो । सांसदले उठाएको सीमासम्बन्धी सवालमा उनले भनेका थिए, 'तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, म पनि अस्ति भर्खर प्रधानमन्त्री भएपछि थाहा पाएँ, भारतले नेपालको जग्गा मिचेको मात्र होइन, नेपालले पनि भारतको थुप्रै जग्गा मिचेको रहेछ ।' उनले नेपाल-भारत सीमा विवादबारे बेलायतसँग पनि छलफल गर्ने बताए ।

प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई लिएर संसद्मा प्रतिनिधित्व गर्ने सबैजसो राजनीतिक दलका सांसदले आपत्ति जनाउँदै त्यसलाई सच्याएर माफी माग्नुपर्ने आवाज उठाए । 'नेपालले पनि भारतको जग्गा मिचेको' भन्ने अभिव्यक्तिलाई लिएर संसद्बाहिरसमेत चर्को आलोचना भयो । तर प्रधानमन्त्री शाह अभिव्यक्ति सच्याउन तयार भएनन्, यस विषयमा संसद्लाई जवाफ पनि दिएनन् । बरु उक्त अभिव्यक्तिका विषयमा उनले ७ असारमा चितवनमा आयोजित रास्वपाको पहिलो महाधिवेशन उद्घाटन समारोहमा स्पष्टीकरण दिए ।

चितवनमा शाहले आफ्नो राष्ट्रियताप्रति कुनै आशंका नगर्न भनेका थिए । 'सीमाका विषयमा चिन्ता लिनुभएको छ । हामीले सीमाको विषय उठाउँदा हामीले विषय उठाएको देशले पनि चासो देखाउनुहुन्छ । उहाँहरूले तपाईंहरूसँग प्रमाण छ भने ल्याउनुहोस् भन्नुभएको छ । हामीसँग कालापानी, लिपुलेकको प्रमाण छ । ब्रिटिसले राज गर्दाखेरिको प्रमाण ल्याउनुपर्छ भने ल्याउँछौं भनेको हो । हामीले ब्रिटिसलाई मध्यस्थता गराउँछौं भनेको होइन । हामी हाम्रा छिमेकीसँग आफैं कुरा गरेर मिलाउँछौं ।'

आह्वान भइसकेको संसद् अधिवेशन स्थगन गरेर अध्यादेश ल्याइएपछि प्रतिनिधिसभामा दुईतिहाइ नजिकको बहुमत हुँदाहुँदै पनि सरकारले अध्यादेशबाट शासन चलाउन खोजेको भन्दै आलोचना भयो । मन्त्रिपरिषद्कै सिफारिसमा १७ वैशाखका लागि आह्वान गरिएको संसद् अधिवेशन भोलिपल्टै स्थगन गराएर सरकारले ८ अध्यादेश सिफारिस गरेको थियो । सबै अध्यादेश जारी भइसकेपछि मन्त्रिपरिषद्ले २८ वैशाखका लागि संसद् अधिवेशन आह्वानको सिफारिस गरेको थियो ।

'अध्यादेश ल्याउनकै लागि आह्वान भइसकेको अधिवेशन सरकारले स्थगन गरेको रहेछ भन्ने देखियो, होइन भने सरकारले जवाफ दिनुपर्छ,' संविधानविद् विपिन अधिकारीले त्यतिबेला कान्तिपुरसित भनेका थिए, 'संसद्मा त्यत्रो ठूलो पार्टीको नेतृत्वमा सरकार छ, संसद् छल्न हुँदैनथ्यो । संसदीय प्रक्रियाको असल अभ्यास पो थाल्नुपर्थ्यो ।' त्यति बेला जारी गरिएका अध्यादेशमध्ये ४ वटा अध्यादेश संसद्बाट अनुमोदन भए, अन्य निष्क्रिय भए ।

प्रतिपक्षी दलहरूले पनि अध्यादेशको विरोध गरे । राप्रपा सांसद खुश्बु ओलीले सदन हुँदाहुँदै अध्यादेश ल्याउनु संसदीय व्यवस्थामाथिको गम्भीर हमला भएको टिप्पणी गरेकी थिइन् । 'स्पष्ट बहुमत भएको सरकारलाई संसद् छलेर अध्यादेशको बाटो खोज्नुको कारण के हो ?' उनको प्रश्न थियो ।

सरकारले अध्यादेश ल्याएलगत्तै सार्वजनिक निकायका करिब १ हजार ५ सय पदाधिकारीलाई पदमुक्त गरेको थियो । पदमुक्त भएको ३ महिनासम्ममा पनि सरकारले सबै निकायमा नयाँ पदाधिकारी नियुक्ति गर्न सकेको छैन । यसबीचमा गरिएका केही नियुक्त पनि विवादित बनेका छन् । सत्तारूढ रास्वपा र सरकारले पहिले ती निकायमा दलीय भागबन्डामा राजनीतिक नियुक्ति गरिएको भन्दै अब मेरिटका आधारमा नियुक्ति गर्ने भनेको थियो । तर अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी अध्यक्षमा मेरिट मिचेर नियुक्ति दिइयो । पहिलो नम्बरमा सिफारिस परेका उम्मेदवारलाई पन्छाएर दोस्रो नम्बरका आनन्दसिंह भाटलाई समितिको कार्यकारी अध्यक्ष बनाइएको हो ।

सहिद दशरथ चन्द मेडिकल विश्वविद्यालय, सुरक्षण मुद्रण केन्द्र, गुठी संस्थानमा अध्यादेशबाटै पदमुक्त भएका व्यक्तिलाई पुनः नियुक्ति दिइएको छ । स्वास्थ्य बिमा बोर्ड र सामाजिक संस्था स्काउटमा रास्वपा कार्यकर्तालाई नियुक्त दिएको आरोप लागेको छ । स्वास्थ्य बिमा बोर्डमा रास्वपा स्वास्थ्य विभागका सदस्य सुवास प्याकुरेल र स्काउटमा सन्तोष थापा नियुक्त भएका छन् । त्रिभुवन विश्वविद्यालयको सेवा आयोगमा प्रतिस्पर्धाबिनै पूर्वसचिव किशोर थापालाई नियुक्ति गरियो ।

सरकारका प्रवक्ता तथा शिक्षामन्त्री पोखरेल भने सरकारले मेरिटका आधारमा नियुक्ति गरिरहेको दाबी गर्छन् । गत साता राष्ट्रिय सभामा उनले भने, 'सम्भवतः नेपालमा पहिलो पटक प्रतिस्पर्धाका आधारमा भागबन्डाबिनै विश्वविद्यालयमा उपकुलपतिहरू नियुक्त भएका छन् ।'

सरकारले अधिकांश सार्वजनिक निकायमा नियुक्तिका लागि कार्यविधि जारी गरी आवेदन मागेर प्रतिस्पर्धा गराएको छ । एक महिनाभित्रै एसईई र ४० दिनमै कक्षा १२ को नतिजा प्रकाशन गर्नुलाई भने सरकारको सकारात्मक कामका रूपमा हेरिएको छ । नतिजाका लागि विद्यार्थीले ३ महिनाभन्दा बढी कुर्नुपर्ने अवस्था थियो । तर छिटो नतिजा प्रकाशनमा लाग्दा त्रुटि भएको गुनासो पनि छ ।

प्रधानमन्त्री र मन्त्रीका स्वकीय सचिवालय र उनीहरूको भूमिका तथा गतिविधिमाथि पनि प्रश्न उठिरहेको छ । सरकारले मन्त्रालयको संख्या २२ बाट घटाएर १८ कायम गर्नुलाई सकारात्मक रूपमा हेरिएको छ । सार्वजनिक खर्चको बचत र मितव्ययिता कायम गर्न उल्लेखनीय काम भएको सरकारको दाबी छ । मन्त्रालयको संख्या घटाएसँगै शाह नेतृत्वको सरकारले कर्मचारी व्यवस्थापनसम्बन्धी सर्वेक्षण गरेर १० सचिवसहित करिब १ हजार ८ सय कर्मचारीको दरबन्दी कटौती गरेको छ ।

मन्त्रालय र विभागका कतिपय महाशाखासमेत समायोजन गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । ४० हाराहारी निकाय खारेजी, समायोजन र एकअर्कामा हस्तान्तरणलाई सरकारले उपलब्धिका रूपमा लिएको छ । तर मन्त्रीका सचिवालयमा सचिवस्तरका सल्लाहकारसहित ९ जना राख्ने विषयको विरोध भएको छ ।

प्रधानमन्त्रीको सचिवालयले ई-पासपोर्ट (राहदानी) छपाइ ठेक्कामा अनावश्यक हस्तक्षेप गरेको र त्यसै विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईसहितलाई मुद्दा चलाउन अनुचित दबाब दिएको विषयले चर्चा पायो । अख्तियारलाई दबाब दिएको विषयमा प्रधानमन्त्री शाहले ७ असारमा चितवनमा आयोजित रास्वपा महाधिवेशनको उद्घाटन समारोहमा भनेका थिए, 'अख्तियारलाई ५ घण्टा सोधपुछ गर्नुपरे गर्छौं । ५ घण्टा मात्रै होइन, आवश्यक परे ५ वर्ष पनि गर्छौं । यसो गर्दा नियम, कानुन मिच्दैनौं । नियम कानुनमै बसेर गर्छौं ।'

राहदानी विभागले ६ जुन २०२५ (२३ जेठ २०८२) मा जर्मनीका दुई सुरक्षण मुद्रण कम्पनी भेरिडोस र म्युहलबाउरलाई ई-पासपोर्टको ठेक्का दिएको थियो । ठेक्कामा अनियमितता भएको र ती कम्पनीले तोकिएको समयमा पासपोर्ट छाप्न नसक्ने भन्दै प्रधानमन्त्रीको सचिवालयका सदस्यले १ असारमा प्रधानमन्त्री कार्यालयमा डाकेर कम्पनीका प्रतिनिधि, अख्तियारका अधिकारी र राहदानी विभागका कर्मचारीलाई मुद्दा चलाउन र ठेक्का रद्द गर्न दबाव दिएको सार्वजनिक भएको थियो ।

प्रधानमन्त्री सचिवालयको दबाबलगत्तै राहदानी विभागका तत्कालीन महानिर्देशक तीर्थराज अर्याललाई अख्तियारले नियन्त्रणमा लियो । सचिवालयका सदस्यहरूले पक्राउ पुर्जी जारी गर्न अख्तियारलाई बाध्य पारेको आरोप लाग्दै आएको छ । अनुसन्धान टुंग्याउँदै अख्तियारले अर्याललगायत सरकारी अधिकारी, कम्पनीका प्रतिनिधि गरी १८ जनाविरुद्ध विशेष अदालतमा मुद्दा चलायो । १५ असारमा विशेष अदालतबाट अर्यालसहितका आरोपित धरौटीमा रिहा भए ।

प्रधानमन्त्री शाहको सचिवालयको दाबीविपरीत जर्मन कम्पनीले गत महिनादेखि ई-पासपोर्ट छाप्न थालेको छ । प्रधानमन्त्री कार्यालयले पासपोर्ट छाप्न नसक्ने भन्दै ठेक्का रद्द गर्न परराष्ट्र मन्त्रालय र राहदानी विभागलाई दबाब दिएको खुलेको थियो ।

सरकार गठनको एक सय दिन पूरा भएको अवसरमा २० असारमा पत्रकार सम्मेलन गरेर सरकारका प्रवक्ता मन्त्री पोखरेलले राज्यकोषको दोहन तथा नीतिगत सेटिङमा संलग्न व्यक्तिलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा कानुनी कारबाहीको दायरामा ल्याउने काम भइरहेको बताएका थिए । विभागले यसबीचमा विवादास्पद व्यापारी दीपक भट्टसहित एक सय जनाभन्दा बढी व्यक्तिलाई प्रतिवादी बनाएर मुद्दा चलाएको छ । ती मुद्दामा १ खर्ब १८ अर्बभन्दा बढीको बिगो दाबी गरिएको छ । सरकारले सट्टेबाजी एप र त्यससम्बन्धी वेबसाइट बन्द गराइएको दाबी गर्दै आएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई प्रविधियुक्त बनाउन फरेन्सिक सफ्टवेयर र फरेन्सिक वर्कस्टेसन खरिद प्रक्रिया अघि बढाइएको सरकारले जनाएको छ ।

सरकार गठनको एक महिना नपुग्दै काठमाडौं उपत्यकाका बागमतीलगायतका नदी-खोला किनारका सुकुमवासी बस्ती स्थानान्तरण गर्न भन्दै डोजर चलाएको थियो । बसोबास व्यवस्थापनको योजना नबनाई बर्सातको मुखमा सुकुमवासीलाई उठाइएको भन्दै विपक्षी राजनीतिक दल, नागरिक समाजदेखि सर्वसाधारणले सरकारको विरोध गरे । सरकारले अहिलेसम्म पनि सुकुमवासीको स्थायी बासस्थान टुंगो लगाउन सकेको छैन । यसबीचमा विस्थापित सुकुमवासी नै सरकारविरुद्ध सडक प्रदर्शनमा उत्रिए ।

अधिवक्ता रितेश पन्थीले २७ वैशाखमा कान्तिपुर दैनिकमा लेख लेख्दै सुकुमवासी व्यवस्थापनका नाममा सरकारले अपनाएको डोजर नीति अपरिपक्व र अमानवीय भएको टिप्पणी गरेका थिए । 'मलाई बोल्न दे सरकार भनेर जनताको विश्वास जितेर आएको सरकारले सुकुमवासीको न्यूनतम मानवअधिकार तथा संविधानप्रदत्त हकको कदर गरेको देखिएन,' उनले लेखेका थिए, 'यसले भूमिहीन, दलित, महिला, बालबालिकालगायतका सुकुमवासीको मौलिक तथा मानवअधिकारमा गम्भीर रूपमा हनन गरेको छ ।'

राष्ट्रिय मानवअधिकार आयोगले समेत विस्थापित सुकुमवासीको उचित व्यवस्थापन गर्न सरकारलाई आग्रह गरेको छ । उनीहरूको मानवअधिकार जोखिममा पर्ने कार्य नगर्न, जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न आयोगले सरकारलाई भनेको छ ।

सरकारले विस्थापित सुकुमवासीलाई होल्डिङ सेन्टरमा राखेको थियो । मन्त्रिपरिषद्ले ५ जेठमा सुकुमवासी व्यवस्थापनका लागि सुरुमा प्रतिपरिवार २५ हजार रुपैयाँ र घर भाडाका लागि मासिक रूपमा १५ हजार रुपैयाँ दिने निर्णय गर्‍यो । यसपछि सुकुमवासीले होल्डिङ सेन्टरबाट निस्किएर डेरा खोज्नुपर्ने अवस्था आयो । तर केही होल्डिङ सेन्टरमा अझै सुकुमवासी बसिरहेका छन् ।

होल्डिङ सेन्टरमा बालबालिका, महिलाको शिक्षा र स्वास्थ्यबारे पनि प्रश्न उठ्दै आएको छ । सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेल भने उनीहरूको शिक्षा, स्वास्थ्यको उचित प्रबन्ध भइरहेको बताउँछन् । 'उनीहरूको स्थायी बसोबासको प्रबन्धका लागि सरकारले काम गरिरहेको छ,' उनले भने, 'सरकारले देशभरका सुकुमवासीलाई लाजपुर्जा नै वितरण गर्ने तयारी गरेको छ ।'

विस्थापित सुकुमवासीकै सन्दर्भमा जेन-जी अभियन्ता माजिद अन्सारीलगायतलाई प्रहरीले गिरफ्तार गरेको विषयमा पनि सरकारमाथि आलोचना भयो । सुकुमवासी राखिएको कीर्तिपुरस्थित बागमती किनारको होल्डिङ सेन्टरमा बाढी पसेपछि अवस्था बुझ्न पुगेका अन्सारीलाई २७ असारमा प्रहरीले दुर्व्यवहार गर्दै नियन्त्रणमा लिएको थियो । उनीमाथि भएको धरपकड र कुटपिटविरुद्ध मानवअधिकारकर्मी, नागरिक समाज र जेन-जी अभियन्ताले विरोध गरे । सदनमा समेत यो विषय उठ्यो ।

माजिदको गिरफ्तारी, प्रहरीको व्यवहार र सरकारको भूमिकाप्रति सत्तारूढ रास्वपा सांसद सुलभ खरेलले समेत असन्तुष्टि जनाए । कानुनका विद्यार्थीसमेत रहेका जेन-जी अभियन्ता अन्सारीलाई 'प्रतिशोध' का आधारमा प्रक्राउ गरिएको दाबी नेपाल जेन-जी फ्रन्टले गरेको थियो ।

अधिवक्ता अपूर्व खतिवडाले सरकारले शक्ति र कानुनको प्रयोगसँगै दुरुपयोग पनि गरिरहेको टिप्पणी गरे । 'नयाँ मान्छे सत्तामा आएका छन् । पुराना भएनन् भनेर उनीहरू आएका हुन् । शंकाको सुविधा दिनुपर्ने अवस्था छ,' उनले थपे, 'तर अचम्म लाग्दो कुरा के छ भने जुन क्षेत्रमा हेरे पनि सरकार शक्ति दुरुपयोगमा व्यस्त भएजस्तो देखिन्छ ।'

खतिवडाले प्रहरी, प्रशासनको दुरुपयोग बढी हुन थालेको महसुस भएको बताए । 'सबै मान्छेलाई अनुशासनमा राख्छु भनेको हो कि जस्तो देखिन्छ । डर, त्रास नदेखाई मान्छेलाई विश्वासमा लिएर, सम्झाएर, खुसी बनाएर पनि काम गर्न सकिन्छ,' उनले भने ।

गृहमन्त्रीमा सुधन गुरुङको पुनर्नियुक्तिका विषयमा पनि आलोचना भयो । १३ चैतमा गृहमन्त्री नियुक्त भएका उनले ९ वैशाखमा राजीनामा दिएका थिए । उनको सम्पत्ति छानबिन गर्न गठित समितिले 'क्लिनचिट' दिएपछि उनलाई २६ जेठमा पुनः गृहमन्त्री बनाइएको थियो । समितिको प्रतिवेदन ग्रहण गर्ने मन्त्रिपरिषद् निर्णय भएकै दिन गुरुङको पुनर्नियुक्ति भएको हो । मन्त्रिपरिषद् निर्णयपछि सरकारका प्रवक्ता तथा शिक्षामन्त्री पोखरेलले प्रतिवेदन अध्ययन गरेपछि उनको नियुक्तिका विषयमा निर्णय हुने बताएका थिए । तर प्रतिवेदन सार्वजनिक नै नहुँदै गुरुङले राष्ट्रपतिबाट शपथ लिएर गृह मन्त्रालयमा पदभार ग्रहण गरे ।

मिटरब्याजपीडितको समस्या समाधान गर्न सरकार र गृहमन्त्री गुरुङले देखाएको सक्रियतालाई सकारात्मक रूपमा लिने गरिएको छ । असार अन्तिम साता न्यायको माग गर्दै जनकपुरबाट काठमाडौं पैदल मार्च थालेका मिटरब्याजपीडितसँग गृहमन्त्री गुरुङले निजगढ पुगेर वार्ता गरेका थिए । उनले त्यहाँ एक तहको समझदारी बनाइसकेपछि पीडितका केही अगुवाले काठमाडौं आएर सरकारसँग ९ बुँदे सहमति गरेका थिए । जसमा मिटरब्याजसम्बन्धी मुद्दा द्रुत गतिमा हेर्न छुट्टै न्यायाधिकरण गठन गर्नेलगायत विषय छन् । तर १ साउनमा भएको उक्त सहमतिको कार्यान्वयन हेर्न बाँकी छ । मिटरब्याजपीडितसँग सरकारको यसअघि पनि पटक-पटक सहमति भएको थियो । तर सहमति कार्यान्वयन नगरिएको पीडितको गुनासो छ ।

शाह नेतृत्वको सरकार गठन भएलगत्तै सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार महसुल लिन थालेपछि भारतीय सीमा नाकाहरूमा तनाव देखिएको थियो । सीमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरीले एक सय रुपैयाँभन्दा बढी मूल्यका सामानको भन्सार महसुल चुक्ता गरेर मात्र भित्र्याउन वैशाख पहिलो सातादेखि माइकिङ गरेका थिए । सीमावर्ती बजारमा गरिने किनमेलमा कडाइ गरिएको भन्दै सर्वसाधारण आक्रोशित बने । झोला खानतलासी गर्ने क्रममा सुरक्षाकर्मीले दुर्व्यवहार गरेको गुनासो सर्वसाधारणले गर्दै आएका छन् । विरोधपछि भन्सार लाग्ने न्यूनतम सीमा पाँच सय रुपैयाँ पुर्‍याइएको छ ।

सरकारले सवारीसाधन लाइसेन्स छपाइमा गरेको प्रगतिलाई भने आमनागरिकले प्रशंसा गरिरहेका छन् । पहिलो चरणमा १२ वैशाखसम्म र दोस्रो चरणमा असर मसान्तसम्म गरी करिब साढे २७ लाख लाइसेन्स छापेर सम्बन्धित कार्यालयमा पठाइएको थियो । यसअघि ट्रायल पास र नवीकरण गरेको वर्षौंसम्म पनि लाइसेन्स नपाएको गुनासो थियो । त्यसैले सरकारले लाइसेन्स छपाइमा रफ्तार बढाएको हो । पुराना मितिका लाइसेन्स छापिसक्नु सरकारको उपलब्धि भए पनि तीन सातादेखि भने लाइसेन्स सेवा अधिकांश कार्यालयमा अवरुद्ध भएको गुनासो छ ।

सरकारले निजी अस्पतालमा १० प्रतिशत निःशुल्क बेड र शिक्षण संस्थामा १० प्रतिशत छात्रवृत्तिलाई कडाइ गरिएको स्वास्थ्य तथा स्वच्छता मन्त्रालय र शिक्षा मन्त्रालयले जनाएका छन् । स्वास्थ्यमन्त्री निशा मेहताको निर्देशनमा निःशुल्क बेड तथा अस्पतालका सम्पर्क व्यक्तिको विवरण सार्वजनिक गरिएको थियो । करिब २ सय अस्पतालमा ३ हजारभन्दा बढी बेड विपन्न नागरिकको उपचारका लागि उपलब्ध रहेको मन्त्रालयले जनाएको छ । कलेजहरूमा १० प्रतिशत छात्रवृत्तिको व्यवस्था सुनिश्चित गर्न शिक्षा मन्त्रालयले विश्वविद्यालयहरूलाई परिपत्र गरेको थियो । त्यसैअनुसार भर्ना आह्वान गर्न थालिएको छ ।

सरकारले यसबीचमा गरेको उद्योगी व्यवसायीमाथि धरपकड र गिरफ्तारीले समग्र निजी क्षेत्रलाई निराश बनाएको छ । पक्राउ नगरी छानबिन गर्न सकिने सम्भावना हुँदाहुँदै नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष शेखर गोल्छालाई गिरफ्तार गरिएपछि निजी क्षेत्रमा त्रास बढेको हो । नेपालमा पहिलो उद्योग स्थापना गर्नेमध्येको एक परिवारका सदस्य एवं महासंघको अध्यक्ष भइसकेको व्यक्तिमाथि नै धरपकड भएपछि अन्य व्यवसायी त्रसित भएका हुन् । यसबीचमा अरू व्यवसायी पनि पक्राउ परे । निजी क्षेत्रलाई त्रासमा राख्ने सिलसिला अझै रोकिएको छैन । पछिल्लो उदाहरण विराटनगरमा व्यवसायी प्रकाश मुन्दडाको घरमा गरिएको खानतलासी हो ।

निजामती कर्मचारीलाई विश्वास लिएर काम गर्न नसकेको र कर्मचारीको मनोबल गिराउने शैली अपनाएको आरोप पनि सरकारमाथि लागेको छ । ३० वर्ष सेवा अवधि पूरा गरेका वा ५५ वर्ष उमेर पुगेका निजामती कर्मचारीलाई हटाउने सरकारको तयारीपछि कतिपय सहसचिवसहितका निजामती कर्मचारीले राजीनामा दिए । कतिपय कर्मचारीले दिएको राजीनामा 'होल्ड' मा राखिएको भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका एक सहसचिवले बताए । 'नयाँ सरकार आएपछि कर्मचारीको मनोबल गिरेको छ । निजामती कर्मचारीसम्बन्धी अध्यादेश ल्याएर पदमुक्त गर्ने हल्ला भएपछि पुराना कर्मचारी जागिर छाड्ने मनस्थितिमा पुगेका छन्,' उनले भने, 'मन्त्रीको स्वकीय सचिवालयको टिम र सल्लाहकारहरूले हस्तक्षेप गर्न थालेपछि कर्मचारीहरू वाक्कदिक्क भएका छन् ।'

पूर्वमुख्य सचिव सुमनराज अर्याललाई २५ असारमा प्रधानमन्त्रीका सल्लाहकार असिम शाहले बिदाइ गर्दा कर्मचारीहरू छक्क परेका थिए । उनीहरूले यसलाई अस्वाभाविक बिदाइका रूपमा लिएका छन् । प्रधानमन्त्रीलाई 'मेसेज' पठाएकै आधारमा तत्कालीन सचिव कृष्णहरि पुष्करलाई प्रहरीले नियन्त्रणमा लिएर केरकार गरेको थियो ।

प्रधानमन्त्री शाहले शपथग्रहणकै दिन दिएको अभिव्यक्तिले पनि कर्मचारी वृत्त सशंकित बनेको एक मन्त्रालयका सचिवले बताए । १३ चैतमा प्रधानमन्त्री शाहले भनेका थिए, 'अहिलेसम्म जनताका प्रतिनिधिको हितमा काम गर्नुभयो । जनताको हितमा गर्नुभएन । अब त्यस्तो नहोस् । तपाईंहरू लोक सेवा पास गरेर आउनुभएको छ । अहिलेका मन्त्रीहरू पनि पढेलेखेका छन् । तपाईंहरूले हामीलाई नसिकाउनुहोला ।'

निजामती कर्मचारीको ट्रेड युनियन हटाउने, राष्ट्रिय सतर्कता केन्द्रबाट कर्मचारीको हाजिरी, पोसाकलगायतका विषयबाट निगरानी गर्ने गतिविधिले मनोबल कमजोर बनाएको गृह मन्त्रालयअन्तर्गत एक निकायका उपसचिवले बताए ।

समयमा हाजिर नभएको, पोसाक नलगाएको लगायत विषयमा कारबाही गर्न असार मसान्तसम्म तीन महिनाको अवधिमा साढे ६ हजार कर्मचारीको नाम राष्ट्रिय सतर्कता केन्द्रले सिफारिस गरेको छ । यो संख्या अघिल्लो आर्थिक वर्षभरि कारबाही परेका कर्मचारीको संख्याभन्दा बढी हो । त्यतिबेला करिब ६ हजार कर्मचारीलाई मात्र कारबाही सिफारिस गरिएको थियो ।

करार सेवाका कर्मचारीले असार अन्तिमतिर सिंहदरबारभित्रै प्रदर्शन गरे । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतको एक कार्यदलले श्रेणीविहीन कर्मचारी बाह्य सेवा प्रदायक (आउट सोर्सिङ) बाट लिने प्रस्ताव गरेपछि उनीहरू विरोधमा उत्रिएका थिए । त्यसपछि सरकारले उनीहरूलाई तत्काल सेवाबाट नहटाउने सहमति गर्‍यो ।

सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारी निर्णयमा सरोकारवालाले सरकारविरुद्ध आन्दोलन नै गरे । नेपाल पत्रकार महासंघलगायत संघसंस्थाले सरकारी विज्ञापन रोकेर सरकारले प्रेस स्वतन्त्रता हनन गर्न खोजेको आरोप लगाए ।

सरकारको उक्त निर्णय सर्वोच्च अदालतले ३० असारमा खारेज गरिदिएको छ । सरकारले गत १८ चैतमा सरकारी विज्ञापन सरकारी मिडियामा मात्रै प्रकाशन/प्रसारण गर्ने निर्णय लिएको थियो । निजी मिडियाले पनि सरकारी विज्ञापन पाउनुपर्ने दाबीसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले रिट दायर गरेका थिए । मिडिया सोसाइटीका अख्तियारप्राप्त निवेदक अधिवक्ता लुइँटेलले सरकारको असंवैधानिक निर्णय खारेज हुँदा सबै मिडियाप्रति न्याय भएको प्रतिक्रिया दिए ।

विश्वविद्यालयलगायत शिक्षण संस्थाबाट विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन हटाउने सरकारको निर्णयमा विरोध भयो । उक्त निर्णयको सफल कार्यान्वयन पनि हुन सकेन । सरकारले ल्याएको शासकीय सुधारका एक सय कार्यसूचीमा उल्लेख भएअनुसार शिक्षण संस्थामा विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन प्रतिबन्ध लगाउने निर्णय भएपछि विरोधमा विद्यार्थी संघ/संगठनले सडक प्रदर्शनसमेत गरेका थिए । अनेरास्ववियुका अध्यक्ष दीपक धामीले सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट दायर गरेका थिए । त्यसमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले विद्यार्थी संगठन र स्ववियुमाथि प्रतिबन्ध लगाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ ।

सरकारका कतिपय काममा ढंग पुग्न नसकेको राजनीतिक विश्लेषक तथा उपप्राध्यापक अर्यालको भनाइ छ । 'नियत असल होला तर कतिपय काममा तौरतरिका नपुगेको देखिन्छ । नतिजा मात्रै खोज्दा पनि समस्याको समाधान हुन सक्दैन,' उनले थपे, 'नागरिकलाई नबिझाउने गरी काम गर्नुपर्छ तर त्यसो हुन सकेको देखिँदैन ।' सरकारले सबैलाई विश्वासमा लिएर काम गर्नुपर्ने उनको भनाइ छ । 'अहिलेको नयाँ भनिएको सरकारसँग भएको मन्त्रिपरिषद् र संसद् मात्रै हो । राष्ट्रिय सभा, राष्ट्रपति, प्रदेश, स्थानीय सरकार, अदालत, कर्मचारी समग्र संरचना र जनशक्ति पुरानै छ । भएकै कुरालाई विश्वासमा लिएर काम गर्न सक्नुपर्छ,' उनले भने ।

राजनीतिक विश्लेषक सञ्जीव हुमागाईं तीन/चार दशकको राजनीति, अर्थतन्त्र, समाजमाथि प्रश्न गरेर आएको सरकार र नेतृत्वले जस्तो जनादेश प्राप्त गरेको छ, त्यसैअनुसार गतिविधि गरेको टिप्पणी गर्छन् । 'विगतका सरकार र राजनीतिक दलहरूमाथि प्रश्न गरेर अहिलेको सरकार आएको हो । उनीहरूले पनि पहिलेको सरकारकै शैलीमा काम गर्नुपर्छ भन्ने छैन । सरकार अभ्यास र सिकाइका क्रममा छ । अहिल्यै टिप्पणी गर्न हतार पनि हुन्छ,' उनले भने ।

हुमागाईं सरकारले आम अपेक्षाको सम्बोधन भने गर्न नसकेको टिप्पणी गर्छन् । 'नयाँ सरकारको नीति तथा कार्यक्रम र बजेट पनि हेरियो । सुधारको प्रयास गरेजस्तो पनि देखिन्छ । तर आम अपेक्षा सम्बोधन गर्न नसक्दा गुनासो बढेको छ । उहाँहरू सिक्ने क्रममै हुनुहुन्छ होला भन्ने विश्वास गरौं,' उनले भने । अधिवक्ता खतिवडा काम गर्ने क्रममा भएका त्रुटिलाई सामान्य रूपमा लिन सकिए पनि नियतवश नै डर, त्रास सिर्जना गर्न शक्ति प्रयोग गर्ने कार्यलाई सामान्य मान्न नसकिने बताउँछन् । 'काम गर्ने क्रममा त्रुटि हुनु सामान्य हो । अनुभवको अभावले पनि गल्ती भए प्राकृतिक मानिन्छ,' उनले भने, 'तर जताततै डर, त्रासबाट नियन्त्रण गर्ने मनसाय सरकारमा देखिन्छ । सरकारमा बस्नेहरूको अभिव्यक्ति पनि त्यस्तै छ । विधि प्रक्रिया, कानुनभन्दा पनि बलजफ्ती गर्दा दूरगामी असर पार्छ । यसले समाजको हरेक क्षेत्रमा असर पर्छ ।'

# चिनियाँ दबाबपछि...

तिब्बती इतिहास, भाषा, संस्कृति, कला, दर्शन र धर्मका विद्वान्हरूलाई एक ठाउँ ल्याउने लक्ष्य राखिएको सम्मेलनमा चीनको तिब्बती अनुसन्धान केन्द्रसहितका संस्थाहरूबाट करिब १ सय चिनियाँ विद्वान् तथा विशेषज्ञले नाम दर्ता गराइसकेका थिए । आयोजकहरूले बेइजिङका मुख्य सर्त र चासोमा पहिले नै सहमति जनाइसकेको बताएका छन् ।

'तिब्बत पक्षीय तथा चीनविरोधी कुनै पनि गतिविधि वा वक्तव्य र त्यस्ता गतिविधिमा संलग्न व्यक्तिहरूलाई निम्तो नदिने विषयमा अधिकारीहरूलाई आश्वस्त पारेका थियौं । त्यसैले सरकारले अहिले किन यो कार्यक्रम रोक्ने निर्णय गर्‍यो भन्ने बुझ्न सकिरहेका छैनौं,' अर्का एक आयोजकले भने ।

काठमाडौं विश्वविद्यालयका एक प्रवक्ताले सम्मेलन कुनै तिब्बत पक्षीय वा चीनविरोधी नभएको बरु विशुद्ध प्राज्ञिक अभ्यास भएको भनेर विश्वविद्यालयले सरकारलाई बारम्बार स्पष्ट पारेको बताए । 'कार्यक्रम रद्द गर्न हामीमाथि अत्यधिक दबाब थियो,' उनले भने । यसैबीच काठमाडौं विश्वविद्यालय आयोजकको भूमिकाबाट पछि हटेको छ । अब सम्मेलन कहाँ र कसरी गर्ने भन्ने निर्णय तिब्बती अध्ययनका लागि अन्तर्राष्ट्रिय संघ (आईएटीएस) मै निर्भर रहनेछ ।

सम्मेलनका एक आयोजकले चिनियाँ दबाबका पछाडि १ जुलाईमा चीनमा लागू गरिएको नयाँ जातीय एकता कानुनविरुद्ध तिब्बतीहरूको विरोध प्रदर्शन पनि हुन सक्ने बताए । एम्नेस्टी इन्टरनेसनलका अनुसार उक्त कानुनमा सी चिनफिङ विचारधारासहित चिनियाँ कम्युनिस्ट पार्टीको राजनीतिक एजेन्डालाई अगाडि बढाउन 'जातीय एकता' लाई पूर्वसर्तका रूपमा परिभाषित गरिएको छ । 'यो कानुनलाई लिएर चीनविरुद्ध ठूला प्रदर्शन भएको छ । त्यही कारण बेइजिङले काठमाडौंमा सम्भावित अप्रिय घटना रोक्न आफ्नो प्रभाव प्रयोग गर्दै कूटनीतिक दबाब बढाएको हो,' एक आयोजकले भने ।



सन् २०२२ मा भएको सम्मेलन । तस्बिर सौजन्य : तिब्बतसम्बन्धी अध्ययन संघ

सरकारको निर्णयबारे जानकार एक उच्च सरकारी अधिकारीले भने, 'सरकारले सम्मेलनमा रोक लगाउनुको साटो सम्भावित जोखिमको व्यवस्थापनमा ध्यान दिनुपर्ने थियो ।'

सम्मेलन रद्द भए पनि एक चिनियाँ प्रतिनिधिमण्डल नेपाल भ्रमणमा आउने भएको छ । सीपीपीसीसीको राष्ट्रिय समितिका स्थायी समिति सदस्य तथा जातीय तथा धार्मिक समितिका उपनिर्देशक जियाङ जियान गो पाँच सदस्यीय प्रतिनिधिमण्डलका साथ १८ अगस्टमा तीनदिने भ्रमणका लागि नेपाल आउँदै छन् । जियान गो चाइना सोसाइटी फर ह्युमन राइट्स स्टडिजका कार्यकारी उपाध्यक्षसमेत हुन् ।

तिब्बती सम्मेलन र त्यससँग जोडिएका घटनाक्रमबारे प्रतिक्रियाका लागि बारम्बार अनुरोध गर्दा पनि काठमाडौंस्थित चिनियाँ राजदूतावासले कुनै जवाफ दिएन । कार्यक्रमका मुख्य आयोजकहरूमध्येका एक प्राध्यापक सागर शर्माले भने, 'हामी आयोजकका रूपमा पछि हटिसकेकाले अब यो सम्मेलन कहाँ र कसरी आयोजना गर्ने भन्ने कुरा पूरै आईएटीएसको निर्णयमा भर पर्छ ।'

# आमाको दूध संकलन...

अस्पतालका अनुसार आमाको दूधको माग अत्यधिक भए पनि पर्याप्त संकलन हुन नसक्दा आवश्यकताअनुसार सबै शिशुलाई दूध उपलब्ध गराउन सकिएको छैन । 'बिरामी भएका, सुत्केरीपछि आमाको मृत्यु भएका, दूध नआएका, नवजात शिशु तथा सघन उपचार कक्षमा उपचाररत शिशु र समय पुग्नुअघि जन्मिएका कम तौलका शिशुका लागि आमाको दूध अपरिहार्य हुन्छ,' अस्पतालका वरिष्ठ बालरोग विशेषज्ञ डा. शैलेन्द्रवीर कर्माचार्यले भने, 'हामीले माग धेरै र संकलन कम भएकाले कम तौल तथा गम्भीर अवस्थाका शिशुलाई प्राथमिकतामा राखेर दूध वितरण गर्दै आएका छौं ।'

प्रसूति अस्पतालको नवजात शिशु सघन उपचार कक्षमा हरेक महिना करिब ३ सय शिशु भर्ना हुन्छन् । तीमध्ये अधिकांशलाई आमाको दूध आवश्यक पर्छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, पाटन अस्पताल तथा उपत्यकाका निजी र सामुदायिक अस्पतालले पनि बिरामी तथा कम तौलका शिशुका लागि यही अस्पतालमा रहेको ह्युमन मिल्क बैंकबाट दूध माग्ने गरेका छन् ।

चिकित्सकहरूका अनुसार आफ्ना शिशुलाई सघन उपचार कक्षमा स्तनपान गराउन नसक्ने आमा तथा आवश्यकताभन्दा बढी दूध हुने र दान गर्न इच्छुक आमाबाट दूध संकलन गरिन्छ । संकलित दूधको परीक्षण र पास्चराइजेसनपछि माइनस ४० डिग्री सेल्सियसमा भण्डारण गरिन्छ ।

प्रसूति अस्पतालमा दैनिक ६० देखि ८० महिलाले शिशुलाई जन्म दिने गरेका छन् । उनीहरू नै दूध संकलनको मुख्य स्रोत भएको अस्पतालले जनाएको छ । तर सामान्य अवस्थामा अधिकांश सुत्केरी एक-दुई दिनमै डिस्चार्ज हुने भएकाले पर्याप्त दूध संकलन गर्न सकिएको छैन । 'आमाको दूध बनाउन सकिँदैन, कसै न कसैले दान गर्नुपर्छ,' कर्माचार्यले भने, 'अतिरिक्त दूध भएका आमाहरू दान गर्न पटक-पटक अस्पताल आउन सक्दैनन् । त्यसैले घरमै पुगेर दूध संकलन गर्न मिल्क भ्यान सञ्चालन गर्ने तयारी गरेका हौं ।' अस्पताललाई मात्रै सघन उपचार कक्षका शिशुका लागि दैनिक १.५ देखि २.५ लिटर आमाको दूध आवश्यक पर्ने उनले बताए ।

काठमाडौं, ललितपुर र भक्तपुरका विभिन्न स्थानमा पुगेर अतिरिक्त दूध दान गर्न इच्छुक आमाबाट स्तनदूध संकलन गरिनेछ । यसरी संकलित दूध बैंकमा ६ महिनासम्म सुरक्षित भण्डारण गरी आवश्यक परेको अवस्थामा प्रयोग गर्न सकिनेछ ।

चिकित्सकहरूका अनुसार आमाको दूधले समयअघि नै जन्मिएका शिशुमा देखिने गम्भीर आन्द्रासम्बन्धी रोग 'नेक्रोटाइजिङ इन्टेरोकोलाइटिस (एनईसी)' को जोखिम घटाउँछ ।

आमाको दूध नवजात शिशुका लागि सबैभन्दा उत्कृष्ट पोषणको स्रोत भएको र यसले शिशुको बाँच्ने सम्भावना बढाउनुका साथै शारीरिक विकास र दीर्घकालीन स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने चिकित्सकहरू बताउँछन् ।

ह्युमन मिल्क बैंकको उद्देश्य पनि नवजात शिशु मृत्युदर घटाउनु रहेको कर्माचार्यले बताए । चिकित्सकहरूका अनुसार ६ महिनासम्म आमाको दूध मात्र खुवाउने अभ्यासले पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर करिब १३ प्रतिशतले घटाउन सकिन्छ ।

स्वास्थ्य मन्त्रालयले स्तनपान प्रवर्द्धन गर्न ह्युमन मिल्क बैंक सञ्चालन गर्नुका साथै स्टाफ नर्स परिचालनलगायत विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालयले युनिसेफसँगको सहकार्यमा हालै गरेको नेपाल बहुसूचक सर्वेक्षणअनुसार प्रत्येक एक हजार जीवित जन्ममा नेपालमा १७ नवजात शिशुको मृत्यु हुने गरेको छ । दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म प्रत्येक एक हजार जीवित जन्ममा नवजात शिशु मृत्युदर १२ मा झार्ने लक्ष्य छ ।

सहस्राब्दी विकास लक्ष्यको निरन्तरताका रूपमा आएको दिगो विकास लक्ष्यले सन् २०३० सम्म गरिबी, भोकमरी र असमानताको अन्त्य गर्ने लक्ष्य लिएको छ । नेपालले पनि उक्त लक्ष्य पूरा गर्ने प्रतिबद्धता जनाएको छ ।

# पानी चुहिने र जम्ने हलमा प्रशिक्षण, आशा पदकको

## आसन्न एसियाली खेलकुदका लागि उसुको सान्सौं टोली राखेपको सेमीकभर्डहलमा प्रशिक्षणरत, अर्को थाउलु टोली चीनको कुमिङमा



**ध्रुव तुलाधर** (काठमाडौं)

आसन्न २० औं एसियाली खेलकुदका लागि विभिन्न खेलका खेलाडीहरू युद्धस्तरको तयारीमा जुटिरहेका छन् । जापानको आइची/नागोयामा ३ असोजदेखि एसियाड सुरु हुनेछ । नेपालले यसपालि २२ खेलमा १ सय ३६ खेलाडी सहभागी गराउने भएको छ ।

नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले बुधबार विज्ञप्तिमार्फत् आइची/नागोया एसियाडमा नेपालका ८० पुरुष र ५६ महिलाले भाग लिने जानकारी गराएको छ । सन् २०२३ मा चीनको हाङ्चाउमा सम्पन्न १९ औं एसियाडभन्दा झन्डै आधा खेलाडी कम जापान जाँदै छ । कोरोना महामारीका कारण २०२२ मा हुनुपर्ने एसियाड एक वर्षपछि आयोजना भएको थियो । त्यतिबेला नेपालले २९ खेलमा २ सय ५३ खेलाडीलाई प्रतिस्पर्धामा उतारेको थियो ।

नेपालले करातेबाट ऐतिहासिक रजत र महिला कबड्डीबाट कांस्य जितेको थियो । करातेकी एरिका गुरुङले रजत जित्दा महिला कबड्डीले पहिलो सहभागितामै कांस्य जितेर इतिहास रचेको थियो । त्यही उत्साहमा तत्कालीन राखेप सदस्यसचिव टंकलाल घिसिङले जापानमा स्वर्णसहित दोहोरो अंकमा पदक जित्ने लक्ष्य बनाएर 'मिसन २०२६' को सुरुआत गरेका थिए । हाङ्चाउ एसियाडबाट फर्केको केही समयपछि नै पदक सम्भावना बोकेका खेलको विशेष प्रशिक्षण योजना सुरु गराएका थिए । बेला-बेला रोकिँदै 'मिसन २०२६' को प्रशिक्षण योजना चलेको थियो ।

अहिले जापान एसियाड खेल्ने केही खेलका खेलाडीहरू वैदेशिक प्रशिक्षणमा पनि गइसकेका छन् । बाँकी खेलका खेलाडी यहीं 'क्लोज क्याम्प'मा रहेर प्रशिक्षणरत छन् । त्यसमध्ये पदक सम्भावना बोकेको एउटा खेल उसु पनि हो । 'मिसन २०२६' का लागि उसु सुरुआती चरणदेखि नै प्रशिक्षणमा रहेको खेलमा पर्छ । यसका खेलाडी आधा खेलाडी वैदेशिक प्रशिक्षणमा चीनमा छन् भने आधा खेलाडी स्वदेशमै प्रशिक्षण गरिरहेका छन् ।







**त्रिपुरेश्वरस्थित राखेप सेमीकभर्डहलमा उसुको सान्सौंका खेलाडी प्रशिक्षणका क्रममा ।** तस्बिर : ध्रुव/कान्तिपुर

उसुको दुई विधा थाउलु र सान्सौंमा गरी नेपालका ११ खेलाडीले जापान एसियाड खेल्नेछन् । थाउलु टोली दुई साताअघि प्रशिक्षणका लागि चीनको कुमिङ गएको थियो । युनान विश्वविद्यालयमा प्रशिक्षणरत छन् । नेपालस्थित चिनियाँ दूतावासको सहयोगमा युनान विश्वविद्यालयमा नेपाली खेलाडीलाई प्रशिक्षण व्यवस्था मिलाइएको नेपाल उसु महासंघका महासचिव नवराज ढुंगानाले जानकारी गराए । त्यहाँ सान्सौंको प्रशिक्षण नभएकाले अरू नेपाली खेलाडीलाई सहभागी गराउन नसकिएको ढुंगानाको तर्क छ । त्यहींको हुझाउ युनिभर्सिटीसँग कुरा भइरहेकाले सान्सौंका खेलाडीलाई पनि प्रशिक्षणमा लैजाने योजना रहेको उनले सुनाए ।

प्रशिक्षणरत सान्सौंका खेलाडी पनि अन्तर्राष्ट्रिय एक्सपोजर र अनुभव पाए एसियाडमा उच्च प्रदर्शन दिन सक्ने बताउँछन् । ६० केजी तौल समूहका मुकेश पण्डितलाई एसियाडमा अहिलेसम्मकै राम्रो प्रदर्शन दिन सक्छु भन्ने विश्वास छ । त्रिपुरेश्वरस्थित उसु ट्रेनिङ सेन्टरमा प्रशिक्षण गरिरहेका मुकेशले उत्साही हुँदै भने, 'मेरा पहिलो एसियाड सहभागिता हो, यसका लागि मेरो ९ वर्षदेखि प्रतीक्षा थियो । त्यसैले अहिलेसम्मकै राम्रो प्रदर्शन दिन आतुर छु ।' आफ्नो तौल समूहमा १८ औं १९ औं एसियाड खेलेका अनुभवी खेलाडी मंगलप्रसाद थारुलाई छनोट हराएर मुकेशले जापान यात्रा सुनिश्चित गरेका थिए । त्यसले पनि मुकेश मनोबल उच्च छ ।

त्यस्तै मनोबल सान्सौंकी एक मात्र महिला खेलाडी रीता ठकुल्लाको पनि छ । नेपाल पुलिस क्लबकी रीताको पहिलो अन्तर्राष्ट्रिय सहभागिता हो । उनले भनिन्, 'पदक आस छ, तर बाहिर गएर प्रशिक्षण पाएको भए एक्सपोजर हुन्थ्यो, फरक खेलाडीसँग पेयरिङ गर्दा फरक अनुभव पाइन्थ्यो । त्यसले म्याचमा राम्रो प्रदर्शन दिन सकिन्थ्यो ।'

सान्सौंका ५ खेलाडीलाई बिहान र अपरान्ह २-२ घन्टा प्रशिक्षक तुल्सीनन्द वज्राचार्य र चोकबहादुर थापाले प्रशिक्षण दिइरहेका छन् । प्रशिक्षक वज्राचार्यका अनुसार अभावका बावजुद खेलाडीले सक्दो मिहिनेत गरिहेको बताउँछन् । उनले ट्रेनिङ गराउने हल देखाउँदै भने, 'यस्तो ठाउँमा प्रशिक्षण गराएर हामी पदकको ठूलो अपेक्षा गर्छौं । जहाँ एउटा गतिलो म्याट छैन, ठूलो पानी पर्‍यो भने प्रशिक्षण गराउन सकिँदैन । पानीले हल भरिन्छ, जस्ताको छानाबाट पानी चुहिन्छ । साँच्चै भन्नुपर्दा अस्तव्यस्त छ ।'

राखेप मुख्य कभर्डहलको दायाँतर्फ रहेको सेमी कभर्डहललाई अहिले उसुको प्रशिक्षण हल बनाइएको छ । प्रशिक्षकले भने जस्तै अस्तव्यस्त देख्न सकिन्छ हल । महासंघका महासचिव ढुंगाना पनि प्रशिक्षकको भनाइसँग सहमत छन् । उनले भने, 'परिषद्सँग हामी छाना टाल्न, चारैतिर पानी नछिर्ने गरी वाल लगाउन अनुरोध गरिरहेका छौं, म्याट फेर्न भनिरहेका छौं तर हाम्रो माग सम्बोधन भएको छैन । म्याटकै ३० लाखभन्दा बढी पर्छ, संघले गर्छु भन्दा पनि सक्ने अवस्था छैन ।'

कमजोर पूर्वाधारमा प्रशिक्षण गरेर गएका आफ्ना खेलाडीले सुविधासम्पन्न पूर्वाधार उपयोग गरेर आएकासँग जित पाउनु ठूलो उपलब्धि हुने ठान्छन् प्रशिक्षक वज्राचार्य । उनी परिस्थितिअनुसार आफूहरू सकारात्मक रहेको बताउँछन् । मिसन २०२६ मै रहे पनि जुन सुविधाअनुसार प्रशिक्षण अभियान चल्नुपर्ने त्यो नभएको वज्राचार्यको भनाइ छ ।

सान्सौंका अन्य खेलाडीमा रोहित चुनारा (५६ केजी), अमर सुनार (६५ केजी) र सन्जिव महर्जन रहेका छन् । रोहितसँग भने हाङचाउ एसियाड खेलेको अनुभव छ । किर्गिस्तान खेलाडीसँग पहिलो खेलमा पराजित भए पनि उनको यात्रा टुंगिएको थियो । यसपालि उनको नजर पदकमा छ । रोहित भने, 'अघिल्लो पटकभन्दा उच्च प्रदर्शन गर्दै पदकसम्म पुग्ने लक्ष्य छ ।' अमरसँग भने अन्तर्राष्ट्रिय १३ औं दक्षिण एसियाली खेलकुद खेलेको अनुभव छ भने सन्दीप पहिलो अन्तर्राष्ट्रिय सहभागितामा रहनेछन् । तीन पटकका राष्ट्रिय च्याम्पियन सन्दीपले सुनाए, 'हरेक खेलाडीको अन्तर्राष्ट्रिय मञ्चमा देशका झन्डा फरहाउने सपना हुन्छ, त्यो मेरो पनि छ । त्यसैका लागि मिहिनेत गरिरहेको छु ।'

नेपालले १९९० को एसियाली खेलकुददेखि नै उसुमा सहभागिता जनाउँदै आएको छ । तर उसुले एसियाडमा कुनै पदक जित्न सकेको छैन । यसपालि पदकको आस गरेको मुख्य खेल उसु पनि हो । नेपाली टोली थाउलुतर्फ विश्वकपमा पदक जितेका खेलाडी छन् । जापानमै २०२४ मा भएका तेस्रो थाउलु विश्वकपमा विजय सिंजालीले कांस्य पदक जितेका थिए । व्यक्तिगतमा उसुमा नेपालले जितेको ठूलो पदक हो । विजय तेस्रो एसियाड खेल्ने क्रममा छन् । १८ औं र १९ औं एसियाड खेलेका विजय दक्षिण एसियाली खेलकुदका स्वर्ण विजेका खेलाडी हुन् ।

उनीसँगै सुस्मिता तामाङ पनि तेस्रो एसियाड खेल्दै छिन् । उनले इन्डोनेसिया र हाङ्चाउमा उत्कृष्ट प्रदर्शन दिएकी थिइन् । विजय र सुम्मिताबाहेक थाउलुका अन्य खेलाडीमा दीपक हमाल, हरिप्रसाद गोले, राजीव तामाङ र सविता राई रहेका छन् । दीपक र सविताले पनि हाङ्चाउ एसियाड खेलेका थिए । युनान युनिभर्सिटीमा प्राप्त एक महिनाभन्दा बढीको विशेष प्रशिक्षणले उनीहरूलाई थप दक्ष पार्नेमा उसुका महासचिव ढुंगाना विश्वस्त छन् । उनी दाबीसाथ भन्छन्, 'यसपालि उसुले एसियाडमा पदक ल्याउँछ ।' तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय मान्यताका दुई उसु संघ अस्तित्वमा रहँदा खेलाडी र प्रशिक्षकले बारम्बर झेल्नुपरेको तनावले उनीहरूको मनोबल कस्तो छ भन्ने एसियाड एरिनामा देखिने छ ।

### एसियाडमा नेपालले २२ खेलमा १ सय ३६ खेलाडी पठाउने




जापानको आइची/नागोयामा हुने २० औं एसियाली खेलकुदमा नेपालले २२ खेलमा १ सय ३६ खेलाडीलाई सहभागिता गराउने भएको छ । ८० पुरुष र ५६ महिला खेलाडी सहभागी हुने राष्ट्रिय खेलकुद परिषदन्तर्गत खेलकुद विकास विभागका प्रमुख सरोजकुमार पोखरेलले जनाएका छन् । प्रशिक्षक संख्या ३२ रहेको छ । नेपालबाट आर्चरीमा १-१ पुरुष/महिला, एथलेटिक्समा ४ पुरुष र २ महिला, ब्याडमिन्टनमा २-२ पुरुष/महिला, बक्सिङमा ४ पुरुष र ३ महिला, क्यानोइङ स्लालममा २ पुरुष, पुरुष क्रिकेट १५, साइक्लिङमा १-१ पुरुष/महिला तथा डान्स एन्ड स्पोर्ट्समा १ पुरुष खेलाडी छन् । त्यस्तै गल्फमा ३ पुरुष र १ महिला, जुडोमा ३-३ पुरुष/महिला, कबड्डीमा १२-१२ पुरुष/महिला, करातेमा ३ पुरुष र ५ महिला, स्केटबोर्डमा २ पुरुष, सफ्ट टेनिसमा ३ पुरुष र १ महिला, स्क्वासमा १-१ पुरुष/महिला, पौडीमा ३ पुरुष र २ महिला, टेबलटेनिसमा ३-३ पुरुष/महिला, तेक्वान्दोमा २ पुरुष, टेनिसमा ३ पुरुष र २ महिला, महिला भलिबलमा १२, कुस्तीमा ४ पुरुष र २ महिला तथा उसुमा ८ पुरुष र ३ महिला खेलाडीले भाग लिने छन् ।

# दबाबबीच आकस्मिक भेट बढाउँदै इन्फान्टिनो



राबट (एएफपी)- अध्यक्ष जियानी इन्फान्टिनोले फिफाका निर्देशकहरूसँग मोरक्कोमा आकस्मिक भेट गर्ने भएका छन् । विश्वकपसँगै आफ्ना प्रमुख प्रतियोगिताको सेयर बिक्री गर्ने विवादास्पद योजना असफल भएपछि इन्फान्टिनो आलोचनाको घेराभित्र परेका छन् ।

उनले यो विवादास्पद योजना शनिबार फिर्ता लिए पनि इन्फान्टिनोलाई अध्यक्षबाट राजीनामा दिन दबाब पर्दै आएको छ । फिफाभित्रै उनीमाथि दबाब बढ्दै गएको छ । विवादास्पद योजना असफल भएपछि इन्फान्टिनोलाई दिँदै आएको समर्थन वेल्ससहित फिनल्यान्ड, स्विडेन र सर्बियाले आधिकाकिर रूपमै फिर्ता लिइसकेको छ ।

इन्फान्टिनोले पूर्व महान् हस्ती फुटबलरबाट समर्थन लिन प्रयास गरेको रिपोर्टहरूमा जनाइएको छ । तर बार्सिलोना र रियल म्याड्रिडका पूर्व सुपर स्टार पोर्चुगलका लुइस फिगोले त्यसमा कुनै वास्ता नगरेको जनाइएको छ । 'फिफाका समस्याहरूका बारेमा म १ हजार शब्द लेख्न सक्छु, तर त्यसको समाधन भनेको तीन शब्दमात्र छन्, इन्फान्टिनो हट्नै पर्छ,' फिगोले बुधबार डेली मेलमा आफ्नो स्तम्भमा लेखेका छन् ।

'विश्वास गर्नुस, मैले मेरो खेल जीवनमा केही ठगहरूसँग भेट गरेको छु, तर मैले पछिल्ला १० दिनमा देखेको कुरा सबैभन्दा तल्लो, सबैभन्दा ठग र स्वार्थपूर्ण व्यवहार हो,' फिगोले उक्त स्तम्भमा अगाडि लेखेका छन्, 'त्यो काम गर्ने मानिस, जो आफ्नो र आफ्ना साथीको फाइदाका लागि यस्ता ठूलो परिवर्तन जबरजस्ती गर्न खोज्ने मानिस खेल अतितको अवशेष मात्र हो र भविष्यमा यसको कुनै भाग हुनु हुँदैन ।'

अघिल्लो दिनमात्र आर्सनलका पूर्व व्यवस्थापक फ्रान्सका आर्सन वेंगरले फिफामा 'इमान्दारिता र पारदर्शिता' खोजिरहेको जनाएका थिए । इन्फान्टिनोको विश्वकपसँगै आफ्ना प्रमुख प्रतियोगिताको सेयर बिक्री गर्ने योजना रोकिएको प्रसङ्गमा उनले भनेका थिए, 'यो रोकिनु जरुरी थियो, किनभने म दृढतापूर्वक विश्वास गर्दछु कि हाम्रो खेललाई प्रतिबद्धता, पारदर्शिता र इमान्दारिताका साथ कार्य गर्ने फिफा स्वतन्त्र हुन आवश्यक छ ।'

मोरक्कोमा हुने भेटमा सहभागी हुने विश्वास गरिएका व्यक्तिमध्ये एक फिफाका महासचिव म्याटियस ग्राफस्टोर्म हुन्, उनले फिफाका कर्मचारीलाई निकै आलोचना गरी पठाइएको आन्तरिक इमेल बिहीबार सार्वजनिक भएको थियो ।

स्विट्जरल्यान्डका ५६ वर्षे इन्फान्टिनो वकिल हुन् । उनले फिफाको अफ्रिका क्षेत्रको कार्यालय राबट नजिकै वार्ता आयोजना गर्न लागेका हुन् । गत साताामात्र मोरक्कोमा ऐतिहासिक पर्व मनाइएको थियो । मोरक्को २०३० को विश्वकपको सहआयोजक पनि हो । मोरक्को फुटबलका प्रमुख फोउजी लेक्जासहित केहीले इन्फान्टिनो नाटकीय पतनतर्फ उन्मुख भइरहे पनि उनलाई समर्थन गर्ने जनाएको छ । मोरक्कोबाहेक उनलाई कुवेत, कतार र लेबनानको समर्थन छ । कतारमा इन्फान्टिनोको घर छ भने लेबनानले फेब्रुअरीमा उनलाई मानार्थ नागरिकता दिएको थियो ।

निर्धारित तालिकाअनुसार राबटमै मार्चमा हुने फिफा कंग्रेसले अध्यक्ष चयन गर्ने कार्यक्रम छ । निजी क्षेत्रलाई विश्वकपको सेयर दिने विवादास्पद योजना ल्याउनु अघि इन्फान्टिनो अर्को चार वर्षका लागि फिफा अध्यक्ष हुने लगभग निश्चितजस्तै थियो । तर त्यसयता उनले आफ्नो समर्थन गुमाउनेक्रम जारी छ । मार्चअघि नै इन्फान्टिनोले आफ्नो पद गुमाउने सम्भावना पनि उत्तिकै छ ।

यसअघि दुई पटक फिफाको अध्यक्षमा उम्मेदवारी दिएका जोर्डन फुटबल संघका अध्यक्ष राजकुमार अली बिन हुसैनले एक सनसनी बयानमा फिफाले ब्ल्याकमेल गरेको आरोप लगाएका थिए । हुसैनलाई मौखिक रूपमा भनिएको थियो, इन्फान्टिनोलाई पुनः निर्वाचित गराउन सहयोग गरेमा उनको फुटबल संघलाई सहयोग गर्ने बाटो फराकिलो हुन सक्नेछ । जोर्डन फुटबल संघले गत वर्षको फिफा अरब कपको फाइनलमा जाने जोर्डनको यात्राका लागि भुक्तानी नगरिएको जनाएको छ ।

जुन-जुलाईमा अमेरिका, क्यानडा र मेक्सिकोले विश्वकप फुटबल आयोजना गरेका थिए, जुन जोर्डनले खेलेको पहिलो विश्वकप पनि थियो । तर आफ्नो राष्ट्रले पहिलो पटक विश्वकप हेर्न भिसा नदिइएको गुनासो पनि जोर्डन फुटबल संघले गरेको छ ।




# जुगेडामा क्रिकेट प्रशिक्षण केन्द्र

धनगढी (कास)- नेपाललाई सन् २०३६ सम्म आईसीसी टी-२० विश्वकपको उपाधि जिताउने दीर्घकालीन लक्ष्यसहित सञ्चालन भइरहेको 'च्याम्पियन्स-३६' अभियानअन्तर्गत धनगढी उपमहानगरपालिका-१२ जुगेडामा क्रिकेट प्रशिक्षण केन्द्र सञ्चालनमा ल्याइएको छ ।

स्थानीय बालबालिका र युवालाई नियमित प्रशिक्षणमार्फत दक्ष खेलाडीका रूपमा विकास गर्ने उद्देश्यले प्रशिक्षण केन्द्र सञ्चालनमा गरिएको हनुमाननगर युवा क्लबले जनाएको छ ।

क्रिकेटप्रति बढ्दो आकर्षणलाई व्यवस्थित प्रशिक्षणसँग जोड्दै तल्लो तहबाटै प्रतिभावान खेलाडी उत्पादन गर्ने लक्ष्यका साथ केन्द्र सञ्चालनमा ल्याइएको हो । यो केन्द्रलाई सुवास शाहीको परिकल्पना तथा नेतृत्वमा सञ्चालित 'च्याम्पियन्स-३६' अभियानसँग आबद्ध गरिएको छ।

अभियानअन्तर्गत यसअघि क्लबलाई क्रिकेट अभ्यासका लागि आवश्यक सामग्री उपलब्ध गराइएको थियो । अब प्रशिक्षणको प्रारम्भिक तीन महिनासम्म नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय प्रतियोगिता खेलिसकेका युवा क्रिकेटर विपिन रावलले प्रशिक्षकको जिम्मेवारी सम्हाल्ने छन् ।

उद्घाटन कार्यक्रममा सुवास शाहीले स्थानीय तहबाट सुरु हुने यस्ता अभियानले नेपाली क्रिकेटको भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुग्ने बताए । सन् २०३६ सम्म नेपाललाई टी-२० विश्वकप विजेता बनाउने लक्ष्य पूरा गर्न विद्यालय, क्लब, समुदाय र खेलकर्मीबीच बलियो सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

उनले धनगढी नेपाली क्रिकेटको उर्वरभूमिका रूपमा स्थापित भइसकेको बताउँदै अभियानअन्तर्गत ऐश्वर्य विद्या निकेतनमा प्रशिक्षण कार्यक्रम सञ्चालन भइसकेको र अब जुगेडामा पनि प्रशिक्षण केन्द्र विस्तार हुनु सकारात्मक उपलब्धि भएको बताए ।

हनुमाननगर युवा क्लबका अध्यक्ष बालकृष्ण अवस्थीले 'च्याम्पियन्स-३६' अभियानबाट प्राप्त सहयोगले स्थानीय स्तरमा क्रिकेट प्रशिक्षणलाई व्यवस्थित बनाउन ठूलो टेवा पुगेको बताए ।

# टर्किए लागे सलाह



इस्तानबुल (एएफपी)- लिभरपुलका पूर्वस्टार मोहम्मद सलाह बुधबार इस्तानबुल आइपुगेका छन् । प्रिमियर लिग क्लब लिभरपुलसँगको सम्झौता सकिएपछि उनी टर्किएको क्लब ट्राब्जोनस्पोरमा आबद्ध हुने प्रक्रिया पूरा गर्न आएका हुन् ।

ट्राब्जोनस्पोरले सामाजिक सञ्जालमा निजी विमानमा क्लबको नीलो र मरुन रंगको घरेलु जर्सी लगाएका ३४ वर्षे इजिप्टेली फरवार्ड सलाहका तस्बिर सार्वजनिक गर्दै उनलाई भित्राउने प्रकृया अगाडि बढाइएको जनाएको छ । टर्किएको उत्तरपूर्वी क्षेत्रको क्लब ट्राब्जोनस्पोरले मंगलबार सलाहसँग सम्झौताका लागि वार्ता सुरु गरेको जनाएको थियो ।

बिहीबार यसको आधिकारिक घोषणा हुनेछ । त्यसमा सलाहले दुई वर्षका लागि सम्झौता गर्ने जनाइएको छ । टर्किस सञ्चारमाध्यमले जनाएअनुसार सलाहले वार्षिक झन्डै २ करोड डलर पारिश्रमिक पाउनेछन् । सलाहले लिभरपुलमा ९ सिजन बिताउँदै क्लबका लागि ९ उपाधि जितेका थिए । सोक्रममा उनले ४ सय ४२ खेलमा २ सय ५७ गोल गरेका थिए । उनी लिभरपुलका सर्वाधिक गोलकर्ता पनि हुन् ।

प्रिमियर लिगमा उनले १ सय ९३ गोल गरेका छन्, त्यसमध्ये १ सय ९१ गोल लिभरपुलका लागि छ । प्रिमियर लिगमा उनी सर्वाधिक गोल गर्ने सूचीमा चौथो स्थानमा छन् । तर गत सिजनमा उनले ७ गोलमात्र गर्न सकेका थिए । इस्तानबुलमा सलाहलाई सयौं समर्थकले भव्य स्वागत गरेका थिए । ट्राब्जोनस्पोरका समर्थक अब्दुल केरिम येर्वानले एएफपीसँग भने, 'म रातको ड्युटी सकेर सिधै यहाँ आएको हुँ । मोहम्मद सलाहका लागि म अर्को रात पनि नसुती बस्न तयार छु ।'

सलाहले बुधबार इस्तानबुलमै स्वास्थ्य परीक्षण (मेडिकल) गराउने छन् र त्यसपछि ट्राब्जोनतर्फ प्रस्थान गर्ने कार्यक्रम छ । ट्राब्जोनस्पोरको सुपर लिग प्रतिद्वन्द्वी बेसिक्टाससँग उनको सरुवा प्रसङ्ग जोडिएको थियो ।

ट्राब्जोनस्पोर गत सिजनको टर्किस लिगमा तेस्रो भएको थियो, जहाँ टोली बेसिक्टासभन्दा ९ अंकले अगाडि थियो । सोही कारण ट्राब्जोनस्पोर युरोपा लिगको प्लेअफ राउन्डमा छनोट भएको थियो । तर ट्राब्जोनस्पोरले त्यो प्लेअफ पार गर्न नसकेमा कन्फ्रेन्स कप खेल्नुपर्नेछ । ट्राब्जोनस्पोरले ६ पटक टर्किस लिगको उपाधि जितेको छ, पछिल्लो पटक यो सफलता २०२२ मा पाएको थियो ।

सलाहले च्याम्पियन्स लिगमा ५० गोल गरेका छन् । सलाहले इजिप्टको राष्ट्रिय टोलीबाट १ सय १९ खेल खेल्दै ६६ गोल गरेका छन् र उनी अफ्रिकन खेलाडीमा सबैभन्दा सफलमध्ये एक हुन् । उनले पछिल्लो पटक विश्वकपमा खेलेका थिए, जहाँ इजिप्टलाई सन् १९३४ पछि पहिलो पटक अन्तिम १६ मा पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेले । तर दुई गोलको अग्रता जोगाउन नसक्दा इजिप्ट अन्ततः उपविजेता बनेको अर्जेन्टिनासँग पीडादायी हार बेहोर्न बाध्य भयो ।

# अन्तरविद्यालय फुटसल आजदेखि

काठमाडौं (कास)- काष्ठमण्डप विद्यालयको आयोजनामा दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिता बिहीबार सुरु हुने भएको छ ।

क्वालिटी काठमाडौं स्कुल (क्यूकेएस) को कार्यक्रम अनुसार हुन लागेको प्रतियोगितामा ३ विधामा प्रतिस्पर्धा हुने काष्ठमण्डपका ईसीए इन्चार्ज सुन्दर बुढाथोकीले जनाएका छन् । जुनियर ब्वाइजमा १५, सिनियर ब्वाइजमा १६ र सिनियर गर्ल्समा १२ टिम सहभागी हुने छन् ।

जुनियर ब्वाइजको समूह 'ए' मा काष्ठमण्डप 'ए', भक्तपुर निस्ट, त्रियोग र संस्कृति तथा समूह 'बी' मा अक्षरा, बीआईएस, युरो, छाउनी र रोजबड छन् । समूह 'सी' मा काठमाडौं युरो, बानियाँटार, काठमाडौं प्रज्ञाकुञ्ज र कान्जिरोवा तथा समूह 'डी' मा काष्ठमण्डप 'बी', मेरिडियन, युरो, हात्तीगौडा र इम्पेरियल वर्ल्ड छन् ।

सिनियर ब्वाइजको समूह 'ए' मा काष्ठमण्डप 'ए', भक्तपुर निस्ट, रोजबड र जोन डेबी तथा समूह 'बी' मा मेरिडियन, युरो, हात्तीगौडा, संस्कृति र दीक्षालय, समूह 'सी' मा युरो, आउनी, बीआईएस, काठमाडौं प्रज्ञाकुञ्ज, काठमाडौं युरो, बानियाँटार तथा समूह 'डी' मा काष्ठमण्डप 'बी', इम्पेरियल वर्ल्ड, जिनियस आईबी र कान्जिरोवा छन् ।

सिनियर गर्ल्सको समूह 'ए' मा काष्ठमण्डप 'ए', त्रियोग र भक्तपुर निस्ट तथा समूह 'बी' मा जोन डेवी, एलआरआई र मेरिडियन छन् । काठमाडौं युरो, बानियाँटार, इम्पेरियल वर्ल्ड र संस्कृति समूह 'सी' तथा काष्ठमण्डप 'बी', युरो, छाउनी र काठमाडौं प्रज्ञा कुञ्ज समूह 'डी' मा छन् । तीनै विधाका सहभागी टिमलाई ४ समूहमा विभाजन गरी लिगकम नकआउट आधारमा खेल खेलाइने छ । आठदिने प्रतियोगिताका खेल मण्डिखाटारस्थित आयोजक काष्ठमण्डपमा हुनेछ ।

कान्तिपुर पब्लिकेसन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : **कैलाश सिरोहिया**, प्रधानसम्पादक : **गोकर्ण अवस्थी**